आइतबार • २० जेठ २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक
nepal.ekantipur.com

गणतन्त्रको १० वर्ष

कर्मकाण्डीय

गणतन्त्रको पहिलो दशकमा नागरिकले शान्ति, संविधान र संघीय राज्यसंरचना प्राप्त गरे पनि नेताहरूको पुरानै ढर्रा, सीमित वर्गकै हालीमुहाली

गणतन्त्र सर्वेक्षण, प्रचण्डसँग अन्तर्वार्तासहित २३ पृष्ठको विशेष सामग्री

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
मजबुत निर्माणको अभिभारा
राईनो फलामे डण्डीको साथमा
GUARANTEE
IS : 1786
NS:191
CM/L 4049454
Fe 500/Fe 500D
RHINO 500D 12
RHINO GUARANTEED DUCTILITY
Fe 500D
नेपालमा पहिलो पटक, नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८४
नेपालमा बनेको
ISO 9001:2008 CERTIFIED COMPANY

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna
Cool
Talc
Active Deo
Mint, Camphor
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा सानो A.C.

मित्र
आइतबार, २० जेठ २०७५ (वर्ष १८, अंक ४२)
NEPAL National Weekly, 3 June 2018 (Vol. 18, No.42)
नेपाल
www.nepal.ekantipur.com

अप्ठेरोमा अन्डरकभर अपरेसन

सन्दर्भ ४०

१५ विशेष

गणतन्त्र : वर्ष १०

- रामवरण यादव
- पुष्पकमल दाहाल 'प्रचण्ड'
- माधवकुमार नेपाल
- कृष्ण सिटौला
- उपेन्द्र यादव
- गगन थापा
- देवेन्द्रराज पाण्डे
- श्रवण मुकारूङ
- भास्कर गौतम

साथमा, गणतन्त्र सर्वेक्षण

४४ अर्थ
चर्को नारा, पुरानै पारा

४८ संवाद

५४ झल्याकझुलुक



५० विश्वकप
विवादको घेरामा रुस

गणतन्त्रको मागसहित कीर्तिपुरको सडकमा धर्ना बसेका आन्दोलनकारी, १२ वैशाख ०६३
आवरण तस्बिर : रवि मानन्धर

तथ्य/टिप्पणी : हरिबहादुर थापा १२
बेवास्ताको नमुना ४२

यस अंकको पृष्ठ १६ को तेस्रो अनुच्छेदमा 'अनि १५ जेठ ०६५ को संविधानसभा पहिलो बैठकले उनलाई गद्दीच्युत गर्‍यो' हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ।
- प्रधान सम्पादक

स्थायी स्तम्भ >>
चिठ्ठी (६), स्मरण (७), सोझै (९), परिहास (१०), पुस्तक समीक्षा (५२), फिल्म (५६), अचानक (५७), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा, जनक नेपाल, माधव बस्नेत
संवाददाता : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल
कपी डेस्क : गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १३ जेठ २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

सत्तासँग सिद्धान्त साटफेर

माओवादको मैझारो

सत्ता प्राप्तिका लागि पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको माओवादी केन्द्रले आफ्नो मार्गदर्शक सिद्धान्तबाट माओवाद हटाइदिनु नेपालको कम्युनिस्ट आन्दोलनका लागि धोका हो *(माओवादको मैझारो, १३ जेठ)*। फागुन ०५१ मा एकता केन्द्रबाट विभाजित समूहमध्येका प्रचण्डले आफ्नो पार्टीको नाम नेकपा माओवादी राखेका थिए।

तर, आफूले विगतमा संसद्वादी बुर्जुवा पार्टी आरोपित गर्दै आएको एमालेसँग एकीकरणसँगै प्रचण्ड मार्क्सवाद-लेनिनवाद मात्रै स्वीकार गर्न तयार भए। ४४ वर्षपछि अन्ततः माओवादलाई औपचारिक रूपमै तिलान्जली दिए।

त्यसो त सिद्धान्त परित्याग गरेको सीधै घोषणा गर्दा अनेकन लान्छना लाग्ने भएकाले एकीकृत पार्टीको महाधिवेशन नहुँदासम्म माओवादलाई बहसमा लैजाने 'देखावटी' समझदारी भएको छ। प्रचण्डले माओवादका नाममा चलाएको सशस्त्र युद्धमा हजारौं नेपालीले अनाहकमा मृत्युवरण गर्नुपर्‍यो, अर्बौं रुपियाँको भौतिक सम्पत्ति नष्ट भए। माओवादी युद्धकै कारण विकास निर्माणमा मुलुक दशकौं पछि पर्नुपर्‍यो। माओवादीले 'जनयुद्ध'का नाममा चलाएको क्रान्तिको औचित्य सकिएकै हो त ?

● **विशाल रिजाल**
श्रीअन्तु, इलाम

असली परीक्षा बजेटमा

केपी ओली सरकारले ५ वर्षभित्र दुई अंकको आर्थिक वृद्धि र प्रत्येक नेपालीको प्रतिव्यक्ति आय दोब्बर बनाउने प्रतिबद्धतासहितको नीति तथा कार्यक्रम ल्याएको छ *(अर्थमन्त्रीज्यू, कस्तो बजेट ल्याउने ?, १३ जेठ)*। संघीय गणतान्त्रिक संविधान अन्तर्गत निर्वाचित सरकारको पहिलो बजेट हुनुको नाताले दूरदराजदेखि सहर-बजार, पिछडिएको क्षेत्र र वर्गका जनता मध्य जेठमा प्रस्तुत गर्ने बजेट कस्तो आउला भनी प्रतीक्षा गरिरहेका छन्। वाम गठबन्धनले चुनावताका 'समृद्ध नेपाल, सुखी नेपाली' नारासहितको चुनावी घोषणापत्र कार्यान्वयन हुने खाले बजेट ल्याउनैपर्छ।

सरकारले नै नीति तथा कार्यक्रममा महत्त्वाकांक्षी कुरा र आकर्षक नारा प्रस्तुत गरेकाले आशा बढ्न गएको छ। विगतमा घोषणापत्रप्रति कुनै दल वफादार नरहेकाले ओली सरकारले ल्याउने बजेट कार्यान्वयन वाम घोषणापत्र अनुरूप होला-नहोला ? अहिल्यै हतारो गरिहाल्नु अर्घेलो हुनेछ।

वाम सरकारले जथाभावी र राजनीतिक लोकरिझ्याइँका बजेट ल्याएमा कार्यान्वयनमा चुनौती थपिने निश्चित छ। आउँदो बजेट गाउँमै रोजगारी र आर्थिक अवसर सिर्जना गर्ने खाले हुनुपर्छ। अहिले ढुकुटी रित्तो छ भनिएका बेला संघीय बजेटले दुरुपयोगलाई समर्थन मिल्ने कुनै पनि कार्यक्रम राख्नुहुँदैन।

● **उत्तम पाण्डे**
शंखमूल, काठमाडौं

अब अरू सिन्डिकेटको पालो ?

सरकारले सार्वजनिक यातायातमार्फत पहिलोपटक सिन्डिकेट हटाउन सुरुआत गरेकामा खुसी लाग्यो *(सिन्डिकेटबाट उन्मुक्ति !, ६ जेठ)*। यातायात क्षेत्रको सिन्डीकेट कायम हुनुपर्ने माग राख्दै नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले २१ जेठमा आफ्ना सवारी साधन ग्यारेजमा थन्क्याएर विरोधमा उत्रिए पनि सरकारको कडाइका कारण सफल भएन। यातायातमा रहेको सिन्डिकेट समाप्तिसँगै सरकारले स्वास्थ्य, शिक्षा, व्यापार जताततै रहेको एकाधिकार हटाउन सके मात्र सर्वसाधारणले राहत पाउने थिए। यातायात सिन्डिकेटजस्तै अन्य क्षेत्रको सिन्डिकेट हटाउन पनि सरकारी निकाय, नागरिक समाजको साथ-समर्थन आवश्यक छ।

● **शिव चौलागाईं**
थानकोट, काठमाडौं

शिव रेग्मी ||

विश्वनाथको टोपी रुँघेर बस्दा

मैले ०२२ मा राष्ट्रिय वाणिज्य बैंकमा अन्तर्वार्ता दिएँ। त्यसबेला कर्मचारी छनोट अन्तर्वार्ताबाटै गरिन्थ्यो। मैले करिब ६-७ जनाको 'सोर्स' लगाएको थिएँ। तीमध्ये एक जना प्रधानमन्त्री सूर्यबहादुर थापा नै थिए। भन्नेले भनिदिएनन् या बैंकका हाकिमले माननेन्, तर मेरो नाम निस्केन।

मैले हरेस खाइनँ। फेरि सोर्सफोर्स लगाएँ र कानुन आयोगमा खरिदारमा नियुक्ति पाएँ। बैंकमा मेरो अन्तर्वार्ता लिनेमध्येका एक विश्वनाथ उपाध्याय नै कानुन आयोगको अध्यक्ष थिए। उनले आजैदेखि काम गर्नू भनेर तोक लगाइदिए र वैतनिक कर्मचारी हुन पुगेँ।

पछि म विश्वनाथ उपाध्यायको पीए भइसकेको भएँ। उनी प्रशासनमा अत्यन्त अनुशासित र कडा मानिन्थे। उनको पीए बस्दा मलाई धेरै पटक आपत् आइलागेको छ। कार्यालय आउँदा र जाँदा लबेदा-सुरुवाल र कोटसँगै टोपी अनिवार्य थियो। उनी कार्यालय प्रवेश गरेपछि टोपी र पर्स मलाई जिम्मा लगाउँथे।

म त्यही पर्सबाट पैसा झिकेर उनलाई कफी खुवाउँथे। रेडियो नेपाल या राष्ट्रिय पञ्चायतको क्यान्टिनबाट कफी मगाउनुपर्थ्यो। बेलुकी ५ बजेतिर आफ्नो कार्यकक्षबाट उठेर बाहिर कतै निस्किने बानी थियो उनको। मलाई चाहिँ आपत पर्थ्यो। पर्स त खल्तीमा राखे पनि हुन्थ्यो। तर, टोपी खल्तीमा राख्दा खुजमजिन्थ्यो। म उनको टोपी हातमा लिएर मूलगेटमा खडा रहन्थेँ। यसरी कुर्दाकुर्दा कहिलेकाहीँ त ६ बज्थ्यो। उनको हातमा पर्स र टोपी राखिदिएपछि बल्ल मुक्त भएर घर फर्किन्थेँ।



त्यसबेला सरकारी गाडीको प्रबन्ध थिएन। कानुन सचिव विनोदप्रसाद धिताल मात्र निजी रसियन जिपमा कार्यालय आउँथे। विश्वनाथ उपाध्याय बागबजारबाट हिँडेरै सिंहदरबारसम्म आउँथे।

उपाध्यायले कार्यालयका सबैलाई तलब खुवाउने जिम्मेवारी पनि मलाई नै सुम्पिएका थिए। त्यसबेला उनको तलब ६ सय रुपियाँ थियो भने मेरो १ सय ५० रुपियाँ। एकपटक मैले सबैलाई तलब खुवाएँ र घर फर्किएँ। घरमा पुगेर पैसा गन्दा त २ सय ५० रुपियाँ पो निस्कियो ! सय रुपियाँ कहाँबाट बढी आयो भनेर धेरै बेर रन्थनिएँ। मैले त उपाध्यायलाई ६ सय दिनुपर्नेमा पाँच सय रुपियाँ मात्र दिएछु।

भोलिपल्ट १० बज्नुअघि नै कार्यालय पुगेँ र गेटमै उभिइरहेँ। उपाध्याय आएपछि नमस्कार गरेँ। उनलाई पछ्याउँदै कार्यकक्षमा पसेँ। र, डराउँदै सय रुपियाँ उनको हातमा राखिदिएर भनेँ, "हिजो भूलवश सय रुपियाँ कम भएछ।"

उनले खासै आपत्ति जनाएनन्। यतिमात्र भने, "भोलाले हिजो मेरो झपार खायो।" भोला नामका पियन दिउँसो कार्यालयमा काम गर्थे र बिहान-बेलुका उनकै घरको भान्सा तयार पार्थे। बेलुकी कोठा फर्किएपछि उनले भोलालाई 'कोटको खल्तीमा पर्स छ, त्यहाँ पैसा निकालेर सामान किनेर ल्याऊ' भनेर असन पठाएछन्। पछि पैसा फिर्ता माग्दा त्यो सय रुपियाँको हिसाब आएनछ।

बिजुली अड्डाको सञ्चालक समितिमा पनि थिए, उपाध्याय। त्यहाँबाट प्राप्त हुने बैठक भत्ता बुझेर घर पुऱ्याइदिने जिम्मा पनि मेरै हुन्थ्यो। एकपटक- उनको मञ्जुरीनामा लिएर बिजुली अड्डाबाट बैठक भत्ता बुझेँ र उनको डेरामा पुगेँ। ढोका बन्द थियो। धेरै पटक ढकढक्याउँदा पनि नखुलेपछि घचेटेर भित्र पसेँ।

उपाध्यायपत्नी सुतिरहेकी रहिछन्। दुइटा स-साना छोरा थिए। 'ममीलाई उठाइदेऊ न बाबु हो' भनेको त दुवै जना खाटमुनि लुके। अब मलाई आपत् पऱ्यो। खाक्कखुक्क गरेपछि बल्ल उनी उठिन्। र, त्यो रकम बुझाएर कार्यालय फर्कें। त्यो जानकारी गराउँदा मतिर पुलुक्क हेरे, बस्। धन्यवाद भन्ने त उनको चलनै थिएन।

पछिल्लो पटक ०४७ को संविधान बनाउँदा भेट भएको थियो, उपाध्यायसँग। त्यसबेला म प्रधानमन्त्री कार्यालयको उपसचिव थिएँ। उनी मेरो कार्यालयमा आइरहन्थे। एकपटक प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग भेटेर निस्किँदा ६ बजिसकेको थियो। उनले सोधे, "घर कसरी जानुहुन्छ ?" मैले भनेँ, "बिस्तारै हिँडेर जान्छु।" उनले भने, "मसँग गाडी हुँदाहुँदै किन हिँडेर जाने ? आउनूस् म पुऱ्याइदिन्छु।"

उनले मलाई आफ्नै छेउको सिटमा बसाएर घर छाडिदिए। मैले चिनेका विश्वनाथ उपाध्याय साह्रै सहृदयी व्यक्ति थिए।

|| प्रस्तुति : **रमण घिमिरे**

विदेशबाट

ट्रकोमामुक्त नेपाल

विश्व स्वास्थ्य संगठनले जारी गरेको विज्ञप्ति अनुसार नेपाल दक्षिण एसियाकै पहिलो ट्रकोमामुक्त राष्ट्र बनेको छ । ट्रकोमा दृष्टिहीनताको एक मुख्य कारण हो । "नेपालका जनता स्वास्थ्यप्रति सचेत हुँदै गएका छन् । उनीहरु जागरूक नभइदिएका भए यो सम्भव हुँदैनथ्यो," विश्व स्वास्थ्य संगठनका लागि दक्षिण एसियाका क्षेत्रीय निर्देशक पुनम खेत्रपाल सिंहले भनिन् ।

सन् २००२ मा नेपाल सरकारले ट्रकोमा उन्मूलन गर्न राष्ट्रिय ट्रकोमा कार्यक्रम सुरूआत गरेको थियो । सन् २००५ सम्म यस रोगबाट पीडितको संख्या ४० प्रतिशत घटेको पाइयो ।

कार्यक्रमले विभिन्न निकायसँग समन्वय गर्दै गाउँ-गाउँमा ट्रकोमाबारे सचेतना जगाउने काम पनि गर्दै आएको छ । ट्रकोमा संक्रमण मुख्यतः बालबालिकामा हुने गरेको छ । यसको मुख्य कारण फोहोर पानी हो । यो रोग लागेका मानिसको नजिक पर्दा सर्ने जोखिम बढेर जान्छ ।

*बिजनेस स्ट्यान्डर्ड*ले लेखेको छ-'संसारमा ४१ देशका करिब १९ करोड मानिस ट्रकोमाको जोखिममा छन् । त्यसमध्ये अधिकांश अफ्रिकी मुलुकका हुन् ।' ♦

सुर-बेसुर

"कसैको बहकाउमा लागेर जानुहुन्न । महिलालाई एनजीओहरूले ३३ प्रतिशत हुनुपर्छ अथवा यति प्रतिशत हुनुपर्छ भन्दिन सक्छन् । दुईवटा केन्द्रीय समिति मिलाउँदा ३३ प्रतिशत नभएको हुन सक्छ । एनजीओलाई ट्याउँट्याउँ बोलिदिए पुग्छ । हामीले काम गर्नुपर्छ ।"

केपी ओली
प्रधानमन्त्री
सेतोपाटी

तस्बिरमा इतिहास

बारपाकको वैभव

विसं २०४१ मा रतनलाल विश्वासले खिचेको गोरखाको बारपाक गाउँ । ०७२ को महाभूकम्पले यस ठाउँलाई तहसनहस बनाएको थियो ।

सोझै



K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

सुन साहुको खोजी

नाम गोरे, काम पहेंले । अर्थात्, सुन तस्करी । नाम र काम भिन्न भएका यी व्यक्तिले तस्करी गरेको सुन धुइँपताल खोज्दासमेत नभेटाएपछि अनुसन्धान समिति हत्तु भइसक्यो । प्रहरीले लाइदिएको कालो मास्क अनुहारबाट आफैं हटाएका गोरेले सुन कहाँ छ भनेर मुख खोलेका छैनन् । बरू, मन्त्रीहरूले सुनका पोका खोले । गोटादुएक तोला हो र ? तोलाका तोला । सुनधारी मन्त्री हेर्दा लाग्छ, कतै गोरेले ल्याएको ३८ क्विन्टल सुन यता त परेन ? राजनीतिक ओतबिना गोरेको मात्रै यत्रो आँट होइन भन्ने त छर्लंगै छ । आगे छर्लंग पार्ने जिम्मा समितिकै ।

■ **लुकुवा बाजे**

माननीय कुर्सीहरू

सरकारले अघिल्लो वर्षको भन्दा उम्दा नीति तथा कार्यक्रम ल्याउँछ, वर्सेनि । आर्थिक वृद्धि, छलाङ, विकास, दस वर्षमा स्वर्ग आदि-इत्यादि । तिनलाई साँच्चै लागू

हाइपर-टेन्सन डेमा एकता

नयाँ पार्टी बनाउने भनेर फुर्ति लगाउँथे, कमरेड प्रचण्ड र ओली । नेकपा नामधारी तेस्रो दल बनाएछन् । त्यस्ता दुइटा पार्टी पसल त चालू नै छन् । यसको असाधारण मौलिकता भनेकै 'अन्डरलाइन' अर्थात् तल्लो धर्को हुनु हो । निर्वाचन आयोगका कार्यकर्ताको अक्कलको जति सराहना गरे पनि पुग्दैन । परिहासको विषयचाहिँ त्यो होइन । नेकपाको जन्मतिथि गजबकै छ, वर्ल्ड हाइपर-टेन्सन डे । भन्नै नयाँ पार्टी घोषणाको साइत मदन-आश्रित स्मृति दिवस मात्रै भनियो ।

आखिर नयाँ पार्टीरूपी जम्बो जेटका पाइलटद्वय प्रचण्ड र ओली कमरेडलाई हाइपर-टेन्सन डे नै छान्नुपर्ने कस्तो बाध्यता आइपर्‍यो ? चेयरम्यानद्वय हाइपर-टेन्सनका बिरामी भएको त जगजाहेरै छ । जनता जान्न चाहन्छन्- हाइपर-टेन्सनमै आएर पार्टी जन्माएको हो कि सुपर-हाइपरटेन्सन थप्ने सुरसार हो ? अन्डरलाइन र हाइपरटेन्सनबीच कस्तो सुसम्बन्ध छ कुन्नि ?

■ **लाल कुमाल**

केन्द्रीय भेडीगोठ

'जति सानो कमिटी त्यति धेरै चुस्त काम, जति ठूलो भुँडी उति धेरै भद्दा' भन्थे पहिले-पहिले कामरेडहरू । समय फेरियो । कामरेडहरू पनि फेरिए । पुँजीवादको जमाना न पर्‍यो । पुँजीवादले जडवत् रूपमा चल्न कहाँ दिन्छ र ! अनेक सूचना ल्याउनेहरूको



लावालस्कर चाहिएको छ अहिले । त्यसैले नेपाल कम्युनिस्ट पार्टी 'अन्डरलाइन' का केन्द्रीय कमिटीको अंक ४४१ पनि खासमा ज्यादै अपुग हो । लेकबेसीमा भेडीगोठ बिरानो हुन लागिसक्यो । अब कम्तीमा सहरमै भए पनि होस्, केन्द्रीय कमिटीमै भए पनि होस्, त्यसको अस्तित्व लोप हुन नदिने कमरेडहरूको आइडियालाई मान्नैपर्छ बा !

■ **गोरे काजी**

हात होइन, दाँत चलाऊ

राष्ट्रपतिले संसद्-सम्बोधनमा 'सम्माननीय सभामुख' र 'अध्यक्ष महोदय'को सट्टा अन्यथा उच्चारण गरेकामा कांग्रेस नेता मिनेन्द्र रिजाललाई असह्य भएछ । लोकतन्त्रको चीरहरण भयो भने के गर्ने ? प्रधानमन्त्री केपी ओलीले उनलाई च्यालेन्ज गरेछन्, '९ गते जिब्रोमा धार लाएर आउनुहोला ।'

कुरो बुझ्दा कमरेड पीएमको बोली चिप्लिएछ । भन्न खोजेका रहेछन्- '१५ गते दाँतमा धार लाएर आउनू !' सम्पूर्ण कमरेडलाई थाहा छ, संसद्मा बजेट-सुटकेस तोडफोड भएपछि अघोषित उर्दी छ- 'सुटकेसमा हात लाउन नपाई !' हात पो लाउन नपाइने हो गाँठे ! दाँतले तानातान गर्न त पक्कै पाइन्छ । प्रतिपक्ष सुतेर पनि कहीं लोकतन्त्र बलियो हुन्छ ? हात नभए पनि कम्तीमा दाँत मजबुत पार्नोस्, माननीय मिनेन्द्र रिजाल !

■ **भर्जिन ब्वाय**

गर्न सके त अमेरिका-जापानजस्ता मुलुकले नेपालको विकास देखेर जिब्रो टोक्ने थिए । त्यसो हुन नसके नीति तथा कार्यक्रम सुनेर कम्तीमा जनता त पेट मिचेर खित्खित् हाँस्छन् । तर, संसद्को हकमा भने नीति तथा कार्यक्रम फेल खायो । यसले माननीय सांसदहरूलाई हँसाउन सकेन । उनीहरूलाई योभन्दा त ओलीजीको उखान नै रमाइला लाग्छन् । त्यति मात्र होइन, नीति तथा कार्यक्रम सुनेर उनीहरू ठाउँको ठाउँ निदाइहाल्न पनि सकेनन्, हाई काढेरै कुर्सीमा बसिरहुं भन्दा पनि सकेनन् । कुर्सीको बोझ बनिरहनुभन्दा उठेर हिँडिदिए । नीति तथा कार्यक्रम भने अभ्यास नपुगेको जोकरजस्तो मञ्चमा नाचिरह्यो । विचरा ! नीला कुर्सी वफादार भएर संसद्को नाटक हेरिरहन विवश भए ।

■ छुल्याहा गुरु

अस्पताल सफा भएछ

बूढो सरकारी अस्पतालमा अहिले ठिटाहरू पसेका छन् । ठिटाहरूको हूलमा छन्, धुर्मुस-सुन्तली । उनीहरू २४ घन्टै वीरमा अड्डा जमाएर बसिरहेका छन् । फोहोरलाई ढिम्किनै दिँदैनन् । सफाइ गरिहाल्छन् । सफाइका शत्रुहरू आउन थालेपछि त्यहाँका सफाइ कर्मचारीहरूले हाइसन्चो मानेका छन् । र, निरन्तर प्रशंसा गरिरहेका छन्, वाह ! धुर्मुस-सुन्तली । क्याबात्, धुर्मुस-सुन्तली । आजीवन यतै आइदेऊ । निःशुल्क जागिर खाइदेऊ । हामी हाजिर गर्छौं । तलब थाप्छौं । अब धुर्मुस-सुन्तलीले सबैतिर यस्तै सफाइ अभियान चलाए र अस्पताल सफा भयो भने विश्व रेकर्ड त कायम नहोला ?

■ अर्जेल काका

झटारो | लक्ष्मण गाम्नागे

मदिरामा प्रतिबन्ध नलगाइयोस् !

हामी नेपाली जातिले परापूर्वकालदेखि खाइपिई आएको हाम्रो पवित्र सोमरसमाथि सरकारले नियन्त्रण गर्ने र बिस्तारै प्रतिबन्ध लगाउने हल्ला बजारमा आइरहेको छ । यस समाचारबाट हामी मदिराका समस्त स्टेक होल्डरहरू चिन्तित एवं आक्रोशित भएका छौँ । दुई-चार जना महिलाले आफ्ना लोग्नेलाई नियन्त्रणमा राख्न नसकेर उजुरी गरेकै आधारमा लहैलहैमा लागेर गृहमन्त्रीले यस्तो राष्ट्रघाती कदम उठाएमा अन्ततः उनकै लागि यो कदम घातक हुन सक्नेछ ।

मदिरा हाम्रो दैनिक जीवनको अभिन्न पेय हो, जीवनदायिनी रस हो । यसले मुलुकको आर्थिक तथा सामाजिक गतिविधिलाई सदा जीवन्त राखेको छ । यसले लाखौँको रोजगारी सिर्जना गरेको छ, करोडौँलाई आनन्द दिएको छ । रक्सी उत्पादक, वितरक, बिक्रेताको रातारात जीवनस्तर उठाउन यसले योगदान गरेको छ । कुलत हटाउन खुलेका कैयौँ संस्था र क्लिनिक यसले सञ्चालन गरेको छ । अस्पतालहरू चलाएको छ । कतिपय जातजातिको धार्मिक, सांस्कृतिक परम्परा धान्ने पवित्र जल बनेको छ । मुखाले स्वास्नी वा लुरे लोग्नेलाई बसमा राख्न यसले मद्दत गरेको छ । दुष्ट हाकिमहरू, सामन्त र साहुहरूसँग मुखमुखै लाग्न, नेतालाई गाली गर्न यही रसले शक्ति प्रदान गरेको छ । मनका कुण्ठा र रिस पोखेर मानव मात्रमा शान्ति तथा आध्यात्मिकताको विकास गर्न यसैले सघाएको छ । अनेक रोग र दुर्घटना निम्त्याएर सरकारलाई जनसंख्या नियन्त्रणमा पनि साथ दिएको छ । मापसे जाँच, भट्टी अनुगमन, दुर्घटना उद्धार इत्यादि काममा सक्रिय राखेर सुरक्षाकर्मीलाई शरीरमा बोसो लाग्नबाट जोगाएको छ । मुलुकभरि हरेक साँझ लाखौँको जनशक्तिलाई भट्टीमा अलमल्याएर सरकारविरुद्ध सडकमा उत्रिन सक्ने खतराबाट बचाएको छ । अन्न-फलफूलको कुन ठूलो कुरा भयो र ? थोत्रा मोजा तथा कुहिएका छालाबाट समेत सोमरस उत्पादन गर्न सक्ने नेपालीको भीषण प्रतिभाको प्रस्फुटन यसैले गराएको छ ।

सरकारले विचार गरोस्, रक्सीमा लगाइने प्रतिबन्धले उत्पन्न हुने सामाजिक असर निकै भयावह हुनेछ । झैँझगडा, होहल्ला, हानाहान, ठोकाठोक, हत्या, बलात्कारका घटना घटेर हाम्रो समाज निष्प्राण हुनेछ । मानिसमा आँट सिद्धिने छ, जोस हराउनेछ । बैठक, सेमिनार, बिहे, ब्रतवन्ध, पास्नी, तिजलगायत हाम्रा चाडपर्व निरस हुनेछन्, कतिपय लोप नै हुनेछन् । भोजभतेर खाइनसक्नुका खल्ला हुनेछन् । अस्पताल तथा क्लिनिक उद्योगमा ह्रास आउनेछ ।

समाचार अनुसार नगरको वडापिच्छे एउटा र गाउँपालिकामा एउटा मात्र मदिरा बिक्री हुने ठाउँ तोकिनेछ । यो जनतालाई लाइनमा उभ्याएर दुःख दिने र व्यापारीलाई सिन्डिकेट दिने षडयन्त्रकारी नीति हो । सबैखाले सिन्डिकेट समाप्त पार्छु भन्ने गृहमन्त्रीले यसरी सिन्डिकेटलाई प्रोत्साहन गर्दा मन्त्रीको नियतमाथि नै शंका उत्पन्न हुनेछ ।

नयाँ नियममा मदिरा किन्नेले तीनपुस्ते लेखाउने प्रणाली लागू गर्न खोजिएको पनि सुनिएको छ । सरकारको काम जनताको अपमान गर्ने होइन । त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा भारतले लागू गरेकै नियम ल्याएर यस्तो राष्ट्रवादी सरकारले लम्पसारवादी भएको पटक्कै सुहाउँदैन । अतः मदिरामाथि नियन्त्रण गर्ने राष्ट्रघाती कानुन बनाउने सोच तुरुन्त त्याग्न हामी गृहमन्त्रीज्यूलाई अनुरोध गर्दछौँ । अन्यथा त्यस्ता कानुनविरुद्ध हामी मदिरा उत्पादक, बिक्रेता, थोक तथा खुद्रा सेवनकर्तालगायत प्रत्यक्ष तथा परोक्ष सम्बन्धित सबै स्टेक होल्डर मिलेर महासंघ गठन गरी संघर्षमा उत्रने चेतावनी दिन चाहन्छौँ । आगे गृहमन्त्रीजीको जो विचार !

हरिबहादुर थापा

गणतान्त्रिक विभूषण : राणा

शासकीय वृत्तका पात्रहरू यसपालिको गणतन्त्र दिवसमा खल्लो अनुभूत गर्नेछन् । पहिलो त, गणतन्त्र दिवस आउनु केही दिनअघि अघिल्लो वर्ष घोषित विभूषण सूचीका अनगिन्ती पात्रहरू मानपदवी, अलंकार, पदकबाट सुशोभित हुन्थे । अनि, गणतन्त्र दिवसका दिन फेरि विभूषित हुनेहरूको लामो सूची सार्वजनिक हुन्थ्यो । अझ मुख्यसचिव, गृहसचिव र प्रभावशाली पात्रहरू दोहोरिँदै एक तहमाथिको विभूषण प्राप्तिको सूचीमा दर्ज हुन्थे । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, शक्तिशाली नेताका छोरा-छोरी र आफन्तहरूले विभूषण पाउने भएपछि समाज तरंगित हुन्थ्यो । साताभर विभूषित पात्रमाथि समाजदेखि सत्तासम्म टीकाटिप्पणी चल्थ्यो । बधाईको लहरदेखि गालीको वर्षाले सामाजिक सन्जाल भरिन्थ्यो । ती दुवै दृश्य- यसपालिको गणतन्त्र दिवसमा मञ्चन हुने छाँटकाँट देखिँदैन । अघिल्लो वर्ष गणतन्त्र दिवसमा विभूषणमा सूचीकृत ४ सय २८ पात्रहरूले एक वर्षपछि पनि सुशोभित हुन पाउने सम्भावना देखिँदैन । ०७३ को गणतन्त्र दिवसमा घोषित पात्रहरू १२ जेठ ०७४ मा विभूषित भएका थिए ।

यसपालि पनि गणतन्त्र दिवसकै आसपास सुशोभन समारोह हुने अनुमान गरिएको थियो । राष्ट्रपति कार्यालय र गृह मन्त्रालय दुवै अलमलमा देखिन्छन् । तिनीहरू कहिले विभूषित हुन्छन् त ? राष्ट्रपति कार्यालयका सचिव विनोद केसीको जवाफ रहयो, 'सुशोभन कहिले गर्ने हो, हामीलाई केही थाहा छैन । गृह मन्त्रालयलाई सोध्नुस् ।' विभूषणको तारतम्य मिलाउने काम गृहको हो । गृहसचिव प्रेमबहादुर राई भन्छन्, 'अनुकूल समयमा सुशोभन हुन्छ ।' अर्थात्, अझै मिति तय हुन सकेको छैन ।

खासमा नयाँ संविधानपछि निर्वाचित बलशाली सरकारले गणतन्त्र दिवसलाई भाउ दिनु उचित ठानेन । त्यही कारण यसपालि 'गणतन्त्र' राष्ट्रिय दिवसभित्र समेत पारिएन । राष्ट्रिय महत्त्वमा १ मेको मजदुर र ३ असोजमा संविधान दिवस मात्र परेका छन् । अब सरकारी कार्यालय खुल्ने प्रकृतिका दिवसभित्र परेका छन्- 'गणतन्त्र, निजामती सेवा, राष्ट्रिय एकता, शहीद, राष्ट्रिय प्रजातन्त्र, जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस ।' उता गृह मन्त्रालयले ०७५ को गणतन्त्र दिवसमा मानपदवी, अलंकार, पदक प्रयोजनका निम्ति प्राथमिकताक्रम अनुरूप सिफारिस गर्न क्षेत्रीय प्रशासनलाई पत्राचार गरेको थियो, १८ चैत ०७४ मा । त्यसपछि धमाधम सिफारिस-पत्रहरू गृह मन्त्रालयमा आए । सरकारले संविधान दिवसमा विभूषण घोषणा गर्ने मनस्थिति बनाएपछि सबै पछि सर्दैछन् । यद्यपि औपचारिक निर्णय भने लिएको छैन ।

हुबहु राणाकालीन शैली

राणाकालको उत्तरार्द्धमा जंगीलाठ बबरशमशेर ठूलो डफ्फासहित बेलायत, फ्रान्स र अमेरिका भ्रमणमा निस्किए, तक्मा आदान-प्रदान गर्न । तक्माकै निम्ति त्यो प्रतिनिधिमण्डलले ६ महिना विदेशमा बितायो, मुलुकको प्रशस्त सम्पत्ति खर्चमा । राणाकालीन सरदार भीमबहादुर पाँडेका अनुसार, 'जहाँ जहाँ नेपाली प्रतिनिधि गए, त्यहाँका राष्ट्राध्यक्षहरूलाई महँगा विभूषण प्रदान गरे । उनीहरूबाट पनि तक्मा ग्रहण गरे- त्यसबेलाको कूटनीतिक सफलताको मापदण्ड नै सकभर धेरै तक्मा संकलन गर्ने भएकाले । बबरशमशेरले तीन देशको उच्च स्तरका तक्मा थपेकामा नेपालमा एकथरी रोलवाला राणाजीको फोक्सो फुली पेट पोल्यो ।' (*त्यसबखतको नेपाल* भाग-४)

जहाँनिया राणा शासन वृत्तमा तक्माले सकसको माहोल सिर्जना गर्थ्यो । श्री ३ महाराजलाई रिझाएर उपल्लो तहको तक्मा प्राप्तिका निम्ति षडयन्त्रका अनेकन तानाबाना बुनिन्थे । त्यस कालमा राणाजीबाहेक दोस्रो दर्जाको गोरखा-दक्षिणबाहु पाउने बडाकाजी रत्नमान मात्र थिए । राणाकालभरि तिनकै परिवारबाहेक पहिलो दर्जाको तक्मा अरूले पाएनन् । उतिबेला तक्माको मर्यादा राख्न राणा शासकहरूले आयातीत सामानमा भन्सार छुटको व्यवस्थासमेत गरेका थिए ।

राणा शासकहरूले आफ्नो कार्यकालमा नयाँ तक्मा सिर्जना गर्न बाँकी छाडेनन् । वीरशमशेरले 'गोरखा दक्षिण बाहु', चन्द्रशमशेरले 'नेपाल-तारा', जुद्धशमशेरले 'त्रि-शक्तिपट्ट' र 'ओजस्वी राजन्य'को सिर्जना गरे भने अलि उदारवादी ठानिएका शासक पदमशमशेरको पालामा 'ॐ रामपट्ट' देखापर्‍यो । राणा भारदारहरू तक्मा प्राप्तिका निम्ति एक-अर्काको डाह, रिस र इर्ष्या मात्र होइन, षडयन्त्र पनि गर्थे, यस्ता अनेकन दृष्टान्त पाँडेले 'त्यसबखत...' भित्र पारेका छन् । रोलवाला राणाजीका हकमा भने दर्जा अनुरूपको तक्मा मिल्थ्यो, जर्नेल-कर्नेलको मान आएझैं ।

राणा शासनपछिको प्रजातान्त्रिक, पञ्चायत, संसदीय कालखण्ड हुँदै लोकतान्त्रिक गणतन्त्रमा पनि हुबहु राणाकालीन प्रवृत्ति यथावत् छ । फरक यति हो, तक्मा घोषणाका दिनहरू बदलिएका छन् । मुलुकमा गणतन्त्र बहाली नहुँदासम्म राजाका जन्मोत्सवका दिन विभूषित सूचीले राजपत्र र गोरखापत्रका पाना भरिएका हुन्थे । पञ्चायतकालभरि राजा महेन्द्र- जन्मदिन २९ जेठ (कहिलेकाहीं ३० जेठ) का दिन विभूषणको सूचना घोषणा हुन्थ्यो । त्यसपछि नारायणहिटी दरबारभित्रै राजा

कै सिको

वीरेन्द्रको वंशनाश नहुँदासम्म लामो समय १४ पुसमा त्यस्ता सूचीले समाज रंगिन्थ्यो । अकस्मात् ०५८ जेठमा ज्ञानेन्द्र राजा भएपछि विभूषण सूची घोषित दिन २३ असारमा पुग्यो । अर्थात्, ज्ञानेन्द्रले आफ्नै जन्मदिन विभूषण घोषणालाई निरन्तरता दिए । गणतन्त्रपछिका चार वर्ष विभूषण सूची नआउँदा मुलुकले आनन्दै मानेको थियो । तर, फेरि ०६७ यता गणतन्त्र दिवस अर्थात्, १५ जेठमा सूची आउँदै थियो । अब बलशाली सरकारको आगमनसँगै त्यो सूची ३ असोजमा पुग्दैछ ।

राणाकालमा थोरैले तक्मा पाउँथे, उपल्ला र आकर्षक तक्मा उनै राणाजीकै शरीरमा सजिन्थे । पञ्चायत र संसदीय कालखण्डभरि त्यो प्रवृत्ति राणाबाट शाह (राजतन्त्र) मा सऱ्यो । विभूषण सूची पल्टाउँदै जाँदा देखियो, सबभन्दा बढी विभूषण पाउनेमा पूर्वराजा ज्ञानेन्द्र पर्दा रहेछन् । जसरी राजा त्रिभुवनले माइला छोरा हिमालयलाई आकर्षक विभूषण दिन्थे । उनका उत्तराधिकारी महेन्द्रले पनि त्यही शैली अपनाउँदै माइला छोरा ज्ञानेन्द्रको हकमा लागू गरेको देखिन्छ । ज्ञानेन्द्रलाई १२ फागुन ०२६ का दिन सुप्रसिद्ध प्रबल दक्षिणबाहुको मानपदवी दिइयो, बिनापर्व या सन्दर्भ । त्यसपछि वीरेन्द्रले पनि माइला भाइ ज्ञानेन्द्रलाई औधि रुचाउँदै विभूषणबाट सजाइरहेका देखिन्छ । आफ्ना बाबु महेन्द्रको मृत्यु भएको तीन महिना नपुग्दै १ वैशाख ०२९ मा राजा वीरेन्द्रले भाइ ज्ञानेन्द्रदेखि बहिनी शोभा राज्यलक्ष्मीसम्मलाई उपल्ला तहका विभूषणबाट सुशोभित गराए । त्यसपछि ज्ञानेन्द्रलाई ०३६ मा नेपाल-तारामा उकाल्दै ०४२, ०५२ हुँदै ०५५ मा ओजस्वीराजन्यसम्म पुऱ्याए ।

> **तक्मा घोषणाका दिन बदलिए । तर, पञ्चायत, संसदीय कालदेखि गणतन्त्रमा पनि राणा प्रवृत्ति यथावत् छ ।**

वीरेन्द्रको पालामा रानी, छोरा-छोरी र भाइ-भारदार, चौतारिया र कट्टर पञ्च समय-समयमा आकर्षक तक्माबाट विभूषित भएको देखिन्छ । पञ्चायतकालभरि अनगिन्ती पटक संशोधित हुनेमा विभूषण ऐन र नियमावली पनि पर्छ । कानुन संशोधन गरी आफ्ना मानिसलाई अनुकूलको विभूषण दिलाइन्थ्यो । पञ्चायतकाल र संसदीय कालखण्डमा सबभन्दा ठूलो महेन्द्रमाला मानिन्थ्यो । वीरेन्द्रको वंशनाशसँगै १३ पुस ०५८ मा महेन्द्रमाला दोस्रोमा झारियो र वीरेन्द्रमालालाई पहिलो बनाइयो । खासमा महेन्द्रमाला र वीरेन्द्रमाला मानपदवी विदेशी राज्यका गद्दीनसीन राजा वा गद्दीनसीन रानीलाई मात्र प्रदान गरिन्थ्यो । राजतन्त्रकालभरि उपल्ला तहमा एघारथरीका मानपदवी पर्थे । ज्ञानेन्द्रले आफू राजा भएपछिको तेस्रो वर्ष ०६० मा ५८० र ०६१ मा ९३६ जनालाई विभूषित गरे । उनले आफ्नी बडामहारानी कोमल, छोरा पारस, बुहारी हिमानीलाई उपल्ला विभूषण पहिऱ्याइदिए । दरबारिया भारदार, शासकीय वृत्तका पुरस्कृत पात्र, शाही शासनका मतियार र अनुदारवादी पञ्चहरूको सूची खोज्नुपऱ्यो भने तिनै विभूषण प्राप्तिकै सूचीहरू केलाए पुग्ने रहेछ । मुलुकमा अनेकन तन्त्र र पात्र बदलिए । तर, प्रवृत्ति बदलिएको देखिँदैन । गणतन्त्रलाई बदनाम गर्ने गरी राणा र राजतन्त्रकालीन शैलीमा आफन्त, नालायक सरकारी सुविधाभोगी, चाकडीदार र शासकीय भजनमण्डलीहरू पुरस्कृत गर्ने विकृतिमा कुनै कमी आएको छैन । जसरी राजतन्त्रकालमा राजाका छोरा-छोरी, भाइ-बुहारी, चाकडीदार विभूषणले सुशोभित गरिन्थ्यो, त्यही दृश्य ०७३ मा देखापऱ्यो । राष्ट्रपतिका छोरी र उपराष्ट्रपतिका छोरा, नेताका छोराहरू विभूषित सूचीमा दर्ज भए । यस्तो सोच परिवर्तन गरिएन भने संविधान दिवसलाई पनि बदनाम तुल्याउने निश्चित छ ।

संसदीय कालखण्डभरि एकाध मात्र राजनीतिक पात्रहरू विभूषण सूचीमा देखापरे । लोकतन्त्रपछि राजनीतिक पात्रहरू पनि विभूषणतिर मोहित हुँदैछन्, अर्थहीन शैलीमा । त्यति मात्र होइन, सक्रिय राजनीतिक जीवनकालभरि मानपदवी-अलंकारप्रति कुनै मोह प्रदर्शन नगरेका विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, गिरिजाप्रसाद कोइराला, मदन भण्डारी, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई, सुशील कोइरालालाई मरणोपरान्त नेपाल रत्न, राष्ट्रगौरव, महाउज्ज्वल कीर्तिमय राष्ट्रदीपजस्ता मानपदवीले विभूषित गरिँदैछ । छातीमा नअटाउने गरी मानपदवीबाट विभूषित सूर्यबहादुर थापालाई मरणोपरान्त ०७१ मा फेरि महाउज्ज्वल कीर्तिमय राष्ट्रदीप थपियो । ०६७ मा गणेशमान सिंहलाई पहिलो र गिरिजाप्रसाद कोइरालालाई दोस्रो तहको मानपदवी दिएपछि पुरानो पारिवारिक झगडासमेत ब्युँतियो । सिंहलाई नेपालरत्न र कोइरालालाई राष्ट्रगौरव प्रदान गर्ने घोषणा भएको थियो । कोइरालापुत्री सुजाताले पिताको अपमान ठान्दै अस्वीकारको घोषणा गरिन् । त्यसपछि ०७१ मा फेरि 'नेपालरत्न'मा सूचीकृत गरी कोइराला परिवारको चित्त बुझाइयो ।

बर्सेनि विभूषणका निम्ति ठूलो परिणाममा राज्यधन प्रयोग हुँदैछ । सुन-हीरामोतीको भाउ बढ्दै गएकाले एउटा नेपालरत्नका निम्ति १५ लाख रुपियाँभन्दा बढी लाग्छ, त्यसैगरी अन्य मानपदवीका निम्ति अथाह सरकारी धन खर्च भइरहेको छ । एकातिर संख्या बढ्ने र अर्कातिर मान-पदवीहरू महँगिँदै राज्यको स्रोत सुकाइरहने खेल जारी छ । पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ 'पाउँदा गर्व गर्न नसकिने तक्मा दिनुको अर्थ नरहने' टिप्पणी गर्छन् । उनी भन्छन्, "त्यस्तो विभूषण, न राज्यले मूल्यवान ठान्छ, न त पाउनेले नै । देख्नेले पनि कुनै आदर गर्दैन । अझ तिनले त मजाले चाकडी गरेछ, त्यसैले पाएछ भन्छन् । यदि विभूषित गर्नुपर्ने गरी कुनै काम गरेको रहेछ, तक्मा दिएपछि राज्यले विशेष सुविधा या पहिचान दिनुपर्दैन ?" विभूषित गरिनुको 'कारण' खुलाउनुपर्छ । तर, कारण खुलाउने प्रचलन बसेको छैन । त्यसकारण कसले, के योग्यता र विशेषताका कारण तक्मा पाए ? राणाकालदेखि गणतन्त्रकालसम्म शासकीय वृत्तका पात्रहरू जवाफदेही हुन चाहेका छैनन् । त्यसो त, श्रेष्ठले पनि तीन पटक तक्मा पाएका छन् । तर, उनी ती तक्मा अर्थहीन ठान्छन् र सुधार हुनुपर्ने धारणा राख्छन् ।

अतः संविधान दिवसका दिन पनि विगतमा झैं उपहास हुने सूची सार्वजनिक गर्नुको कुनै अर्थ छैन । राज्य-धन प्रयोग गरी अनुचित पात्र पोस्नु भनेको भ्रष्टाचार गर्नु बराबर हो । ◆

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार
१ किलो सुन
हरेक महिना
१० तोला सुन
हरेक साता
१ किलो चाँदी
* सर्तहरू लागू हुनेछन् ।
जित्नुहोस्
१ किलो
सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौँका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रू २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

गणतन्त्र

वर्ष १०

- रामवरण यादव
- पुष्पकमल दाहाल 'प्रचण्ड'
- माधवकुमार नेपाल
- कृष्ण सिटौला
- उपेन्द्र यादव
- गगन थापा
- देवेन्द्रराज पाण्डे
- श्रवण मुकारूङ
- भास्कर गौतम

साथमा, गणतन्त्र सर्वेक्षण

गणतान्त्रिक संक्रमणको

बसन्त बस्नेत

कहिलेकाहीँ हामी आँखाअघिल्तिरको घटना विशेषलाई बढ्ता ध्यान दिन्छौँ । र, इतिहासको समग्र पक्षलाई उपेक्षा गर्छौं । हामी खास-खास दृश्य र घटनाहरूलाई टिप्ने हुँदा थाहै नपाई सिंगो व्यवस्थातर्फ फर्केर थुक्ने गल्ती पनि गरिरहेका हुन सक्छौँ । सँगै यो पनि बिर्सिरहेका हुन सक्छौँ- केही समयअघिको त्यो महाउथलपुथलका क्रममा हामीजस्तै अर्को नेपालीले ज्यानको बाजी लगाएको, सबैभन्दा नजिकको मानिस गुमाएको, जायजेथासहित सर्वस्व खोसिएको । विस्मरण घातक हुन्छ ।

१९ जेठ ०५८ । पश्चिम पहाडका डाँडाकाँडाबाट राज्यलाई चुनौती दिँदै जारी माओवादी हिंसा उत्कर्षमा पुग्दै गर्दा यता राजधानीमा शाही संहार मच्चिएको थियो । नारायणहिटी दरबार हत्याकाण्डपछि राजसंस्थाप्रति नेपालीको पवित्र आस्था ढल्दो थियो । राजा वीरेन्द्रको वंशनाशपछि सिंहासनमा पुगेका माइला भाइ ज्ञानेन्द्र शाहको शासकीय महत्त्वाकांक्षाले उनलाई दाजुजस्तो 'टुलुटुलु हेरेर बस्न' दिएन । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र एकसाथ जान सक्दैनन् भन्ने ठहरमा यहाँका जनप्रतिनिधिलाई अरू कुनै अदृश्य शक्तिले नभई उनै अन्तिम राजा ज्ञानेन्द्रले पुऱ्याएका हुन् । ८ जेठ ०५९ को संसद् विघटन । सोही वर्ष १८ असोजको निर्वाचित प्रधानमन्त्री हटाउने कदम । अनि, दुई वर्षपछि १९ माघ ०६१ को तानाशाही । तत्कालीन संविधानको धारा १२७ लाई आफूखुसी व्याख्या गर्दै ज्ञानेन्द्रले गरेका, गराएका यी तीन काण्ड केलाएर हेर्यौँ भने हामी त्यो ठहरमा सहजै पुग्छौँ ।

यिनै पाठ र परिणामले परस्पर लडाइँमा रहेका राजनीतिक दल र विद्रोही माओवादीलाई १२ बुँदे समझदारीको नयाँ बिन्दुमा पुऱ्यायो । त्यसैको जगमा १९ दिन चलेको ०६२/६३ को जनआन्दोलनले राजा ज्ञानेन्द्रलाई निलम्बित गऱ्यो । अनि, १५ जेठ ०७५ को संविधानसभा पहिलो बैठकले उनलाई गद्दीच्यूत गऱ्यो । त्यसयता ज्ञानेन्द्र इतिहासका एक जीवित पात्रका रूपमा नागार्जुन निवासमा बस्न गएका छन् । कहिले धार्मिक आस्था त कहिले भूराजनीतिक टेको समाएर फेरि बौरिने उनको महत्त्वाकांक्षाबारे छिटफुट सूचना चुहिन्छन् । तर, त्यस्तो सम्भावना कुनै पनि हालतमा देखिन्न ।

वस्तुतः दरबार हत्याकाण्ड नै नेपालमा राजतन्त्र अन्त्य र गणतन्त्रको सूत्रपात गराउने पानीढलो बन्न पुगेको थियो । पछिका घटनाक्रम त गणतन्त्रका उत्प्रेरक मात्रै हुन् । षड्यन्त्र उद्यमीहरूले यो एक दशकमा १२ बुँदे समझदारीयताको सिंगो राजनीतिक प्रक्रियालाई नै अवैधानिक ठहऱ्याउने निरन्तर प्रयास गरे । यहाँभित्र वस्तुगत धरातल निर्माण नहुँदो हो त गणतन्त्र यति छिटो आइहाल्ने थिएन भन्ने सत्य स्वीकार्न तिनलाई अझै केही समय लाग्ने देखिन्छ । राजतन्त्र आफ्नै अनेकन् असावधानी, मूर्खता र गैरजिम्मेवारीका कारण १० वर्षअघि बिदा भयो । अब त्यो अध्ययन र विश्लेषणका लागि ऐतिहासिक सन्दर्भ-सामग्री मात्रै हो । तर, यही नै नेपालको एक मात्र यथार्थ थियो भन्ने बुझाइका आधारमा कोही विगतमा बाँच्ने प्रयास गर्छ भने त्यसले उसलाई दुःखी मात्रै बनाउनेछ ।

ज्ञानेन्द्र त इतिहासको नेपथ्यमा थकाइ मार्न गए । मञ्चमा बाँकी रहे- राजनीतिक दलहरू अनि विद्रोही माओवादी । हामीलाई

तस्बिर : भास्कर ओझा

साक्षी

थाहा छ, संसद्का दलहरूले गणतन्त्र हुँदै राज्य पुनःसंरचनाका लागि संविधानसभामा जाने निर्णय लिएका थिए । माओवादीले हिंसा छाडेर बहुदलीय प्रतिस्पर्धामा आउने, लोकतान्त्रिक प्रणाली स्वीकार्ने निर्णय गरेको थियो । नेपाली इतिहासको गणतान्त्रिक संक्रमण भएको यो साता एक दशक पुग्दै छ । त्यसैले अब अपजसजति सबै शाहवंशको थाप्लोमा थोपरेर पन्छने सुविधा बाँकी छैन । २ सय ५० वर्षको शाही इतिहास पक्कै विमर्शको विषय हो । तर, आधुनिक नेपालका राजनीतिक शक्तिहरूको १० वर्षलाई आवधिक समीक्षा पनि गर्नैपर्ने भएको छ । यस्तो वस्तुनिष्ठ समीक्षा, जसले हाम्रो समाजलाई निरन्तर अगाडि बढ्ने ऊर्जा देओस् । गल्तीहरू सच्याउने भाव पैदा गरोस् ।

माओवादी युद्धकालका केही थाती मुद्दा छाड्ने हो भने शान्ति प्रक्रिया करिब टुंगोमा पुग्यो । राज्य र विद्रोहीका दुईथरि सरकार, दुइटा कानुन र दुईथरि सेनाबाट शासित हुन बाध्य जनताले संविधानसभामार्फत आफ्नो सर्वोच्चता फिर्ता गरे । माओवादी सेना र हतियारको समायोजन, व्यवस्थापन सोचेभन्दा सहज ढंगले हुनु अरू देशका लागि पनि अनुकरणीय पाठ हो । बिनासंविधान संविधानसभा अवसान भए पनि दोस्रो चुनावले संघीय संविधान दिलायो । यसैबीच क्षेत्रीय शक्तिका रूपमा मधेसले आफूलाई स्थापित गरायो, जसका पछाडि नागरिकका जायज असन्तुष्टिदेखि भूराजनीतिक खेलकुद समेत कारक छन् । कालान्तरमा संविधान जारी गर्ने क्रममा भूराजनीतिक दबाब सकार्न नमान्दा नेपालले अमानवीय नाकाबन्दी बेहोर्नुपर्‍यो । त्यसलाई झेल्दै संविधान कार्यान्वयन गर्ने क्रममा पोहोर एकै वर्ष तीन चुनाव भए । ताजा जनादेश पाएको वाम गठबन्धनमा तत्कालीन विद्रोही माओवादी समाहित भएर एउटै कम्युनिस्ट पार्टी निर्माण भएको छ । राजनीतिक स्थिरता र आर्थिक समृद्धिको संकल्पका कारण देशले अब नयाँ गन्तव्य समाउनेछ भन्ने राष्ट्रिय आशा जागृत भएको छ । १० वर्षका ठूला उपलब्धि हुन् यी ।

उज्यालो पाटो मात्रै छैन । नागरिककै छोराछोरी राज्यको सर्वोच्च निकायमा पुग्ने व्यवस्था आए पनि राजाहरूको सिको गर्न तिनले नछाडेको अद्यापि गुनासो छ । *नेपाल*ले यसपटक गरेको गणतन्त्र सर्वेक्षणका क्रममा यो भावना प्रस्टै व्यक्त भएको छ । राष्ट्रिय अर्थतन्त्रमा आशालाग्दा संकेत देखिएका छन् । तर, राजनीतिक नेतृत्व त्यसलाई अगाडि बढाउन अझै प्रतिबद्ध भई नसकेका आरोप छन् । अनि, भर्खरै बनेको सरकारलाई छाड्ने हो भने गणतन्त्रका १० वर्ष पनि सत्ता छिनाझपटीमै बिते । हरेक वर्ष नेपालीले नयाँ-नयाँ प्रधानमन्त्री पाउने क्रम यी वर्षहरूमा घटेन । अनि, छिमेकी इसारामा सत्तापलट चलिरह्यो । संसद्ले चिन्दै नचिनेका व्यक्तिलाई कार्यकारी प्रधानमन्त्रीको कुर्सीमा देख्नुपर्ने विडम्बना आइलाग्यो । त्यसपछि गलत पात्र र प्रवृत्तिहरूले सरकार, न्यायालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक संस्थाहरूमा एकपछि अर्को ठाउँ पाउँदै गए । अर्कातिर जनप्रतिनिधि भनिनेहरूले सीमित स्वार्थ-समूहको चंगुलमा परेर अनुचित राजनीतिक निर्णय र नियुक्तिहरू गर्दै गए । यी परिघटना संविधान र लोकतान्त्रिक मूल्य-मान्यताका खिलाफमा त थिए नै, गणतन्त्रको सार्वभौम मान्यतालाई पनि चुनौती दिने गरी भए ।

यिनै उज्याला-अँध्यारा परिदृश्य देखे-भोगेर हामीले संघीय लोकतान्त्रिक गणतन्त्रको १० वर्ष यात्रा तय गरेका छौँ । कामना गरौँ, नयाँ राजनीतिक व्यवस्था परिपक्व बन्दै जाओस् । जनता सुखी बनून् ।

इतिहासको तथ्यपरक सम्झना, वर्तमानको वस्तुनिष्ठ विवेचनाले नै सुदूर भविष्यको आधार तयार गर्छन् । *नेपाल*को यो विशेष अंक भर्खरै हामीमाझ बितेर गएको समयको साक्षी हो । यो विशेष अंक *नेपाल*मा लोकतान्त्रिक गणतन्त्रको बीजारोपण, त्यसयताका १० वर्षको एक झलक हो । यो विशेष अंक अगाडिको भविष्यतिर नियाल्ने जमर्को पनि हो । ◆

गणतन्त्रको महायात्रा

गगन थापा

राजतन्त्र र कांग्रेस : लामो समयसम्म संवैधानिक राजतन्त्र नेपाली कांग्रेसको विधानमा उल्लिखित थियो । 'राष्ट्रियता, प्रजातन्त्र, समाजवादको आदर्श एवं सिद्धान्त अनुरूप बहुदलीय, संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रको माध्यमबाट आर्थिक, सामाजिक परिवर्तन गर्ने र एउटा गतिशील न्यायपूर्ण समाज निर्माण गर्ने' पार्टीको उद्देश्य थियो । बहुदलीय, संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रको माध्यमबाट आर्थिक, सामाजिक परिवर्तन गर्न सकिन्छ भन्ने कांग्रेसको त्यतिबेलाको विश्वास थियो । बहुदलीय संसदीय व्यवस्थालाई कांग्रेसले किन माध्यम मान्यो भन्नेमा कुनै अलमल थिएन । किनकि, कांग्रेसले आफ्नो स्थापनादेखि नै यही राजनीतिक व्यवस्थाको परिकल्पना गरेको थियो । तर, संवैधानिक राजतन्त्र किन मान्दै गयो भन्ने सन्दर्भमा भने यसका विविध आयाम भेट्न सकिन्छ । स्थापनाकालमा कांग्रेसले राजाको वैधानिक नायकत्वमा जनउत्तरदायी शासन स्थापना गर्ने भनेको थियो ।

पार्टीको ध्येय प्रस्ट पार्ने क्रममा बीपी कोइरालाले भन्नुभएको छ, 'आफ्नो शासनका निम्ति दुनियाँप्रति शासक जिम्मेवार हुन अर्थात् राजाले जे मनमा आयो, त्यही गर्न नपाऊन् र उनलाई प्रजाको सल्लाहबाट राज्य चलाउन मन लागोस् । उत्तरदायी शासनको मुख्य पक्ष शासनमाथि रैती र दुनियाको इच्छाको आधिपत्य हो ।' ००६ मा कांग्रेसको घोषणापत्रमा राजाबारे भनिएको छ, 'हामी उहाँलाई एक वैधानिक शासकले पाउनुपर्ने जति अधिकार मात्र प्रदान गर्नेछौं जसले गर्दा महाराजाधिराजले पनि अगाडि गएर स्वेच्छाचारी एवं निरंकुश हुन सक्ने बाटो नरहोस् । जनताका प्रतिनिधिद्वारा निर्मित विधान अनुसार उहाँको नाउमा सरकार चल्नेछ । शासनको सम्पूर्ण बागडोर जननिर्वाचित प्रतिनिधिको हातमा हुनेछ ।'

राणा शासनको अन्त्य, प्रजातन्त्रको स्थापना र जनउत्तरदायी शासनमार्फत देश र जनताको प्रगति सम्भव छ भन्ने बुझाइका साथ राणाविरुद्धको लडाइँमा राजाको वैधानिक भूमिकालाई कांग्रेसले स्वीकारेको देखिन्छ । सुरुदेखि नै यो संवैधानिक भूमिकामा राजसंस्था वा राजा रहन्छ भन्ने कुरालाई स्वीकारे पनि कांग्रेसले कहिल्यै पनि राजतन्त्रको अस्तित्वलाई आदर्श वा सिद्धान्तका रूपमा लिएन । माध्यमको रूपमा मात्र लिएको छ, त्यो पनि राजा संविधानभित्र रहन्छन् भन्ने मान्यता र विश्वासका आधारमा । यसलाई कांग्रेसका भिन्न-भिन्न समयका दस्तावेजले पनि पुष्टि गर्छन् । तर, प्रजातन्त्र स्थापनापछि राजाको भूमिका कांग्रेसले सोचेजस्तो हुन सकेन । ००७ को सम्झौतामा उल्लेख भए अनुसार राजा विधानसभाको निर्वाचन गराउन तयार भएनन्, उल्टो आफ्नो शक्ति सञ्चित गर्न लागे । ०१२ मा पारित नेपाली कांग्रेसको समाजवादी घोषणापत्रमा राजाका बारेमा उल्लिखित विषयले नै यसको पुष्टि गर्छ । घोषणापत्रमा भनिएको छ, 'आधुनिक युगमा राजतन्त्रको कल्पना गर्नु नै एउटा गाडिएको मुर्दा निकाल्नुजस्तो लाग्छ । र, सामाजिक न्याय र समतावादी सिद्धान्तको पूरै विपरीत देखिन्छ । तर, पनि हामी मान्छौं । वैधानिक राजतन्त्र महाराजाधिराज र जनताबीचको एउटा सम्झौता हो । त्यसमा जनताको हात माथि रहन्छ ।'

यसरी हेर्दा नेपाली कांग्रेसको त्यसबेलाको 'पोजिसन' नेपालमा जनताका प्रतिनिधिले रोज्ने शासन-व्यवस्था चलाउने हो । तर, संवैधानिक राजसंस्थालाई कायम राख्ने हो भन्ने नै देखिन्छ । यो ऐतिहासिक, सामाजिक, सामरिक कारणले गर्दा पनि आवश्यक छ । नेपालको आन्तरिक एकताका लागि पनि आवश्यक छ भनेर त्यो संस्थाबारे कांग्रेसले धारणा बनाएको पाइन्छ । त्यसैबाट प्रशिक्षित भएर आएका नेताहरूका ठूलो पंक्तिका बीचमा हुर्केकाले पनि हामीहरूले सुरुमा सहजसाथ राजतन्त्रलाई त्यसरी नै लियौं । कांग्रेसको विश्वास थियो, राजा वैधानिक सीमाभित्र रहन्छन् । कम्तीमा राजालाई

प्रजातन्त्रको माया नभए पनि आफ्नो स्वार्थकै लागि भए पनि देशको माया गर्छन् । तर, ०१५ को निर्वाचन र त्यसपछि पनि नेपालको राजतन्त्र कांग्रेसले भनेको वा विश्वास गरेजस्तो वैधानिक सीमाभित्र रहन चाहेन र रहेन ।

०४६ पछि हामी प्रजातान्त्रिक युगमा प्रवेश गर्‍यौं । ०४७ को संविधानले पुनः राजतन्त्रको वैधानिक नायकत्व स्वीकारेको थियो । अब राजनीतिक लडाइँ लड्नुपर्दैन भन्ने हामीलाई लागेको थियो । यसबीच राजा वीरेन्द्रको वंशनाशको घटना भयो । त्यो घटनालाई मानिसले बाहिरबाट जे-जति कुरा भने पनि हृदयमा चाहिँ राजसंस्थाप्रतिको स्वाभाविक मोह थियो, जुन दरबार काण्डसँगै टुट्यो । त्यही बीचमा झन् राजा ज्ञानेन्द्रको ०५९ को कदम र पछि १९ माघको निरंकुश कदमपछाडि त पार्टीको मात्रै होइन, जनताको ठूलो पंक्तिमा के विचार आयो भने हामीले सधैंभरि संवैधानिक राजतन्त्रलाई प्रजातान्त्रिक व्यवस्थासँगै लैजान सकिन्छ भन्ने मान्ने । तर, राजा स्वयंले नमान्ने । अब राजतन्त्रको विकल्प सोच्नुपर्छ ।

राजाको उल्टो कदम : १८ असोज ०५९ को राजाको कदमपछि हामीलगायतका साथीहरूको पंक्ति के निष्कर्षमा पुगियो भने नेपालको राजसंस्थाले प्रजातान्त्रिक सत्ता र राजतन्त्र सँगसँगै जान सक्छ भनेर स्वीकार्नै सकेन । अब बहस गर्नुपर्छ, नेपालको संवैधानिक राजतन्त्र केका लागि ? जस्तै, बेलायत, स्क्यानडेभियन देशहरू, जापानजस्तै के नेपालमा प्रजातान्त्रिक व्यवस्थामा संवैधानिक राजतन्त्र पनि सँगै लैजान सकिन्छ त ? सकिँदैन । किनकि, नेपालको राजतन्त्रमा त्यो चरित्र पटक्कै देखिएन । राजसंस्थालाई संवैधानिक बनाएर राख्ने प्रयत्न नेपालको सन्दर्भमा पटक-पटक असफल भयो । हाम्रो निष्कर्ष थियो, अब पनि हामीले संघर्ष गर्‍यौं तर समझदारीमा गयौं भने पनि फेरि १०-१५ वर्षपछि दुःख दिइहाल्छ । लोकतन्त्रलाई कमजोर बनाएर आफूले शासन गर्ने राजाको महत्त्वाकांक्षा नेपालमा सधैं रहन्छ । जसले कहिल्यै पनि प्रजातन्त्र संस्थागत हुन दिँदैन र अस्थिरतामा खेलिरहन्छ ।

> **०५९ पछि पनि पार्टीका धेरै नेताको सोचाइ संसद् पुनःस्थापना, पुनःस्थापनाबाटै हिजोकै ०४७ को निरन्तरता भन्ने नै थियो । शाही सम्बोधनमा प्रजातन्त्रको अभ्युदय खोज्ने कारुणिक आशावाद दलहरूको एउटा हिस्सा त्यतिबेला पनि नभएको होइन ।**

०५९ पछि पनि पार्टीका धेरै नेताको सोचाइ संसद् पुनःस्थापना, पुनःस्थापनाबाटै हिजोकै ०४७ को निरन्तरता भन्ने नै थियो । शाही सम्बोधनमा प्रजातन्त्रको अभ्युदय खोज्ने कारुणिक आशावाद दलहरूको एउटा हिस्सा त्यतिबेला पनि नभएको होइन ।

हामीहरू राजासँग वारपार गर्न चाहन्थ्यौं । ढुकेर, खोजेर, मागेर र नाचेर प्रजातन्त्रको पुनःप्राप्ति सम्भव छैन भन्नेमा हामी थियौं । अब प्रजातन्त्रकै निम्ति पटक-पटक संघर्ष गर्नु नपरोस्, अन्तिम लडाइँ लड्नुपर्छ भन्नेमा हामी प्रस्ट थियौं । अर्कोतर्फ हामी राज्यको चरित्र बदल्न चाहन्थ्यौं । नेपालको विविधतालाई राज्यको संरचनामा प्रतिविम्बित गर्न चाहन्थ्यौं । त्यसका लागि राज्य-व्यवस्थालाई बदल्नु अनिवार्य थियो । र, बदल्नका निम्ति राजतन्त्र बाधक थियो । त्यसकारण पनि हामीहरू राजासँग संघर्ष गर्न चाहन्थ्यौं ।

नेपालको राजसंस्थाले एउटा पक्षको मात्र प्रतिनिधित्व गर्छ, एउटा जातको, एउटा भाषाको, एउटा संस्कृतिको, एउटा धर्मको । तर, हामी नेपाली समाजको बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक, बहुविविधतालाई समेटेर राज्यको चरित्र बदल्न चाहन्थ्यौं । त्यसैले हामी पार्टीहरूले भनेजस्तो हिजोको व्यवस्था पुनःस्थापना मात्र गरेर हुन्छ भन्नेमा अडिन चाहन्नथ्यौं ।

राजनीतिक रूपमा हामी ०४६ पछिको पुस्ता हौं । हामीले ३० वर्षको संघर्ष देखेको पनि होइन, पढेको मात्रै हो । पाको नेतृत्वसँगको जस्तो हाम्रो पुस्तालाई राजतन्त्रसँग मोह थिएन । सामान्य राजसंस्थासँगको बुझाइ पनि राजा वीरेन्द्रको वंशनासपछि फरक भयो । हाम्रा लागि राजसंस्था भनेको राजा ज्ञानेन्द्र थिए । त्यसैले पुराना नेतालाई जस्तो राजतन्त्रबाट गणतन्त्रमा पुग्न जुन अप्ठेरो थियो, त्यो हामीलाई थिएन । पाको पुस्ताका नेतालाई राजाले दुःख दिएको अवस्थामा पनि त्यो संस्थाप्रति विश्वास थियो । जुन एकैपटक परिवर्तन हुन गाह्रो हुनु स्वाभाविक थियो । हामीलाई भने त्यो थिएन । त्यसकारण पार्टीभित्र र बाहिर पनि एउटा 'पोजिसन' बनायौं ।

यस सन्दर्भमा अर्को पाटो पनि हेरिनुपर्छ । ०४६ को परिवर्तनपछि नेपाली समाजमा थुप्रै घटना भए । बहुदलीय प्रजातन्त्र आयो । हाम्रो अर्थतन्त्र पनि खुला भयो । समाज खुला भयो । धेरै बसाइ-सराइ भयो । धेरै मानिस विद्यालय र महाविद्यालय जाने अवस्था सिर्जना भयो । कृषिबाट मानिस बाहिर निस्किए । राजनीतिक, सामाजिक चेतना बढ्यो । समाजमा यति धेरै उथलपुथल भयो, यति धेरै घटना

तस्बिर : रवि मानन्धर

भए । लामो समयसम्म दबिएका आवाज बाहिर निस्कन थाले । महिलाको सशक्तीकरण भयो । दलित आन्दोलन भयो । सामाजिक आन्दोलन भयो । रेमिट्यान्सले अर्थतन्त्रमा ठूलो बदलाव ल्यायो । अर्कोतिर, माओवादी द्वन्द्वले उब्जाएको हिंसाले समाज निकै तलसम्म हल्लियो । थुप्रै सामाजिक र राजनीतिक आन्दोलन पनि उठे ।

एकातर्फ राजा वीरेन्द्रको वंशनासपछि समाजको ठूलो पंक्ति राजासँग लड्न तयार भयो । जुन कुरा ०४६ मा थिएन । त्यतिबेला मानिस सत्ता-व्यवस्था परिवर्तन गर्ने सोचमा थिए । तर, राजा फाल्ने कुरा गर्न तयार थिएनन् । यसबीचका सामाजिक, राजनीतिक, आर्थिक बदलावले राजतन्त्रको अस्तित्वबारे प्रश्न गर्ने स्थान बनायो । आजको युगमा पनि जन्मिँदै शासन गर्ने हुन्छ ? लोकतन्त्र र राजतन्त्र सँगै जान सम्भव छ ? केही वर्षअगाडि सोच्नसम्म नसक्ने यस्ता प्रश्न उठ्न थाले । यो राजनीतिक नवचेतनाले विद्यार्थीमाझ एउटा जमात तयार भयो । संघर्षका लागि तयार भयो । सुरुमा अकमकाएको, हिचकिचाएजस्तो अवस्थामा रहेको यो जमात शान्तिपूर्ण संघर्षका लागि तयार भयो ।

तस्बिर : भास्कर ओझा

त्यतिबेला सबैभन्दा अगाडि रहने नेता गिरिजाप्रसाद हुनुहुन्थ्यो । नेतृत्वलाई हाम्रो मुद्दामा ल्याउन सजिलो थिएन । उहाँलाई हामीले त्यतिबेला दबाब पनि दियौँ । तर, आज लाग्छ, उहाँ यस्तो खालको नेता हुनुहुन्थ्यो, राजासँग कुनै बेला मेरो वार कि पार लडाइँ हुन्छ भन्ने सोचले एउटा मोर्चा तयार राख्नुभएको थियो । त्यो मोर्चामा आफ्नै पार्टीका मानिस देखिऊन् भन्ने पनि चाहनुहुन्थ्यो । त्यो मोर्चामा लाग्दा हामीलाई उहाँले विरोध गरेजस्तो, अप्ठेरोमा पारेजस्तो गर्नुभयो । तर, त्यो मोर्चामा लागिरहून् भन्ने पनि चाहनुहुन्थ्यो । कुनै कुरा सम्झौतामा टुंगिन लाग्यो, एउटा मोर्चा त्यहाँ लागिरहेको छ । वार कि पार गर्नुपरे पनि परिपक्व पाराले लागिरहेको छ भन्ने हिसाबले हेर्नुभएको थियो ।

राजद्रोहको मुद्दा : हामी विद्यार्थीका तर्फबाट विस्तारै राजसंस्था किन चाहिँदैन भन्ने कुरा बहस गर्न थाल्यौँ । त्यहीबीच राजाको १९ माघको कदम आयो । राजनीतिक दलले 'पूर्ण प्रजातन्त्र'लाई आन्दोलनको नारा बनाए । तर, दलहरूले भन्ने गरेको 'पूर्ण प्रजातन्त्र' अमूर्त, अपूर्ण र अस्पष्ट थियो । आन्दोलनका नारा र नेताले नेपाली समाजका अग्रगामी आकांक्षाको पहिचान गर्न सकेका थिएनन् । त्यसैक्रममा शान्तिपूर्ण आन्दोलनको मोर्चामा कृष्ण पहाडी, देवेन्द्रराज पाण्डेको नागरिक आन्दोलनले त्यसलाई 'ब्रेक' गर्‍यो । नागरिक समाजले १० साउनमा आयोजना गरेको विरोध प्रदर्शनमा राजसंस्थाविरोधी नारा लगाएको आरोपसहित शाही सरकारले मलाई दोस्रो पटक राजद्रोहको मुद्दा लगायो । हामीहरू राजा मान्दैनौँ भनेर अदालतमा जाने माहोल बन्यो । अदालतमा बयान दिने क्रममा मैले त्यतिबेला भनेको थिएँ, 'पूर्ण लोकतन्त्रप्रतिको मेरो सक्रिय निष्ठा राजद्रोह हो भने त्यस्तो 'राजद्रोह' मबाट जीवनपर्यन्त भइरहनेछ । जनताको सम्प्रभुता र सार्वभौमसत्ताका पक्षमा हामी तरुण विद्यार्थीको निरन्तर संघर्ष शाही सरकारलाई राजद्रोहजस्तो लाग्छ भने त्यस्तो 'राजद्रोह'का लागि म मन, वचन र कर्मले समर्पित छु । म चुनौती दिन्छु, आज बन्दुकका बलमा हामीलाई अभियुक्त बनाएर कठघरामा उभ्याउन खोज्नेहरूले छिट्टै आफैं अभियुक्त बनेर इतिहासको कठघरामा उभिनुपर्नेछ । मेरो अनुरोध छ, अब संवाद आवश्यक भए राजालाई छ, दलहरूलाई होइन । राजासँग संवादको औचित्य अब समाप्त भएको छ । दलहरूले अब सबै मोर्चा आन्दोलनका लागि खोलून् । अब फैसला कुनै दरबारमा होइन, सडकबाट होस् । जेल जानुपर्छ, झूटा मुद्दा खेप्नुपर्छ भन्ने थाहा नपाएर म पूर्ण लोकतन्त्रका पक्षमा उभिएको होइन । बरु, ज्यानकै बाजी थापेर भए पनि सदाका लागि तानाशाही समाप्त पार्ने सपथ खाएर राजनीतिमा आएको हुँ ।'

हामीलाई लागेको राजद्रोहको अभियोगसँगै युवा विद्यार्थीले आन्दोलन चर्काए । गणतन्त्रको नाराले सडकमा कब्जा जमायो । दलहरूको आन्दोलनको राप र ताप पनि बढ्दै गयो । यही माहोल बीचमा माओवादीसँग १२ बुँदे समझदारी भयो । सयुंक्त जनआन्दोलका लागि माहोल बन्यो । माओवादी शान्तिपूर्ण लोकतान्त्रिक राजनीतिको बाटोमा आउन सहमत भयो भने कांग्रेस गणतन्त्रको बाटोमा । ११ वैशाखमा ०६२/०६३ को आन्दोलन घोषणा भएपछि गणतन्त्रमा जाने अन्तिम अवस्थामा त्यस बीचमा हामीले फेरि ठूलै दबाब सिर्जना गर्‍यौँ । सुरक्षित ढंगले अवतरण गर्न खोजिएको भनेर राजासँग सम्झौताका कुरा पनि भए । पर्दापछाडि धेरै कुरा भए । तर, जनबलका अगाडि कुनै सम्झौताको केही लागेन ।

गणतन्त्रको एक दशक : गणतन्त्र घोषणाले एक दशक पार गरेको छ । धेरै दबाबपछि राज्यको पुन:संरचना गर्ने अठोटसहित १५ जेठ ०६५ मा गणतन्त्रको यात्रा तय भएको थियो । शान्तिपूर्ण रूपमा राजतन्त्रको वहिर्गमन चानचुने उपलब्धि थिएन । १० वर्षको यात्रामा मूलबाटोमा छौँ । ठीक ट्र्याकमा छौँ । गणतन्त्रलाई संवैधानिक हिसाबले संस्थागत गर्न खोजेका हौँ । शान्ति प्रक्रिया टुंग्याउन खोजेका हौँ । संविधानका आधारमा शासन-व्यवस्था अघि बढाउन खोजेका हौँ । दुई-तीन वर्षमा हुनुपर्ने काम आठ-दस वर्ष लागे पनि हामीले परिवर्तनलाई लिपिबद्ध गरेका छौँ । ठूलो द्वन्द्वलाई सम्बोधन गर्‍यौँ । संविधानलाई मान्दैनौँ भन्ने अवस्थालाई सम्बोधन गरेर हामी यहाँसम्म आएका छौँ । संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेको छ ।

राजतन्त्र हुँदा र गणतन्त्र हुँदा के फरक भयो भन्ने अनुभूति नागरिकले गर्न पाउनुपर्छ । गणतन्त्र भनिसकेपछि नागरिकका लागि राजा नहुँदाको अवस्था र गणतन्त्रमा के फरक भयो भनेर धेरै मानिस प्रश्न गर्छन् । मेरा लागि हिजो पनि ठीक थियो । राजाले बोल्ने भाषा पनि एउटै थियो, मैले बोल्ने भाषा पनि एउटै थियो । राजाको चाडवाड र मेरो चाडवाड, धर्म-संस्कृति एउटै भएको हुँदा

म हिजो 'वेल रिप्रिजेन्टेट' थिएँ। तर, मभन्दा फरक चाड मान्ने मेरो तामाङ, लिम्बू वा मधेसी, थारु साथीलाई सोध्यो भने उसको मधेसी हुने पहिचान, लिम्बू हुने, तामाङ हुने पहिचान, काठमाडौँको नेवार हुने पहिचानचाहिँ हिजो राजा भएका बेलामा थियो ? ऊ आफ्नो पहिचानलाई दबाएर जबर्जस्ती राजाको भाषा मेरै हो, राजाको चाड मेरै हो भनेर दबिएर बसेको थियो। राजा जाने कुरासँग गणतन्त्रले त्यो दबिएको आवाजलाई ठाउँ दियो, जुन ठूलो उपलब्धि हो।

व्यवस्था त संस्थागत गर्‍यौं। तर, अपेक्षित रूपमा परिवर्तनको अनुभूति जनतालाई दिन भने सकेका छैनौं भन्ने छ। यसमा दुइटा कुरा ख्याल गर्नैपर्छ। एउटा गणतन्त्रकै कुरा गर्दा, नेपालमा एउटा संस्था छ है भन्ने कुरा भयो। राजतन्त्रको ठाउँमा गणतन्त्रले बदलेको अवस्था छ। तर, राष्ट्रपतिको संस्थाले मर्यादा र गरिमा कायम राख्न सकिरहेको छ त ? भन्ने सन्दर्भमा नागरिकको हिसाबले भन्ने हो भने त्यो छैन। कतिपय ठाउँमा भद्दा ढंगले हिजोको राजतन्त्रकै नक्कल गर्ने अवस्था आएको छ। हामीले कुर्सीमा व्यक्तिभन्दा पनि चरित्र परिवर्तन गर्न खोजेका हौँ। त्यसतर्फ ध्यान दिनुपर्छ। समाज बदलिए पनि यसको चरित्र अझै बदल्न बाँकी छ। एउटा नागरिकलाई राज्यको चरित्र गणतन्त्र हुनु वा त्यसभन्दा पहिलेको चरित्र एकदमै बदलियो त ? हिजो गणतन्त्र नहुँदै मेरो सम्बन्ध यस्तो थियो। म यति ठाउँमा दबिएको थिएँ। यति ठाउँमा पेलिएको थिएँ। समान व्यवहार हुँदैनथ्यो। तर, अहिले गणतन्त्र भइसकेपछि अहिले यसबाट न्याय भयो त ? यो पनि हेर्नुपर्छ।

> **कतिपय ठाउँमा भद्दा ढंगले हिजोको राजतन्त्रकै नक्कल गर्ने अवस्था आएको छ। हामीले कुर्सीमा व्यक्तिभन्दा पनि चरित्र परिवर्तन गर्न खोजेका हौँ। त्यसतर्फ ध्यान दिनुपर्छ। समाज बदलिए पनि यसको चरित्र अझै बदल्न बाँकी छ।**

एउटा गरिब नेपालीका लागि गणतन्त्र हुनु र नहुनुको तात्विक भिन्नता के भयो ? मुख्य कुरा भनेको जनजीविका हो। गणतन्त्र आउनुभन्दा पहिला पनि छोराछोरी कतार काम गर्न गएका थिए। उनीहरू त्यसैबाट पालिएका छन्। शिक्षा, स्वास्थ्य जस्ताको तस्तै छ। पहिला जस्तो दुःख थियो, अहिले जीवन उस्तै छ भन्ने कुरा तुलना गर्दा मान्छेको जीवनमा परिवर्तन भयो कि भएन, त्यसतर्फ पनि हेरिनुपर्छ। १०-१२ वर्षमा अपेक्षाकृत केही गर्न सकेनौँ। यसरी परिवर्तन हुन नसक्नुमा पनि हाम्रो राजनीतिक संक्रमणकाल एउटा कारण हुन सक्छ। संविधान बनेको छ, निर्वाचन भएको छ। अब हामीले राजनीतिले स्थिरता भएन भन्ने छुट छैन।

एउटा युवाका नाताले म गणतन्त्र नेपाल भनेर लागेँ। एउटा २५-२६ वर्षको युवा त्यो उमेरमा गणतन्त्र ल्याउन पूर्ण प्रतिबद्धताका साथ तत्पर भएँ। ज्यान गए जाला भनेर लागेँ। म जुन समयमा जे मुद्दा बोकेर आन्दोलनमा होमिएँ, आफूलाई धेरै हदसम्म सन्तुष्ट भएको पाउँछु। यो ठूलो उपलब्धि पनि हो। त्यो पाटो ठीक थियो। नेपालमा राजतन्त्र राखेर गर्न खोजेको भए यस्तो राजनीतिक परिस्थिति आउला भन्ने नै थिएन। अबको पाँच-सात वर्षपछि फेरि राजा एक समय लोकतन्त्रको यात्रा अवरुद्ध गर्न आउँथे, आउँथे। हामी फेरि लोकतन्त्रका लागि लड्नैपर्थ्यो। त्यो हिसाबले म खुसी छु। नेपाल सबै जातिको, सबै भाषाको, सबै धर्मको, सबै क्षेत्र र समुदायको बराबर हो भन्ने बनाउन सकियो। तर, गणतन्त्रको संस्था बलियो बनाउने/बन्नेमा अझै चुकेका छौं। यसमा थुप्रै काम गर्नुपर्नेछ। अनि, गणतन्त्रले आमनागरिकमा ठूलो परिवर्तन गरायो भन्ने पार्न सकिरहेका छैनौँ। यसमा पनि एकदमै धेरै काम गर्नुपर्नेछ। अहिले पनि त्यो एउटा एकदमै पीँधको मानिसको अवस्था र उसको काममा फरक छैन। त्यसमा काम गर्नुपर्नेछ। प्रत्येक नागरिकलाई लोकतान्त्रिक गणतन्त्रको अनुभूति दिलाउनुपर्छ।

अबका चुनौती : पछिल्लो समय हामीले विश्व परिघटना हेर्‍यौँ भने धेरैजसो ठाउँमा प्रजातान्त्रिक सत्ता अप्ठेरोमा गएको वा त्यो प्रजातान्त्रिक चरित्र गुमाउँदै गएको पहिलाको जस्तै सेना वा कुनै विद्रोही समूहबाट छैन। निर्वाचित भएर आएको सरकार अनुदार हुँदै गयो। र, त्यसले विस्तारै 'स्पेस' गुमाउँदै गएको अवस्था छ। कतिपयले गणतन्त्र नेपालमा खतरा, अब पुनःउत्थानवादी शक्ति भन्छन्। तर, म नेपालमा त्यस्तो खतरा देख्दिनँ। नेपालमा राजतन्त्र फर्किन सम्भव छैन। यसको कल्पना मात्रै पनि अब समयको बर्बादी हो।

यतिबेला संघीयताको व्यवस्थापन हाम्रो एउटा चुनौती हो। संघीयताको व्यवस्था गर्न चुक्यौँ भने अर्को समस्या हुने देख्छु। यसको मुख्य पक्ष भनेको शासन सञ्चालन गर्नेहरूको क्षमता र चरित्र हो। समाज र राज्यको थप लोकतान्त्रिकीकरण गर्ने, जनमुखी बनाउँदै संस्थालाई थप बलियो बनाउँदै जाने ठाउँमा लोकतन्त्रलाई झन् साँघुरो बनाउँदै जाने, रोक्दै जाने, अधिकारलाई सीमित व्यक्तिमा लैजाँदै जाने कुराले केहीलाई केही समयका लागि ओहो भन्ने बनाउला। तर, त्यसपछि गणतन्त्र र संघीयतालाई अप्ठेरो पार्छ। दोस्रो विषय भनेको, यस बीचमा उत्पन्न हुन सक्ने कुनै पनि जातीय, धार्मिक, क्षेत्रीय सबै अतिवादलाई कसरी व्यवस्थापन गर्छौं भन्नेमा भर पर्छ। तेस्रो, यसको नेतृत्वमा भर पर्छ। नेतृत्वहरू क्रमशः चरम रूपमा अनुदार हुँदै गए, संस्थाहरू कमजोर भए भने लोकतन्त्र कमजोर हुन्छ। तर, यी जुनसुकै अवस्थामा पनि राजाको पुनःस्थापना हुन सक्दैन।

यसका पछाडि धेरै कारण छन्। पहिलो, राजा फ्याँकिएको हाम्रो कारणले मात्र होइन, राजनीतिक कारणले मात्रै पनि होइन। राजा फ्याँकिएको २०-२५ वर्षमा समाजमा विकसित थुप्रै घटनाका कारण पनि हो। त्यसैले अब समाज अघि बढ्छ, पछाडि फर्किंदैन। नेपालमा अहिले जति पनि परिवर्तन भएका छन्। गणतन्त्र आशा गरेजस्तो सफल नभए पनि फेरि राजा आउने सम्भावना छैन।

अन्त्यमा, प्रख्यात चिन्तक पाउलो फ्रेरेको एउटा भनाइ छ, 'सपनाबिना परिवर्तन सम्भव छैन। अनि, आशा र विश्वासबिना सपनाको कुनै अर्थ हुँदैन।' १५ वर्षअघि हामीले जुन सपना देख्यौँ। दशकअगाडि गणतन्त्र नेपालको जुन खुड्किलो तय गर्‍यौँ, आज जनआन्दोलनबाट निर्देशित ती उपलब्धिलाई संविधानसभामार्फत संस्थागत गरेका छौँ। यससँगै सात दशकदेखिको राजनीतिक बहस पूरा भएको छ। अब यही राजनीतिक परिवर्तनको जगमा सम्पन्नताको शिखर चढ्नुपर्छ। दशकअगाडि जनतामा जुन ठोस विश्वास थियो, अब नेपालमा परिवर्तन हुन्छ, एउटा सकारात्मक परिवर्तन- त्यो विश्वासको जगमा जनताले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा परिवर्तनको अनुभूति गर्न पाउनुपर्छ। सपना देख्यौं, परिवर्तन सम्भव भयो। अब समृद्धिको सपनालाई साकार बनाऔँ। ♦

'अब जनवादी गण

तस्विरहरू : रवि मानन्धर

तन्त्रमा जाँदैनौँ

आमस्तिष्कमा **पुष्पकमल दाहाल 'प्रचण्ड'**को विम्ब अलिकति आक्रामक, अलिकति रोमाञ्चकारी, अलिकति भावनात्मक र अलिकति स्वीकारोक्तिमय बन्न जान्छ । यसपल्ट *नेपाल*सँग अन्तरंग कुराकानीका लागि बस्दै गर्दा उनले माथिका कुनै पनि भाव प्रकट गरेनन् । आठ महिना लामो 'नेकपा एकता अभियान' टुंगोपछिको थकानले हो वा झन्डै तीन दशक लामो एकछत्र 'अथोरिटी' को साझेदारी पहिलोपल्ट अर्का अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीसँग गर्नुपरेकाले- थकित देखिए प्रचण्ड । यिनै जोदाहा नेताको संयोजनमा एक दशक लामो हिंसात्मक माओवादी संघर्ष चल्यो । अनि, अढाई शताब्दी लामो शाह राजतन्त्र अन्त्य गर्दै गणतन्त्र नेपाल स्थापनाका कारण खोतल्दै जाँदा उनी केन्द्रबिन्दुमा भेटिन्छन् ।

प्रचण्ड र उनको भूमिगत नेकपा माओवादीले त्यसबेला संघीय लोकतान्त्रिक गणतन्त्रका लागि लडाइँ थालेको थिएन । माओवादीको अभीष्ट यसलाई केवल रणनीतिक मुद्दाका रूपमा उपयोग गरेर त्यसबाट जनवादी गणतन्त्रको अधिनायकी चलाउनु थियो । यसपल्ट *नेपाल*सँग प्रचण्डले यो खुलमखुला स्वीकारे । अब आफ्ना लागि लोकतान्त्रिक गणतन्त्र नै मूल्य-मान्यता भएको दाबी दोहोऱ्याए । साथै, यसै पद्धतिमार्फत समाजवादतिर लाग्ने पनि बताए । प्रचण्डसँग **बसन्त बस्नेत** र **माधव बस्नेत**को कुराकानी :

गणतन्त्रको सबैभन्दा ठूलो उपलब्धि के हो ?

संविधानसभाको पहिलो बैठकबाटै संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गरिएको हो । गणतन्त्रको १० वर्ष अवधिमा सबैभन्दा सकारात्मक र खुसीको कुरा- धेरै अप्ठेरा र चुनौती सामना गरेर संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भयो । अहिले १०औँ वर्षसम्म आइपुग्दा त्यो संविधान अन्तर्गत तीनै तहको निर्वाचन भई केन्द्र र सातमध्ये ६ वटा प्रदेशमा सुविधाजनक बहुमतको सरकार गठन भएको छ । अब नेपाली जनतामा स्थिरता, सुशासन र विकासले गति लेला भन्ने विश्वास जगाएको छ । समग्रमा भन्नुपर्दा गणतन्त्रका यी उपलब्धि ऐतिहासिक हुन् ।

कतिपय भन्छन्, राजा हट्नेबाहेक सबथोक उस्तै छ... !

गएको १० वर्ष संविधानसभाबाट संविधान बनाउने र संविधान कार्यान्वयन गर्ने सबैभन्दा संवेदनशील पक्षमै बित्यो । र, निर्वाचनमार्फत राजनीतिक परिवर्तनलाई संस्थागत गर्नमै बित्यो । यसबीचमा संघीय लोकतान्त्रिक गणतन्त्रले जनताको दैनिक जीवनमा धेरै उत्साह जगाउने काम गरेको देखिएन । अबचाहिँ देशमा स्थिरता र सुशासनले गति लिने स्थिति छ । हामीलाई जनताका आकांक्षा परिपूर्ति गर्नुको विकल्प छैन । बजेटमार्फत पनि जनताका आकांक्षा सम्बोधन गरिनेछन् । यो संविधानमा राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र जनताको सार्वभौमसत्ताबाहेक अपरिवर्तनीय भन्ने कुरा केही पनि राखिएको छैन । सोही अनुरूप यसभन्दा अगाडि नै हामीले एकपटक संविधान संशोधन गरिसकेका छौँ । मधेसकेन्द्रित दलसँग कुरा भइरहेको छ । संविधानलाई जीवित, गतिशील र सबैको भरोसाको दस्तावेज बनाउन आवश्यकता अनुसार संशोधन र परिमार्जन हुँदै जाने भनेका छौँ । यसकारण संविधानमा कोही असन्तुष्ट हुनुपर्ने आवश्यकता छैन ।

तपाईंहरू युद्धकालमा जनवादी गणतन्त्र ल्याउने भन्नुहुन्थ्यो । अहिले कसरी बदलिनुभयो ?

जतिबेला हामीले जनयुद्धको तयारी गर्दै थियौँ त्यतिबेला नेपालमा सामन्तवाद, साम्राज्यवादविरुद्ध नयाँ जनवादी गणतन्त्रकै कुरा अगाडि सारिएको हो । राष्ट्रिय/अन्तर्राष्ट्रिय परिवेशमा आएका परिवर्तनलाई मूल्यांकन गर्दै जाँदा हामी राजनीतिक दलहरूसँग कहीँ न कहीँ समझदारी गर्नुपर्ने, सहमति बनाउनुपर्ने र एउटा राजनीतिक परिवर्तनलाई स्थापित गर्नुपर्ने ठाउँमा पुगेका हौँ । र, त्यही धरातलमा टेकेर राजाको निरंकुशताविरुद्ध सहमत हुने सबै दलसँग मिलेर गणतन्त्रका लागि आन्दोलनको वातावरण बनाउन लाग्यौँ । सबै दलहरू लोकतन्त्रवादी, गणतन्त्रवादी जे-जे भने पनि निरंकुशतन्त्रमा दबिएको स्थिति थियो त्यतिबेला । ऐतिहासिक चुनवाङ बैठकमा एकमतले पारित भएको मैले प्रस्तुत गरेको दस्तावेजकै जगमा रहेर १२ बुँदे समझदारी भयो र संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन सकियो । त्यतिबेला हामीले लोकतान्त्रिक गणतन्त्रलाई पक्कै पनि एउटा राजनीतिक कार्यनीतिका रूपमै लिएका थियौँ । तर, यस्तो कार्यनीति एक-दुई वर्षमा हेरफेर हुने कुरा होइन । अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्र समाजवादतिरको यात्राका निम्ति एउटा अपरिहार्य बाटो हो भन्ने निष्कर्षमा पुगेका छौँ ।

के-कति कारणले जनवादी गणतन्त्रमा पुग्न सकिएन ?

मुख्य कारण भनेकै अन्तर्राष्ट्रिय र राष्ट्रिय शक्ति सन्तुलनमा मजदुर वर्गले पूरै सत्ता जित्न सक्ने परिस्थिति तयार भएन । किनकि, हामीले जुन-जुन आन्दोलनलाई नजिकबाट सहकार्य गरेर अगाडि बढ्ने भनेका थियौँ, ती आन्दोलन नराम्रोसँग पराजित भए । कम्युनिस्ट आन्दोलन अन्तर्राष्ट्रिय परिघटना पनि हो । हामी युद्धमै छँदा पेरुको आन्दोलन करिब-करिब सिद्धियो । श्रीलंकाको राष्ट्रिय मुक्ति आन्दोलन पनि नराम्रोसित

पराजित भयो भने अन्यत्र पनि कम्युनिस्ट आन्दोलनले बाटो समाउन नसक्ने स्थिति रह्यो ।

हाम्रो आन्दोलनका बेला देशभित्र र बाहिर सम्पूर्ण शक्ति एकजुट भएर दमनको तयारी हुन थालेको स्थिति पनि देखापर्‍यो । एकातिर कम्युनिस्ट आन्दोलन कमजोर भयो भने अर्कोतिर संसद्वादी राजनीतिक दलसँग मिलेर ठूलो राजनीतिक परिवर्तन ल्याउने भूमिका खेल्न सक्नु सकारात्मक पाटो पनि देखियो । सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय वर्ग-संघर्ष भन्नुस्, राजनीतिक संघर्ष भन्नुस्, युद्धबाट पूर्ण विजय हासिल गर्ने भन्ने कुरा राष्ट्रका लागि, जनताका लागि र कम्युनिस्ट आन्दोलनका लागि पनि आत्मघाती हुन सक्ने खतराको संकेत देखियो । संघर्षबाट प्राप्त उपलब्धिलाई लिइहालौँ र त्यहाँबाट टेकेर अगाडि जान उचित हुन्छ भन्ने निष्कर्षमा हामी पुग्यौँ ।

संघीय लोकतान्त्रिक गणतन्त्रबाट सीधै समाजवादमा जान सकिन्छ वा त्यसबीचमा नयाँ जनवादी क्रान्तिको छुट्टै अवस्था आउँछ ?

आउँदैन, आउनुपर्दैन भन्ने हो । किनभने, नेपालमा राजतन्त्र अन्त्य हुनु भनेको मूलभूत रूपमा सेनाको राज्यसत्ताको अन्त्य हुनु हो । सामन्तवादमाथि नेपाली जनताको मूलभूत विजय भइसकेको छ । भलै, राष्ट्रिय स्वाधीनताको आन्दोलन चलिराखेको छ, अहिले पनि । अबको हाम्रो गन्तव्य नयाँ जनवाद होइन, अबको जनवाद होइन, समाजवाद नै हो ।

विश्वको राजनीतिक परिस्थिति र विकासको नियम अनुसार पनि अबको हाम्रो यात्रा समाजवादतिरकै हो । यसको पहिलो चरणमा राष्ट्रिय औद्योगिक पुँजीको विकास हुनु जरुरी छ । राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्न हामीले अहिले संघीय लोकतान्त्रिक गणतन्त्र अन्तर्गत समाजवादउन्मुख आर्थिक, राजनीतिक, सामाजिक संरचनाको कुरा गरेका छौँ । यसमा विकास निर्माण र समृद्धिलाई प्राथमिकता दिएका छौँ । अहिलेको २१औँ शताब्दीको संसारमा समाजवादतिर जाने एउटा नयाँ र मौलिक बाटाको विकास नेपालबाट हुँदैछ । र, हामी त्यसमै केन्द्रित छौँ ।

भर्खरै नेकपा गठन गरी तपाईंहरूले जनताको जनवाद ल्याउने कुरा गर्नुभएको छ नि ?

त्यस्तो होइन अहिले । पहिला तत्कालीन नेकपा एमालेले जनताको बहुदलीय जनवाद भन्दै आएको र हामीले २१औँ शताब्दीमा जनवादको कुरा भन्दै आएको परिस्थिति अब फेरिएको छ । दुवै पूर्वपार्टीमा हाम्रो गन्तव्य समाजवाद हो, जनवादचाहिँ होइन भन्नेमा एकरूपता आयो । जनवादलाई बलियो बनाउने अथवा सामन्तवादका अवशेषको अन्त्य गर्ने कुरा बाँकी नै छ । अबको हाम्रो यात्रा समाजवाद हो भन्नेमा चाहिँ कुनै 'कन्फ्युजन' छैन ।

००७ को क्रान्तिपछि मोहनशमशेरलाई राखेर प्रजातान्त्रिक संक्रमण गरेजस्तै तपाईंले ज्ञानेन्द्र वा राजपरिवारको कुनै अर्को सदस्यलाई राखेर अघि जान सकिने सम्भावना औँल्याउनुभएको थियो नि ?

त्यस्तो केही कुरा भएको थिएन । हामीले युद्धका बेला पनि राजाहरूसँग वार्ता गर्ने कुरा गरेका थियौँ । उनीहरूसँग वार्ता गरेर जनतालाई अधिकार सम्पन्न गराउने भनिएको हो । तर, राजतन्त्र रहने गरी होइन । उनीहरू गणतन्त्र स्वीकार्ने ठाउँमा आए भने स-सम्मान नेपालमा बसेर आफ्नो काम गर्ने वातावरण सहज बनाउन दिइने भन्ने हो । तर, कुनै पनि रूपको राजतन्त्र राख्ने भनिएको होइन ।

तपाईंहरू आफ्ना कारणले गणतन्त्र आएको भन्नुहुन्छ । तर, कतिपय जोरजबर्जस्तीले नभई जनताको चेतना विकास हुँदै गएर गणतन्त्रमा आफैँ पुगिन्थ्यो भन्ठान्छन् नि ?

यी तर्क तथ्यमा आधारित छैनन् । सबैका आ-आफ्ना कल्पना-परिकल्पना भए पनि यसले केही अर्थ राख्दैन । कतिपय पुँजीको विकास भएका देशहरू अहिले पनि गणतन्त्रमा पुगेका छैनन्, राजतन्त्रमै छन् । गणतन्त्र आफैँ आउँथ्यो र ज्ञानेन्द्रको मूर्खताले आएको भन्ने तर्क काल्पनिक र नकारात्मक मात्रै हुन् । जनयुद्धले देशमा एउटा नयाँ राजनीतिक माहोल बनाइदियो । राजनीतिक जागरण र चेतना सिर्जना गर्‍यो । त्यही परिस्थितिले ज्ञानेन्द्रलाई मूर्खतातिर धकेलिदियो भने जनयुद्धले अरू दललाई माओवादीसँग मिल्नुपर्ने परिस्थिति सिर्जना गर्‍यो ।

माओवादी नेतृत्वको राजनीतिक पहलकदमीले संविधानसभातिर सिंगै राष्ट्रलाई लैजान सक्ने ठाउँमा पुर्‍यायो । माओवादी जनयुद्धको सचेत प्रयत्न नभएको भए नेपालको जनसमुदायमा उत्पीडित वर्ग भन्नुस्, जाति, क्षेत्र, लिंग सबैमा यत्ति ठूलो राजनीतिक जागरण आउने थिएन । संघीय लोकतान्त्रिक गणतन्त्र पनि सम्भव थिएन । यो ऐतिहासिक तथ्य हो ।



धेरैले केपी ओलीसँग तपाईंको स्वभाव र शैली मिल्दैन, कसरी अगाडि बढ्ला यो पार्टी भनी आशंका गर्छन् नि ?

हो, हिजो ओलीजी र मबीच एकआपसमा विवाद हुन्थ्यो । एकले अर्कालाई एक्सपोज गर्ने पनि हुन्थ्यो । त्यो राजनीतिक घटना क्रम थियो । तर, इतिहास पल्टाउने हो भने माओवादी जहाँबाट आयो त्यसभन्दा पहिला हतियार उठाउने र हिंसाबाटै जानुपर्छ भन्ने केपीजीको नेतृत्व

हो । अथवा, अहिलेको एमालेको नेतृत्वमै हो । ०२८ देखि ०३८ सम्म हिंसात्मक संघर्षकै कुरा गरेको हो, एक दशकसम्म । हामीले त्यतिबेलाका डकुमेन्ट अहिले केपीजीसँग मागेका छौँ । उहाँहरूले हामीलाई लगाउने आरोपचाहिँ दक्षिणपन्थी संशोधनवादी भन्ने हुन्थ्यो । हामीले उहाँलाई लगाउने आरोपचाहिँ उग्रवादी, निम्नपुँजीवादी, आतंककारी क्रियाकलाप भन्ने हुन्थ्यो त्यतिबेला ।

पछि १० वर्षसम्म वैचारिक संघर्ष गर्दागर्दै एकतामा रुपान्तरित भइयो । उहाँहरू दक्षिणपन्थतिर लाग्नुभयो, हामीचाहिँ लेफ्ट र्‍याडिकल, उग्रपन्थी त कसरी भनौं ? अर्को १० वर्षसम्म चलेको बहसको क्लाइमेक्सका रूपमा कमरेड मदन भण्डारीको नेतृत्वमा जनताको बहुदलीय जनवाद भन्नेमा गयो । यतापट्टिको क्लाइमेक्सका रूपमा मेरो नेतृत्वमा जनयुद्ध भन्नेमा गयो । र, फेरि १० वर्ष हामी भिड्यौं । यहाँ आइपुग्दासम्म नयाँ संरचनामा पुग्यौं हामी । गणतन्त्रमा पुग्यौं, संघीयतामा पुग्यौं, धर्मनिरपेक्षतामा पुग्यौं, समावेशिता, समानुपातिक राज्य बनाउनेमा पुग्यौं । अब समाजवादतिरको यात्रा हो भनेपछि विगतका घटनामा पूर्वाग्रह राखिराख्नुपर्ने कुनै कारण बाँकी रहेन । म कुनै लकिरको फकिर होइन, बौद्ध भिक्षु रहेसम्म घन्टी बजाइराख्नुपर्छ भन्ने । मेरो दिमागमा कुनै जडता छैन । परिवर्तनसँगै के गर्दा जनता र राष्ट्रको हित हुन्छ, त्यही कदम चाल्न कहिल्यै पनि डराएको छैन । राष्ट्र र जनतालाई यसो गर्दा कति फाइदा होला भन्ने मलाई लाग्यो भने त्यसलाई ठीक भन्ने बुझ्छु ।

माओवादीको ठूलो योगदान रहेछ । तर, नेकपाका दस्तावेज पढ्दा किन त्यो झल्किएन त ?

अहिलेका डकुमेन्टमा हेर्नुभयो भने तपाईंले प्रस्ट देख्नुहुन्छ, जहाँ इतिहासको मूल्यांकन गरेका छौं । त्यो डकुमेन्टमा प्रस्टैसँग माओवादी जनयुद्धले नेपालका उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग समुदायमा चेतना ल्याउने ऐतिहासिक भूमिका खेल्यो । देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको आधार तयार पार्ने काममा जनयुद्धको मुख्य भूमिका रह्यो भन्ने कुरा प्रस्टसँग लेखिएको छ ।

दस्तावेजमा जे लेखिए पनि नेतृत्व निर्माण गर्दा समानुपातिक समावेशी मान्यताको व्यापक उल्लंघन आफैं गर्नुभयो नि, यसपालि ?

यो कुरा पनि अलि बढी आएको छ । हामीले महिला सहभागिताका लागि अहिलेसम्म राजनीतिमा रहेका पार्टीमध्ये सबैको अनुपात हेर्दा उत्साहपूर्ण अनुपातमा नेतृत्वमा सहभागिता सुनिश्चित गरेका छौं । मधेसी, आदिवासी, जनजातिको दृष्टिले हेरिए पनि नेपालको इतिहासमा अहिलेसम्मका प्रतिनिधित्वको अवस्थाभन्दा हामी धेरै समावेशी र समानुपातिक बनाउने दिशामा अगाडि बढेका छौं । तर, भनेजत्तिकै अझै पूरा भएको छैन । त्यसका लागि राजनीतिक प्रक्रियाबाट जानुपर्ने हुन्छ । तर, अहिले कसैले भन्न सक्छ, नेकपाले अपनाएको समावेशी प्रक्रिया पहिला अरूले गरेका थिए ?

> अब समाजवादतिरको यात्रा हो भनेपछि विगतका घटनामा पूर्वाग्रह राखिराख्नुपर्ने कुनै कारण बाँकी रहेन ।
>
> मेरो दिमागमा कुनै जडता छैन । परिवर्तनसँगै के गर्दा जनता र राष्ट्रको हित हुन्छ, त्यही कदम चाल्न कहिल्यै पनि डराएको छैन ।

गणतन्त्र आए पनि जनताको जीवनमा त अहिले पनि खासै परिवर्तन नआएको आमगुनासो छ नि ?

अब बल्ल परिवर्तनका निम्ति आधार तयार भएको छ । संविधान बनाउन, निर्वाचन गराउन र जनतालाई अधिकारसम्पन्न बनाउने काममा राजनीतिक नेतृत्वको बढी ध्यान गएको हो । त्यसो नभएको भए प्राप्त उपलब्धि पनि गुम्ने खतरा थियो । अब सबै काम सकिएका छन्, जनताको हितमा लाग्ने हो । जसको सेल्टरमा बसेर हामीले हिजो रुखो-सुखो खान्थ्यौं, दुःख-सुख बाँड्थ्यौं । उनीहरू अहिले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उप-प्रधानमन्त्री, सभामुख, मन्त्रीहरूको लाइनमा पर्ने होइनन् । उनीहरूको नालीबेली हेर्दा हुन्छ, डोको बोक्ने, हलो जोत्ने, प्राविका शिक्षक हुने हैसियतका थिए । यो परिवर्तनले उनीहरू देशको सर्वोच्च पदमा आइपुगेका हुन् ।

१२ बुँदे समझदारी विदेशी भूमिमा भएकाले शृंखलाबद्ध वैदेशिक हस्तक्षेप र राजनीतिक चलखेल झनै बढ्यो भन्छन् कतिपय । तपाईंहरूलाई संसदीय पद्धतिमा ल्याउन यसो गरिएको भन्ने पनि छन् नि ?

यसमा पनि विभिन्न मत छन् । पहिलो कुरा, परिवर्तन नरुचाउने । मैले अघि भनेजस्तो हलो जोत्ने र गोबर बोक्ने मान्छे आएर मन्त्री बनेको पचेको छैन कतिपयलाई । यिनीहरूलाई लडाउन पाए हुन्थ्यो भन्ने कोणबाट पनि त्यसो भन्ने गरिएको छ । अर्कोचाहिँ, हामीमा रहेका केही कमी-कमजोरी देखेर पनि केही मानिसका वास्तविक टिप्पणी आउने गर्छन् । तर, नेपालको राष्ट्रिय स्वाधीनताको पक्षमा दृढ भएर उभिने कोही छ भने त्यो वामपन्थी शक्ति हो भन्ने कुरा प्रमाणित भइसक्यो । नाकाबन्दीका बेला पनि हामी सरकारमै थियौं । त्यतिबेला पनि राष्ट्र हितका लागि अडिग रह्यौं । अहिलेको एकता र जनताको अनुमोदन प्राप्त गरिसकेपछि राष्ट्रको स्वाधीनताका पक्षमा रहेको दृष्टान्त अस्ति मात्रै भारतको वक्तव्य हेरे पुग्छ । विराटनगरको फिल्ड अफिस हटाउने ठाउँमा आयौं । यहाँसम्म आइपुगेपछि विदेशी हस्तक्षेप बढ्यो भन्ने कुरा बेकार हो । अब नेपाल वामपन्थीको नेतृत्वमा अगाडि बढ्यो । नयाँ इतिहास सुरु भयो ।

तर, वाम सरकार गठनपछि फेरि चिनियाँको प्रभुत्व बढ्दै गएको र वामपन्थी शक्तिलाई हरियो बत्ती बालेको भन्ने टिप्पणी पनि व्यापक सुनिन्छन् !

यो कुराचाहिँ आग्रह-पूर्वाग्रहबाट हेर्नेहरूकै विश्लेषण हो । म दोस्रो पटक प्रधानमन्त्री हुँदा भारत र चीन दुवैसँग सन्तुलित सम्बन्ध विकास गर्न हाम्रो भू-राजनीतिका कारण त्रिदेशीय साझेदारीमा जाँदा नेपालको हितमा हुन्छ भनेको थिएँ । वातावरण विस्तारै त्यो दिशातिर जाँदै थियो । अहिले निर्वाचन जितेर आइसकेपछि हाम्रो तर्फबाट भएको पहलले भारत पनि एउटा नयाँ विश्वासतिर जाँदैछ । चीन पनि विश्वास र समझदारीतिर अगाडि बढ्दैछ । वाम सरकारको नीति न भारतपरस्त हुन सक्छ, न त चीनपरस्त । त्यो भनेको एक मात्र नेपालपरस्त हो । ◆

तस्बिर : भास्वर ओझा

गणतन्त्र सर्वेक्षण भन्छ :

पहुँचवालाकै हालीमुहाली

राजनीतिक नेतृत्वसामु कामकाजी, जनमुखी र सार्थक पद्धति निर्माण गर्ने चुनौती

बाबुराम विश्वकर्मा

कुनै पनि शासन व्यवस्थाका लागि १० वर्षको अवधि लामो होइन । तथापि, शासन व्यवस्थाको प्रारम्भिक परीक्षणका लागि त्यति थोरै पनि होइन । बितेका एक दशकमा नेपालीले आफूले लडेर ल्याएको लोकतान्त्रिक गणतन्त्रको प्रारम्भिक परीक्षण गरिसकेका छन् । गणतन्त्रलाई जागरूक नेपालीले कसरी हेरेका रहेछन् भनेर *नेपाल*ले विशिष्टीकृत सर्वेक्षण गर्‍यो । यो सर्वेक्षणको निचोड थियो- कतिपय कमजोरी हुँदाहुँदै पनि देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प छैन । नेतृत्वले आचरण सुधार गरेर प्रभावकारी काम गर्ने हो भने गणतन्त्रले जनताको अपेक्षा पूरा गर्ने मात्र होइन, देशकै कायाकल्प गर्न सक्छ ।

गणतन्त्रको एक दशकमा थुप्रै बेथिति-विकृति पनि देखिए । राजनीतिक दल, शीर्ष नेतृत्व र पहुँचवालाको स्वार्थका कारण विकास निर्माण, सेवा प्रवाह र सुशासनमा अपेक्षित प्रगति हुन सकेन । आर्थिक समृद्धिको जनताको आकांक्षालाई राजनीतिक दल र नेतृत्वले कागजी घोषणा र भाषणमै सीमित राखे । त्यसैले गणतन्त्रले आमअपेक्षा पूरा गर्न नसकेको निचोडमा पुगिसकेका छन्, नागरिक । सकारात्मक के छ भने तिनले आशचाहिं मारिसकेका छैनन् । त्यसैले उनीहरु गणतन्त्रबाट आफ्ना अपेक्षा पूरा हुने भरोसामा छन् ।

कामचलाउ गणतन्त्र

पहिलो अभ्यास भएकाले गणतन्त्रको प्रत्याभूति हुने गरी काम भएको छैन । त्यसैले सर्वेक्षणका सहभागीमध्ये ५४ प्रतिशतले यसलाई कामचलाउ गणतन्त्र भनेका छन् । त्यसो त गणतन्त्रलाई राम्रो ठान्नेहरूको संख्या पनि कम छैन । ३८ प्रतिशतले गणतन्त्रलाई राम्रो मानेका छन् भने २ प्रतिशतले चाहिँ उत्कृष्ट नै भनेका छन् ।

गणतन्त्रबाट एक दशकमै निराश हुनेहरू पनि छन् । तर, तिनको संख्या ६ प्रतिशत मात्रै देखिन्छ । त्यसैले राजनीतिक नेतृत्वसामु कामचलाउ गणतन्त्रलाई जनमुखी र सार्थक गणतन्त्रमा रुपान्तरण गर्ने चुनौती छ । नेतृत्वले तदर्थवादमै चित्त बुझाउने हो भने अहिलेको व्यवस्थाबाट निराश हुनेहरूको संख्या अझै बढ्न सक्छ ।



स्थिरताको अपेक्षा

०६२-०६३ को जनआन्दोलनताका ठूलो नागरिक हिस्साको मुख्य आशा एउटै थियो- देशमा शान्ति, स्थिरता आओस्। शान्ति र स्थिरता वहालीपछि नागरिकले आर्थिक समृद्धि, सुशासन र सामाजिक न्यायको पनि अपेक्षा गरेका थिए। वस्तुत: यिनै अपेक्षा पूरा गराउन सात राजनीतिक दलको नेतृत्वमा सञ्चालित जनआन्दोलनमा आमनागरिक उत्रेका थिए। माओवादी हिंसात्मक विद्रोह र राजा ज्ञानेन्द्रको प्रतिगामी शासनबाट आजित नागरिकले जनआन्दोलन सफल भएको डेढ दशकपछि पनि शान्ति र स्थिरताकै अपेक्षा गरेको देखियो। सर्वेक्षणमा सहभागीमध्ये सबैभन्दा बढी ३२ प्रतिशतले गणतन्त्रबाट शान्ति र स्थिरताको अपेक्षा गरेका छन्। त्यस्तै, ३० प्रतिशतले आर्थिक समृद्धि, १९ प्रतिशतले सुशासन अनि १९ प्रतिशतले गणतन्त्रबाट सामाजिक न्यायको अपेक्षा गरेको पाइएको छ।

देशमा तीन तहको निर्वाचित सरकार गठन भइसकेको छ। गणतन्त्रपछि पनि पहिलेजस्तै प्रतिवर्ष औसत एउटा सरकार फेल्नुपरेको थियो देशले। आमचुनाव ०७४ पछि एउटै दलले बहुमत पाएको छ। त्यसैले देशमा शान्ति र स्थिरता कायम हुने अपेक्षा अरू बढेको छ। शान्ति र स्थिरताबाटै आर्थिक समृद्धि, सुशासन र सामाजिक न्याय हासिल हुन सक्छ। तर, त्यसका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारले प्रभावकारी काम गर्न सक्नुपर्छ।

तर, पूरा भएनन्

देशमा यसअघि १ सय ४ वर्षे जहानियाँ राणा शासन, ००७-०१७ सम्मको बहुदलीय प्रजातन्त्र, ०१७-०४६ को दलविहीन पञ्चायत अनि ०४७-०६३ को संवैधानिक राजतन्त्र र बहुदलीय शासन व्यवस्थाको परीक्षण भइसकेको छ। त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्रमा जनताले विगतको शासन व्यवस्थामा भन्दा बढी नै अपेक्षा गरेको बुझ्न कठिन छैन।

दुर्भाग्य ! गणतन्त्रले १० वर्षमा जनताको चुलिँदो अपेक्षा पूरा गर्न सकेको भने देखिएन। सर्वेक्षणमा सहभागी ७० प्रतिशतले गणतन्त्रले आफ्नो अपेक्षा भविष्यमा पूरा गर्ने आशा व्यक्त गरेका छन्। त्यस्तै, २४ प्रतिशतले गणतन्त्रबाट अपेक्षा पूरा भएन भनेका छन् भने भन्न



नचाहनेको संख्या ५ प्रतिशत छ। गणतन्त्रले अपेक्षा पूरा गरेको ठान्नेहरूको संख्याचाहिँ १ प्रतिशतमा सीमित छ।

संविधान संशोधन चाहने धेरै

३ असोज ०७२ मा संविधान जारी भएपछि पनि संशोधनबारे अहिले देशभित्र नै थरिथरिको मत छ। एकथरि आवश्यकता र औचित्यका आधारमा संविधान संशोधन गर्न सकिने पक्षमा छन् भने मधेसकेन्द्रित दल आफ्ना असन्तुष्टि संशोधन गर्न संविधान संशोधन हुनैपर्ने अडानमा छन्।

तर, राजनीतिक दलमा देखिएको संविधान संशोधनसम्बन्धी मतान्तरभन्दा भिन्न छ, सर्वेक्षणमा सहभागीले व्यक्त गरेको मत। सर्वेक्षणमा सहभागीमध्ये २३ प्रतिशतले संविधान संशोधन आवश्यक



ठानेका छन् भने अहिलेकै संविधानलाई उत्कृष्ट ठान्नेको संख्या ३५ प्रतिशत छ। त्यस्तै, संविधानलाई ठीकठीकै मान्ने ३१ र महत्त्वाकांक्षी ठान्नेको संख्या ११ प्रतिशत छ।

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको रहर

अहिलेको संसदीय लोकतन्त्रमा संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गरिएको छ। संविधानले किटान गरेको

शासकीय स्वरूपबारे राजनीतिक दलहरूबीच मतभिन्नता कायमै छ । त्यो मतभिन्नता सर्वेक्षणको नतिजामा पनि प्रतिविम्बित भएको छ । जस्तो : अहिलेकै व्यवस्थालाई ठीक ठान्नेहरू ३२ प्रतिशत छन् भने प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको आवश्यकता देख्नेको संख्या २९ प्रतिशत छ । त्यस्तै, कार्यकारी राष्ट्रपति आवश्यक ठान्नेको संख्या पनि २३ प्रतिशत छ भने मिश्रित प्रणालीको खोजी गर्नेहरू १६ प्रतिशत छन् ।

राष्ट्रपतिको भूमिका सन्तोषजनक

संवैधानिक राष्ट्रपतिको व्यवस्था नै गणतन्त्रको प्रतीक हो । एक दशकमा डा रामवरण यादवले पहिलो र विद्यादेवी भण्डारीले दोस्रो राष्ट्रपति हुने मौका पाए । दुई राष्ट्रपतिको पदीय भूमिका विवादरहित भने बन्न सकेन । त्यसैले दुई राष्ट्रपतिको भूमिकालाई सन्तोषजनक मात्र ठानेका छन्, नागरिकले । सर्वेक्षणमा सहभागी ४४ प्रतिशतले दुई राष्ट्रपतिको



भूमिका सन्तोषजनक ठानेका छन् भने ३६ प्रतिशतले सुधारको खाँचो देखेका छन् । राष्ट्रपतिको भूमिका राजाकै जस्तो ठान्नेहरूको पनि कमी छैन । १४ प्रतिशतले राष्ट्रपतिको भूमिका राजाकै जस्तो भएको भनेका छन् भने ६ प्रतिशतले नितान्त नौलो मानेका छन् ।

उपलब्धि : शान्ति र संविधान

गणतन्त्रले अहिलेसम्म जनताले गरेका अपेक्षा पूरा नगरे पनि यसको सबैभन्दा ठूलो उपलब्धि शान्ति र संविधान नै हो । सर्वेक्षणका सहभागीमध्ये ४३ प्रतिशतले गणतन्त्रको ठूलो उपलब्धि शान्ति र संविधान मानेका छन् भने २८ प्रतिशतले समावेशी/समानुपातिक प्रतिनिधित्वको



व्यवस्थालाई मुख्य उपलब्धि मानेका छन् । त्यस्तै, नागरिक सर्वोच्चता स्थापित हुनुलाई मुख्य उपलब्धि ठान्नेको संख्या १४ र गणतन्त्रबाट खासै उपलब्धि नभएको मान्नेको संख्या १५ प्रतिशत छ ।

तर, गणतन्त्र निर्विकल्प

गणतन्त्रले आमअपेक्षा पूरा गर्न बाँकी रहे पनि जनताले यो व्यवस्थाको विकल्प भने सोचेका छैनन् । त्यसैले सर्वेक्षणमा सहभागीमध्ये ५२ प्रतिशतले लोकतान्त्रिक गणतन्त्र नै उत्तम ठानेका छन् भने १५ प्रतिशतले राजतन्त्र र गणतन्त्रलाई उस्तै-उस्तै मानेका छन् । संवैधानिक राजतन्त्र र लोकतान्त्रिक गणतन्त्रबीच तुलना गर्न नचाहनेको संख्या



३१ प्रतिशत छ भने विगतको संवैधानिक राजतन्त्रलाई ठीक मान्नेको संख्या २ प्रतिशत छ ।

पहुँचवालाकै हालीमुहाली

राज्य र शासन व्यवस्थाको जहिले पनि फाइदा लिने समूहमा पहुँचवाला वर्ग नै पर्छ । आमनागरिक र अल्पसंख्यक तथा सीमान्तकृत वर्ग स्रोत-साधन र शक्ति आदिबाट वञ्चितीकरणमा पर्दै आएको छ । गणतन्त्रमा यस्तो दुर्भाग्य बदलिने अपेक्षा थियो । तर, गणतन्त्रकाल पनि पहुँचवालाकै लागि मालमाल भएको छ ।

त्यसैको नतिजा हो, गणतान्त्रिक शासन व्यवस्थामा पनि सबैभन्दा बढी लाभ पाउने समूहमा दुईथरि वर्ग परेका छन् : राजनीतिक दल र शीर्ष नेता अनि पहुँचवाला । ४३ प्रतिशतले राजनीतिक दल र शीर्ष नेता अनि ४३ प्रतिशतले नै पहुँचवाला वर्गलाई गणतन्त्रको सबैभन्दा बढी लाभ पाउने समूह मानेका छन् । राजनीतिक दल र शीर्ष नेता अनि पहुँचवाला वर्गलाई एउटै समूहमा राख्ने हो भने गणतन्त्र तिनकै कब्जामा परेको स्पष्ट हुन्छ । किनभने, राजनीतिक दल र शीर्ष नेता



अनि पहुँचवाला वर्गलाई गणतन्त्रको सबैभन्दा बढी लाभकारी ठान्नेको कुल संख्या जोड्दा ८६ प्रतिशत हुन्छ । त्यसो त, सर्वेक्षणका १० प्रतिशत सहभागीले अल्पसंख्यक र सीमान्तकृत समूहले गणतन्त्रको लाभ पाएको ठानेका छन् भने थाह छैन भन्नेको संख्या ४ प्रतिशत छ ।

नेतृत्वले काम गर्ने बेला

कुनै पनि शासन व्यवस्था राम्रो/नराम्रो वा सफल/असफल हुने भनेको नेतृत्वको कार्यशैली, आचरण र कार्यक्षमतामै निर्भर हुन्छ । देशले अभ्यास गरेका अहिलेसम्मका धेरैजसो शासन व्यवस्था नेतृत्वकै कारण असफल भएका हुन् ।

गणतन्त्रको १० वर्ष प्रारम्भिक काल धेरै फलदायी र सुखद हुन नसक्नुमा पनि नेतृत्वकै कमजोरी र स्वार्थले काम गरेको देखिएको छ । शासन व्यवस्था बदलिए पनि राजनीतिक दल र नेतृत्वचाहिँ सबैतिर उही

सर्वेक्षण विधि

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति जागरूक नेपालीको हेराइ/बुझाइ नाप्न देशमा गणतन्त्र अभ्यास १० वर्ष पुगेको अवसरमा गरिएको सर्वेक्षण हो यो । गणतन्त्रको अभ्यास र प्रभावसम्बन्धी १० वटा प्रश्नको सूची समेटेर तयार गरिएको सर्वेक्षण फारम *कान्तिपुर* पब्लिकेसन्सका सातै प्रदेश ब्युरोहरूमा पठाइएको थियो । प्रदेश ब्युरोको संयोजनमा र्‍यान्डम स्याम्पलिङका आधारमा बौद्धिक/पेसाकर्मी, सर्वसाधारण, अल्पसंख्यक तथा सीमान्तकृत तथा फरक विचारधाराका राजनीतिक कार्यकर्ताबाट ७० सर्वेक्षण फारम भराइएको हो । त्यसैगरी काठमाडौंमा *नेपाल* टिमले ३० वटा सर्वेक्षण फारम विभिन्न क्षेत्रका उत्तरदाताबाट भराएको थियो । यो सर्वेक्षणमा सहभागी कुल सय उत्तरदातामध्ये ६४ पुरुष, ३५ महिला र एक समलिंगी थिए । त्यस्तै, उत्तरदातामध्ये ७१ प्रतिशत स्नातकभन्दा माथिल्लो शैक्षिक योग्यताका थिए भने २९ प्रतिशत स्नातकभन्दा कम शैक्षिक योग्यताका थिए । सर्वेक्षणमा उत्तरदाता छनोट गर्दा उमेर, जाति/समुदाय, पेसागत तथा क्षेत्रीय सन्तुलनमा पनि ध्यान दिइएको थियो ।



पुरानै हावी छ । पुरानो नेतृत्वले पुरानो आचरण र शैली त्याग्न नसकेका कारण नागरिकले गणतन्त्रको वास्तविक अनुभूति गर्न पाएका छैनन् । त्यसैले सर्वेक्षणमा सहभागीमध्ये ३६ प्रतिशतले गणतन्त्रलाई सार्थक तुल्याउन नेतृत्वले प्रभावकारी ढंगले काम गर्नुपर्ने ठानेका छन् भने २४ प्रतिशतले नेतृत्वले पुरानो आचरण त्याग्न जरुरी रहेको ठानेका छन् । सहभागीमध्ये २४ प्रतिशतले कानुनी शासनको सुनिश्चितता गर्नुपर्छ भनेका छन् । नेतृत्वले सुशासन कायम गर्नुपर्छ भन्नेको संख्या १६ प्रतिशत छ । ◆

YOUR GATEWAY TO GLOBAL SUCCESS... HERE IN NEPAL

It all begins with that first right step toward your success. Come explore your opportunities with us.

Connect with experts from over 100 top educational institutions at one place, and give your future the right nudge toward excellence.

5th KANTIPUR HISSAN edufair 2018

May 24-27

उत्कृष्ट शिक्षा नेपालमै...,

Date: 24-27 May, 2018 (10-13 Jestha, 2075) | Time: 10 AM to 6 PM

Venue: Bhrikuti Mandap Exhibition Hall

Main Sponsors:

GOLDENGATE INT'L COLLEGE

GLOBAL COLLEGE OF MANAGEMENT

KATHMANDU WORLD SCHOOL

Uniglobe SS/College

Bringing the best together

Last Day

Sponsors:

जेभियर इन्टरनेसनल कलेज
XAVIER INTERNATIONAL COLLEGE

HIMALAYAN WHITE HOUSE INTERNATIONAL COLLEGE

CCRC CAPITAL COLLEGE AND RESEARCH CENTER

KATHMANDU MODEL SECONDARY SCHOOL

V.S. NIKETAN SECONDARY SCHOOL/COLLEGE "Dedicated in Excellence"

LITTLE ANGELS' COLLEGE 10+2

NASA INTERNATIONAL EDUCATION NETWORK

TRINITY INTERNATIONAL COLLEGE

KIST COLLEGE & SS

TRITON INTERNATIONAL SS & COLLEGE

An ISO 9001: 2008 Certified College
PREMIER COLLEGE
An initiative by CG

NEPAL MEGA COLLEGE mega centre for excellence
Babarmahal, Kathmandu

neosphere Shaping Digital Futures

नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त
eSewa™
पैसा पाउन, पठाउन र तिर्न

Supported by:
HERALD COLLEGE KATHMANDU

ORGANIZED BY:

कान्तिपुर

HISSAN ESTD. 2053

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल
HIGHER INSTITUTIONS AND SECONDARY SCHOOLS' ASSOCIATION NEPAL (HISSAN)
ट्रेडटावर नेपाल, थापाथली, काठमाडौं | फोन नं: ०१-५१११०५५, ५१११०४० | e-mail: hissannepal@gmail.com | WWW.hissan.org.np

For more information please contact: **Kantipur HISSAN Education Fair Secretarial Office, Thapathali, Kathmandu, Tel: 01-5111099, www.hissan.org.np, email: hissannepal@gmail.com**

औपचारिक गणतन्त्र



■ भास्कर गौतम

संविधानको आगमनसँगै माओवादी संघर्षले जुन अवतरणको तयारी गरिरहेको थियो, त्यो यात्रा एमाले-माओवादी पुनःगठनसँगै पूरा भएको छ। यो परिवर्तन राजनीतिक वृत्तमा महत्त्वपूर्ण पानीढलो हो। संविधान निर्माण र संघीय निर्वाचनको पृष्ठभूमिमा आएको कम्युनिस्ट पार्टीबीचको यस्तो बदलावले ०६३ पछिको राजनीतिक परिवर्तनलाई लिएर ठूलै मतैक्य निर्माण गरिरहेको पाइन्छ। यसका दुई पाटा छन्।

एकातर्फ राजनीतिक विरासतवरिपरि सहमति बन्दैछ। संविधानसँगै राजनीतिमा अमनचैन नभए पनि शान्तिपूर्ण अभ्यासले घर बनाउँदै छ। चुनावमार्फत सत्तामा पहुँच बनाएका राजनीतिक दलहरू हिजोभन्दा शक्तिशाली छन्। स्थानीय तहदेखि केन्द्रसम्म बिस्तारै निर्वाचित प्रतिनिधिले प्राथमिकता पाउन थालेका छन्। तथापि, दलभित्रको समीकरण मिलाउन निर्वाचन हार्दैमा पार्टीका प्रमुख नेताहरूको भूमिकामा तात्विक फरक हुँदैन भन्ने सन्देश प्रस्ट छ। त्यसैले शान्ति र स्थायित्वलाई भागबन्डाको राजनीतिले आडभरोसा दिएको छ। यही आडभरोसामा आर्थिक वृद्धिलाई द्रुत गति दिने र आमजनताको आयलाई उकास्ने आकांक्षा छ। यिनै विचारले भाष्यको एउटा पाटोमा राज गर्दै राजनीतिक विरासतलाई थेगेको छ।

अर्कोतर्फ शासकीय विरासतवरिपरि निरन्तर सहमति बनिरहेको पाइन्छ। यस्तो सहमतिले भन्छ, राज्य संरचना पूर्ण रूपमा केन्द्रीकृत भएकाले यसलाई थोरबहुत विकेन्द्रीकृत गर्नुपर्छ। कर्मचारीतन्त्र सेवाउन्मुख नभएर कर्मकाण्डीय ढिलासुस्ती, बिचौलियाको संरक्षण र राजनीतिक चाकडीमा फसेकाले यसमा तात्विक सुधार गर्न सकिन्न। केही सच्याउन भने सकिन्छ। अन्यथा, भ्रष्टाचारले गाँजेको दलीयतन्त्र र कर्मचारीतन्त्रबाट सुशासन दिलाउन सकिन्न। यसरी सुधार गर्दै जाँदा सरकारको नीति-कार्यक्रमले बिस्तारै गति लिनेछ।

विगतमा गणतान्त्रिक कल्पनालाई मूलतः यी दृष्टिकोणले सिक्काका दुई पाटाका रूपमा समेटेका छन्। तर, यस्तो चिन्तन अपूर्ण मात्र होइन, खतरनाक छ। राजनीतिक विरासतले के विश्वास राखिरहेको छ भने समाजमा विद्यमान ऐतिहासिक भेदभाव र सामाजिक अन्यायको सम्बोधन आर्थिक सुधारमार्फत हुन्छ। त्यस्तै, जनताको आवश्यकतालाई सम्बोधन गर्नेबाहेकका सबै काम गर्ने स्थितिमा सुधार ल्याउने सवालमा शासकीय विरासतले भूमिका खेल्छ। यी दुवै विरासतले गणतान्त्रिक कल्पनाको सारलाई समातेका छन्, तर संकुचित रूपमा मात्र।

गणतन्त्रले सिद्धान्ततः कुल-वंशका आधारमा शासन गर्ने पद्धतिमा विश्वास गर्दैन। त्यसैले जनतालाई समान दृष्टिले हेर्दै सशक्त बनाउने सवाल गणतान्त्रिक चेतनाको केन्द्रमा रहन्छ। ०६३ को परिवर्तनताका नागरिक आन्दोलनले गणतन्त्र स्थापनार्थ महत्त्वपूर्ण भूमिका खेलेको थियो। राजतन्त्रात्मक सैन्य शासनविरुद्ध उनीहरूले खेलेको रचनात्मक सहभागिताले लोकतान्त्रिक व्यवस्थाको स्थापनापछि थप प्रश्रय पाउने विश्वास आन्दोलनकर्मीमा थियो। आमवृत्तमा नागरिकको भूमिका अझ सशक्त हुने आशा थियो। तर, त्यस्तो भएन। एकातर्फ, दलीय अभ्यासमा हावी भागबन्डाको राजनीति र गोप्य सहमतिका अभ्यासले लोकतान्त्रिक प्रक्रियालाई अनुत्तरदायी बनायो। आलोचनात्मक सहभागिताका लागि उपलब्ध स्थानलाई थप साँघुरो तुल्यायो। अर्कोतर्फ, राजनीतिक स्वतन्त्रता खोज्ने विभिन्न समूहले रचनात्मक आमवृत्तको महत्त्व ठम्याउन सकेनन्। गुणस्तीय शिक्षा, ज्ञान उत्पादनको सार्वजनिक अभ्यास र आपसी सहकार्य उनीहरूको सूचीमा रहेन। आफूभन्दा भिन्न व्यक्ति वा समुदायले जीवन र जगत्प्रति राख्ने दृष्टिकोणलाई उनीहरूले उदारतापूर्वक स्वीकार गरेनन्। दलहरूको झोले बन्ने उद्यमबाट बाहिर निस्कने चाहना नागरिकगणमा देखिएन।

गणतान्त्रिक व्यवस्थाको आवश्यकता नै न्यायसंगत समाज निर्माण गर्न हो। जनताले शासन व्यवस्थाको स्वामित्व महसुस गर्ने राजनीतिक वातावरण बनाउन सक्दा मात्र न्यायको अनुभूति हुने हो। विगत एक दशकमा कानुन र राजनीतिबीच विरोधाभास देखियो। त्यसैले लोकतान्त्रिक गणतन्त्रलाई केवल कानुनी राजको स्वरूपवरिपरि कल्पना गरियो। यस्तो कल्पना धेरै हिसाबले एकांगी छ। गणतन्त्रको प्राण जनताको सर्वोच्चतामा टिकेको हुन्छ। तथापि, जनताको शक्ति सदैव कि त कानुनले थिचेको हुन्छ, कि त त्यस्तो शक्ति कानुनभन्दा व्यापक हुन्छ। नेपालमा भने प्रायः कानुनभन्दा व्यापक लडाइँबाट मात्र लोकतान्त्रिक व्यवस्थालाई टेवा मिलेको छ। त्यसले हाम्रो सन्दर्भमा कानुनी राज्य आवरणमा देखिने यथार्थ मात्र हो, त्यसको सार्थक अभिव्यक्ति सामाजिक न्याय हो। सार्वजनिक संघ-संस्थामा जनताको विश्वास एवं सहभागिता

नभएसम्म न्यायमूलक समाजले गति समाउँदैन। परिणाम विकासको नाममा एक वा अर्को किसिमको असमानताले बढावा पाउँछ। त्यसैले जबसम्म कानुन र राजनीतिबीच मात्र लोकतान्त्रिक कल्पना रुमल्लिन्छ, समाजमा विद्यमान भेदभावलाई सम्बोधन गर्न गाह्रो हुन्छ। यो एक दशकमा यस्तो स्थितिलाई नेपाली समाजले खासै चिर्न सकेन।

गणतन्त्रको पहिलो दशक धेरै किसिमले अल्मलिएको छ। यसका दृष्टान्त धेरै छन्। पाँचवटा उदाहरणलाई यहाँ हेरौं। एक, शान्ति प्रक्रिया सफल भएको गीत गाइरहँदा द्वन्द्वकालमा दुवै पक्षबाट मारमा परेका परिवारको सवालले पाउनुपर्ने प्राथमिकता पाएन। हिजोदेखि हावी दण्डहीनता गणतान्त्रिक कालमा थप संस्थागत भयो। सामाजिक न्यायको सवाल अझ ओझेलमा परेको छ। दुई, दुवै राष्ट्रपतिहरूले हिन्दु मूल्य-मान्यतालाई राजा-रजौटाकै शैलीमा राज्यको पहिचानसँग जोड्ने काम गरे। यसले विभिन्न धर्मावलम्बीलाई राज्यको स्वामित्वबाट बाहिर राख्यो। धार्मिक अल्पसंख्यकमा सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउन सकेन। तीन, संविधानमार्फत शान्तिपूर्ण राजनीतिलाई संस्थागत गर्दै गर्दा जसरी हिंसाको प्रयोग गरियो, त्यसले विचारलाई निषेध गर्ने हिंस्रक शासकीय सोचलाई प्रश्रय दिन्छ। त्यहाँ फरक समुदायको जीवन र जगत्प्रतिको दृष्टिकोणलाई पूर्ण अस्वीकार गरिन्छ। अनि, वर्चश्वशाली सांस्कृतिक समुदायको इच्छा नै राष्ट्रिय आकांक्षा हो भन्ने भाष्यको मलजल हुन्छ। चार, हिंसाको अर्को पाटो पुँजीवादी अर्थतन्त्र र नेपालको परनिर्भरतासँग जोडिएको छ। ०६५ देखि ०७४ सम्मको अवधिमा मात्र वैदेशिक श्रममा गएका कामदारमध्ये झन्डै ६ हजार जनाको मृत्यु भयो। आफ्ना नागरिकको श्रम अधिकारको रक्षा गर्न अन्तर्राष्ट्रिय मञ्चमा नेपाल सरकार कमजोर सावित भयो। तर, तिनै वर्चश्वशाली समुदायले राष्ट्रिय स्तरमा विप्रेषणबाट पूर्ण फाइदा लिइरहँदा श्रमको स्तरोन्नतिमा भने योगदान गर्ने तत्परता देखाएनन्। अझ देखाएका छैनन्। पाँच, भूकम्पपछिको पुनःनिर्माणमा जे-जसरी काम भयो, त्यसले सरकारी संघ-संस्थाप्रति जनताको विश्वास धेरै कम छ भन्ने देखाउँछ। किनभने, आधारभूत कार्यमा राजनीतिक एवं प्रशासनिक विरासतले जस्तो सामर्थ्य प्रदर्शन गर्नुपर्ने हो, त्यो गर्न सकेनन्। तर, अर्कोतर्फ रेल, पानीजहाज, रोजगारीमा वृद्धि आदि भाषणबाजी गरेर काम नगर्ने प्रतिबद्धता प्रदर्शन गर्न भने सरकार निरन्तर उद्दत छ।

> **गणतन्त्रको पहिलो दशकमा नेपालले राम्रै उपलब्धि हासिल गरेको भाष्य धेरै हिसाबले अपूरो छ। गणतन्त्र औपचारिकतामा सीमित छ।**

गणतन्त्रको पहिलो दशकमा नेपालले राम्रै उपलब्धि हासिल गरेको भाष्य धेरै हिसाबले अपूरो छ। गणतन्त्र औपचारिकतामा सीमित छ। हुनलाई राजसंस्थाको अन्त्य, संविधानको लेखन, शान्ति प्रक्रियाको विधिवत सम्बोधन, तीनै तहको सफल निर्वाचन र समावेशी व्यवस्थाको आधार निर्माण आफैंमा ठूला उपलब्धि हुन्। यसरी एकपछि अर्को देखाउन लायक उपलब्धि हासिल गरेको वर्चश्वशाली समूहलाई लागिरहेको छ। अब देखाउन बाँकी त केवल आर्थिक वृद्धि हो। यसरी हेर्दा यी सबै उपलब्धि उच्च दर्जाका लाग्छन्। अबको बाटो पनि प्रस्ट देखिन्छ। तर, गणतान्त्रिक व्यवस्थाले केही आधारभूत कार्यलाई पूर्ण निषेध गरेको छ।

नेपाली राज्यव्यवस्थाले कस्तो नागरिक उत्पादन गर्न खोजिरहेको छ भन्ने वरिपरि धेरै आधारभूत प्रश्न हामीले गरेका छैनौं। नागरिकत्वको विकास कसरी गर्न खोजिएको छ? गणतान्त्रिक व्यवस्थामा जिम्मेवार नागरिक निर्माण गर्न कस्तो मूल्य-मान्यताको मलजल गर्दा राम्रो होला? अर्थात्, नेपाली समाजलाई कसरी असल मानव समाजमा रुपान्तरण गर्ने? कस्तो शिक्षादीक्षाले त्यो सम्भव हुन्छ? निःसन्देह यी सवालका उत्तर अनेकौं छन्। तर, यस्ता आधारभूत प्रश्नले न सरकारको नीति तथा कार्यक्रममा प्रवेश पाउँछ, न त शिक्षा मन्त्रालयको नीतिमै। विगत एक दशकमा सार्वजनिक वृत्तमा समेत यस्ता विषयले आवश्यक मात्रामा प्रवेश पाएका छैनन्। अर्थात्, हाम्रो गणतन्त्रले कस्तो शिक्षादीक्षा दिँदा नागरिक सशक्त हुन्छन्, उनीहरूको स्वतन्त्र विवेकले शासकीय अभ्यासमा ठाउँ पाउँछ भनेर चिन्तन गर्न रुचाउँदैन। जुन ऐतिहासिकतामा नेपालमा गणतन्त्र आयो, त्यो शनैःशनैः किन ओझेलमा पर्दैछ भन्ने विषयको न्यायोचित समीक्षाबाट समेत यस्तो कार्यको सुरुआत हुन सक्छ। तर, त्यो भइरहेको छैन।

अन्त्यमा, राष्ट्रले आफ्नो वैभव हासिल गर्दै गर्दा भ्रष्टाचारलाई कसरी निर्मूल पार्नेबारे अत्यावश्यक राजनीतिक इच्छाशक्तिको अभाव छ। सार्वजनिक संवाद, ज्ञान उत्पादन र स्थानीय सवालमा जनसहभागितालाई रचनात्मक बनाउने कार्यको ठीक उल्टो आमवृत्तमा आलोचनालाई निरुत्साहित गर्ने तयारी छ। राजनीतिक वृत्तमा समेत गम्भीर विचारधारात्मक चुनौतीमाथि खुलेर विमर्श गर्ने अभ्यासलाई निस्तेज पारिँदै छ। अझ संगठित चुनौतीलाई त झन् भित्तैमा पुर्‍याएर सिध्याउने अभ्यासले घर बनाउँदै छ। रचनात्मक परिवर्तनका लागि यस्तो मान्यता डरलाग्दो छ। कालान्तरमा प्रत्युत्पादक हुनेछ।

अहिले भनिँदैछ, राजनीतिकर्मी र शासकीय बागडोरमा बसेकाले जे गरिरहेका छन्, त्यो नै स्वतः प्रमाणित सत्य हो। राणाकालीन समयमा यस्तै मान्यता राखिन्थ्यो। त्यसैले पारिवारिक अधिनायकवादले राज्य व्यवस्थालाई गाँज्यो। पञ्चायतकालीन समयमा पनि शासकले गरे-बोलेको कुरा नै सत्य हो, बाँकी मिथ्या हो भन्ने मान्यता हावी भयो। त्यस्तो मान्यताबीच राजतन्त्र आफैं अधिनायकवादमा परिणत भयो। गणतान्त्रिक व्यवस्थामा नागरिकगणले निर्वाचनमार्फत आलोपालो गरेर शासन गर्ने प्रक्रियागत सुरु भएको छ। तर, शासनमा पुग्नासाथ राजनीतिक विरासतले विगतकै अभ्यासलाई निरन्तरता दिँदैछ। यसलाई बेलैमा चिर्न नसके अनुत्तरदायी शासकीय अभ्यास शनैःशनैः अधिनायकवादतर्फ जाने सम्भावना टड्कारो छ। नेपाली समाजको विगतले भन्छ, यस्तो मान्यताले क्षणिक स्थायित्व त ल्याउन सक्छ। तर, जनताको स्वतन्त्रता रक्षा गर्दै न्यायमूलक समाज निर्माण गर्ने प्रतिनिधित्वमूलक व्यवस्थाको आधारभूत जग बसाउन सक्दैन। यस्तो औपचारिक गणतन्त्रलाई सार्थक बनाउने कार्यसूचीबारे मनग्गे सार्वजनिक संवाद जरुरी छ। अन्यथा, आगामी दस वर्षभित्र हाम्रो गणतन्त्रले जीवन्तता गुमाउने निश्चितप्रायः छ। ◆

दलहरूमा अहंकार देखियो



डा रामवरण यादव

गणतन्त्र नेपालको पहिलो राष्ट्रपति हुने सौभाग्य मलाई मिल्यो । जबकि, म संवैधानिक राजतन्त्रको पक्षपाती थिएँ। हामीलाई संवैधानिक राजा अनि जननिर्वाचित सरकार नै लोकतन्त्रको बाटो हो भन्ने लाग्थ्यो । जननेता बीपी कोइरालाको दीक्षा पनि यस्तै थियो ।

०४६ को जनआन्दोलनलगत्तै कांग्रेस र वाममोर्चाबीच झगडा हुन थाल्यो। कांग्रेसभित्रै ३६ र ७४ को झगडा मच्चियो। एमालेको अल्पमतको सरकार आएपछि त्यसलाई ढाल्ने खेल चल्यो । यसरी सत्ताका लागि दलहरूले एक-अर्कालाई प्रयोग गर्न थालेपछि राजा वीरेन्द्रले खेल्ने ठाउँ पाए ।

जनमत संग्रह (०३६) घोषणा गरेकाले वीरेन्द्र हामीलाई अलि नरम राजा लाग्थे। ०४६ मा सम्झौताका लागि तयार भएको र विदेश पढेर आएकाले लोकतन्त्रको मान्यता अलि बुझ्लान् भन्ने लागेको थियो । तर, यज्ञबहादुर थापा, भीमनारायण श्रेष्ठ, तेजबहादुर अमात्य, योगेन्द्रमान शेरचन आदि थुप्रै कांग्रेस कार्यकर्ताको शृंखलाबद्ध हत्या हुँदा उनको भूमिका त्यसलाई प्रोत्साहित गर्ने खालकै देखियो ।

माओवादी हिंसा उत्कर्षमै पुगेका बेला राजा दरबारभित्रै मारिए । उनका भाइ ज्ञानेन्द्रको उदयसँगै संकटकाल लाग्यो। हिंसा-प्रतिहिंसा अझै बढ्यो। नेपाली जनता मूल रूपमा हिंसामा विश्वास गर्दैनन्। गणतन्त्र स्थापना भएमा माओवादी हिंसाको अन्त्य होला भन्ने आशा पनि थियो। गिरिजाबाबुले माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन सम्झौता गर्नुभयो। जबकि, रेडकर्नर नोटिस थियो माओवादीलाई । अन्तर्राष्ट्रिय समुदायले पनि आतंककारीकै दर्जामा राखेको थियो। गिरिजाबाबुको हर्कुलियन टास्क (कष्टसाध्य प्रयत्न) थियो त्यो । एमालेबाट माधव नेपाल, वामदेव गौतम, युवराज ज्ञवालीलगायतले माओवादीसँग वार्ता थालेका थिए।

ज्ञानेन्द्रले जनताको अधिकार कटौती गर्दै आफ्नो शासन लादेपछि त्यसको विरोधमा आन्दोलन सुरु भयो । म र महन्थ ठाकुरलाई तराईमा आन्दोलन उठाउने जिम्मा थियो। बन्दी प्रत्यक्षीकरण रिटका आधारमा जेलबाट छुटेपछि मंसिर ०६२ तिर हामी तीन महिना सँगै घुम्यौं। चितवन पुग्दा थाहा भयो, दिल्लीमा माओवादीसँग १२ बुँदे समझदारी भइसकेछ।

यस्तै बेला कृष्णप्रसाद सिटौलाजीले फोन गर्नुभयो, 'डा साब, तपाईं कहाँ हुनुहुन्छ ?' म चितवनमा रहेको थाहा भएपछि उहाँले गिरिजाबाबुलाई फोन दिनुभयो। गिरिजाबाबुले भन्नुभयो, 'तपाईं त्यहीँ बस्नुस्, म पहिलो सभा चितवनबाटै थाल्छु।'

वास्तवमा ती १२ बुँदा हामीले पनि पूरै पढ्न पाएका थिएनौं। तर, त्यसपछि जनतामा अर्कै खालको जोश आएको देखियो। जनतालाई अब हिंसा बन्द हुन्छ, माओवादी मूलधारमा आउँछ भन्नेमा विश्वास हुन थाल्यो । तर, राजा ज्ञानेन्द्रले मध्ययुगीन राजाजस्तो व्यवहार गर्न खोजे । राजा महेन्द्रले ५० वर्षअघि टिपेका तुलसी गिरी र कीर्तिनिधि विष्टलाई मन्त्रिपरिषद्को उपाध्यक्ष बनाए। पार्टीहरूमाथि अघोषित प्रतिबन्ध लगाए । सञ्चार माध्यम सबै बन्द गराउने तानाशाही नीति लिए।

हामी एकैचोटि गणतन्त्रवादी भएका होइनौं। तर, ०१७ पछिका घटनाक्रमले थाहा भयो- राजाले जहिल्यै लोकतन्त्रमाथि आक्रमण गर्छन्। त्यो विश्वास ०६१ पछि झन् बलियो भएर गयो।

हुन त, उनलाई खेल्ने जमिन पनि लोकतन्त्रवादी दलले नै दिएका हुन्। हामी आफूलाई लोकतन्त्रवादी भन्छौं, दलहरूको नारामा लोकतन्त्र भए पनि व्यवहार पुरानै छ। प्रचण्ड बेलाबखत भन्नुहुन्छ, "राजाले त्यति ज्यादती नगरेको भए हामी एक ठाउँमा आउन सम्भव हुँदैनथ्यो।" त्यो सही पनि हो । इतिहासको त्यो समय गिरिजाबाबुले पहिचान गर्नुभयो। र, नेतृत्व गर्नुभयो। खासमा गिरिजाबाबुलाई पनि हिच्किचाहट थियो, त्यो प्यान्डोराको बाकस खोल्दा के-के निस्केला ?

कतिपयले भूराजनीतिक चलखेललाई गणतन्त्रको कारक भनी लेख्ने गरेको देख्छु। कतिपय मित्रराष्ट्रको कुरा त राजा राखेरै लोकतन्त्र ल्याउनुपर्छ भन्ने थियो । तर, हामीले स्वीकार गरेनौं । जनताले स्वीकार गरेनन्। कसैले आरोप लगाउन गणतन्त्रको एजेन्डा विदेशीको, अझ क्रिस्चियनको समेत अभियान हो भन्छन् । तर, राजा-फ्याक्टर नै सबैभन्दा मुख्य हो । ८ वैशाख ०६३ मा विदेशीले राजासँग मिल्न दबाब दिए। तर, नेपाली नेतृत्वले स्वीकार नगरेपछि कसको के लाग्छ ?

पहिलो राष्ट्रपतिका रूपमा मेरो कार्यकालबारे पनि टिप्पणी हुने गर्छ । मेरो कार्यकाल संक्रमणकालीन थियो । दुई वटा सेना थिए । त्यो कठिन परिस्थितिमा पनि मैले राष्ट्रको हित सोचेर निर्णय लिएँ। त्यसमा म अहिले पनि प्रस्ट छु।

अब राजतन्त्र त फर्किन्न। तर, राजनीतिक दलहरूको व्यवहारका कारण संविधान कसरी कार्यान्वयन होला भन्ने आशंका छ । अब हामीले संविधानको सामयिक सुधार कसरी गर्दै जाने भन्नेमा ध्यान दिनुपर्छ। तर, म दलहरूमा अहंकार देखिरहेको छु। यस्तो अहंकारले लोकतान्त्रिक गणतन्त्र चल्दैन। ♦

राजालाई रूपान्तरण गर्न सकिएन

■ माधव नेपाल

पछिल्लो पटक राजा ज्ञानेन्द्रले तानाशाही व्यवस्था लादेपछि मलाई के लाग्यो भने, अब राजतन्त्रको औचित्य छैन । राजा स्वयं राजनीतिमा प्रवेश गरेपछि यस्तो लाग्नु अस्वाभाविक पनि होइन । राजा सक्रिय भएर पखेटा फिजाउन थालेपछि प्रजातन्त्र जहिले पनि अधूरो भयो। राजतन्त्र रहन्जेल प्रजातन्त्र अधूरो हुने र जनताको अधिकार जुनसुकै बेला खोसिन सक्ने यथार्थबोध भएपछि नै गणतन्त्र स्थापना गरिछाड्ने निष्कर्षमा पुगिएको थियो ।

नेपाली कांग्रेसलगायत मुलुकमा रहेका वैधानिक दलहरूले गणतन्त्रको 'ग' समेत उच्चारण गर्न आनाकानी गरिरहेका बेला मेरो नेतृत्वको नेकपा एमालेले जोखिम मोलेर गणतन्त्रमा जाने निर्णय गरेको थियो, साउन ०६२ मा ।

जतिबेला म गणतन्त्रका पक्षमा दृढतापूर्वक उभिने निष्कर्षमा पुगेको थिएँ, त्यसबेला पार्टीभित्रकै केही साथीहरू गणतन्त्रमा जान सकिएला ? यस्तो निर्णय अहिले नगरौं भन्दै डराएका थिए । भिन्न मत विद्यमान थिए। गणतन्त्रमा जानुहुँदैन, जान सकिँदैन भन्ने जबर्जस्त मान्यता बोक्ने साथीहरू पनि थिए । तर, विशेषगरी तत्कालीन नेतृ साहना प्रधान, वामदेव गौतमले मलाई बलियो साथ दिए । त्यसैले पार्टी केन्द्रीय कमिटी बैठकबाट निर्णय गर्न सहज भयो ।

आन्दोलन उचाइमा पुग्नुअघि पनि राजालाई दिन सकिने ठाउँ केही बाँकी छ कि ? जापान/नर्वेको जस्तो सम्मान दिएर राख्न सकिन्छ कि ? संघर्ष गरेर रुपान्तरण र सहकार्य गर्न सकिन्छ कि भनेर सोचिएको थियो । त्यसैले गणतन्त्र स्थापना गर्ने निष्कर्षमा पुग्नुअघि लामो समय धैर्य राख्यौं । तर, केही गरे पनि राजालाई रुपान्तरण गर्न सकिएन। त्यो नभएपछि सहकार्यको सम्भावना रहने कुरै भएन। यही सेरोफेरोमा म र पार्टीको केन्द्रीय कमिटी गणतन्त्र स्थापना गर्ने मान्यतामा पुगेका थियौं ।

पार्टीभित्रै गणतन्त्रमा जान आत्मविश्वासको अभाव देखिएपछि लाग्न थाल्यो- गणतन्त्रको आन्दोलनमा काठमाडौंबाट दुई-चार सयको जुलुस/प्रदर्शन निकालेर सम्भव छैन, बाहिरबाट सुरु गर्नुपर्छ। त्यसका लागि देशभर जन प्रदर्शन र र्‍याली निकाल्न मैले नेपाली कांग्रेसलाई प्रस्ताव राखेँ ।

कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले त्यो आँट गरेनन्। उनी तयारै भएनन्। कांग्रेस डराए पनि हामी आत्मविश्वासमा थियौं । त्यसपछि एमाले एक्लैले देशका विभिन्न स्थानमा जुलुस, र्‍याली, जन प्रदर्शन गर्ने निर्णय गर्‍यो । मैले केन्द्रीय कमिटीको बैठकमा सोधेँ, "जनपरिचालनका निम्ति 'आइसबेक्र' गर्ने एक न एक नेता चाहिन्छ। एक्लै जन प्रदर्शन गर्ने आँट कसले गर्नुहुन्छ ? जसले अरूलाई पनि बाटो देखाओस्।"

त्यो अग्रपंक्तिमा उभिने आँट देखाए, केन्द्रीय सदस्य रामनाथ ढकालले। ढकालले बुटवलबाट सकिन्छ भने। (उनी केही वर्ष पहिले बिते। उनीप्रति मेरो गहिरो श्रद्धान्जली छ।) असोज ०६२ मा बुटवलमा विशाल सभा राख्न मैले प्रेरित गरेँ। अन्ततः ३ मंसिरको विशाल सभामा ५० हजारभन्दा बढी मानिस सहभागी भए । त्यो सभालाई मैले र वामदेव गौतमले सम्बोधन गर्‍यौं । बुटवलमा आमसभा हुनुअघि नेपालका लागि अमेरिकी राजदूत जेम्स एफ मोरियार्टी मलाई भेट्न आएका थिए। उनले भने, "नेपालका राजनीतिक दलहरूमा जनताको विश्वास, प्रतिष्ठा रहेन। अब आन्दोलन उठ्न सक्तैन। तपाईंहरूले पार लगाउन सक्नुहुन्न।"

मैले त्यसलाई चुनौतीका रूपमा लिएँ। र, भनेँ, "त्यसो भए तिमी जनता कसका पक्षमा छन् भन्ने भ्रममा रहेछौ । २ मंसिरमा बुटवल आऊ र त्यहाँको सबैभन्दा अग्लो घरको छतमा बसेर दूरबिनले हेर। ५० हजारभन्दा तल भएछ भने म राजनीति छाडिदिन्छु।" मैले नेताहरूलाई ताकेता गरिरहेँ, जनतामा उत्साह कस्तो छ ? कति मानिस सहभागी होलान् भनेर। बुटवलको आमसभाले आन्दोलनका पक्षमा सुनामी सिर्जना गरिदियो। देशभर उत्साहको तरंग जागृत भयो। गणतन्त्रका लागि माहोल बन्यो ।

त्यही बेला जावलाखेलमा नेपाली कांग्रेसको महाधिवेशन उद्घाटन भएको थियो। त्यहाँ मैले कांग्रेसलाई गणतन्त्रका पक्षमा आउन आह्वान गरेँ। त्यसपछि गिरिजाप्रसाद कोइराला उठेर खण्डन गरे । जनकपुर पुगेर गणतन्त्रका पक्षमा उठ्न आग्रह गरेँ। सद्भावना पार्टीका तत्कालीन नेता हृदयेश त्रिपाठीले गणतन्त्रको भ्रममा नपर्नुस्, त्यो भ्रममा परे हामी सिद्धिन्छौँ भने। कांग्रेस प्रजातान्त्रिकका तत्कालीन सभापति शेरबहादुर देउवाले गणतन्त्रमा जाने प्रस्ताव राख्दा झन् ठूलो आपत्ति जनाएका थिए। तर, मेरो र एमालेकै अगुवाइमा बिस्तारै गणतन्त्रको माहोल बन्दै गयो । परिस्थिति परिपक्व बन्यो । एमाले नभएको भए देशमा गणतन्त्र आउन समय लाग्थ्यो वा नआउन पनि सक्थ्यो ।

गणतन्त्रले अहिले हामीलाई अधिकारसम्पन्न बनाएको छ। तर, जनताका आकांक्षा पूरा गर्ने सवालमा हामी अलि पछि परेका छौँ। अधिकार प्रयोग गर्ने क्रममा कर्तव्य पूरा गर्न धेरथोर चुकेका छौँ। जहाँ कमजोरी भएको छ, त्यसलाई सुधार्दै अब समृद्धिको यात्रा सुरु गर्नुपर्छ । समृद्धिसँगै जनताले गणतन्त्र स्थापनाको सुखद अनुभूति गर्न पाउँछन् । ◆

गणतन्त्र : वर्ष १०

ज्ञानेन्द्रलाई राजमुकुट दिएनौं

■ कृष्ण सिटौला

१८ असोज ०५९ को तत्कालीन राजाको प्रतिगामी कदमविरुद्ध गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा पाँच राजनीतिक दलले सडक आन्दोलन सुरु गरे । राजाले निर्वाचित प्रधानमन्त्रीलाई बर्खास्त गरेर मनोनीत प्रधानमन्त्री प्रथा सुरु गरेपछि गिरिजाबाबुले सडकबाट राजालाई चेतावनी दिनुभयो, “यो देशमा अहिलेसम्म गणतन्त्र र राजतन्त्रका दुइटा नदी बगेका छन् । यी दुई नदी मिसिए भने एकादेशमा राजा थियो भन्ने कथा बन्छ ।”

गिरिजाबाबुको चेतावनीले राजा र राजाका सहयोगीको चेत खुलेन । अन्ततः दुई नदी मिसिएर देशमा गणतन्त्र आयो । सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारीले गणतन्त्रको नयाँ कोर्ष खडा गरेको हो । नेपाली कांग्रेसले पार्टीको विधानमा संवैधानिक राजतन्त्र राखुन्जेल राजतन्त्र नेपालमा रह्यो, हटाएपछि गयो । कम्युनिस्टहरूको त घोषणापत्रमै गणतन्त्र थियो ।

पछिल्लो समय गिरिजाबाबु प्रधानमन्त्री हुँदा म गृहमन्त्री थिएँ । त्यसैले गणतन्त्रको स्थापना र कार्यान्वयनमा मलाई सहजीकरण गर्ने मौका मिल्यो । १५ जेठ ०६५ मा भएको संविधानसभाको पहिलो बैठकमा मैले नै गणतन्त्रसम्बन्धी सरकारको प्रस्ताव पढेको हुँ । प्रस्ताव पारित भएपछि सरकारको पत्र लिएर तत्कालीन राजालाई भेट्न नारायणहिटी गएँ । एक्लै कुरा गर्न चाहेपछि राजा र मबीच एक्लाएक्लै कुरा भयो ।

राजमुकुट आफैंले राख्न पाउनुपर्ने, सेनाले सुरक्षा गर्नुपर्ने आदि विषयमा राजाका केही माग थिए । राजमुकुट राष्ट्रको सम्पत्तिको रूपमा सुरक्षित रहने र राजाले राख्न नपाउने कुरा मैले प्रस्ट पारेँ । आफ्ना पुर्खाहरूले लगाउँदै आएको राजमुकुट के हुने भन्ने उहाँको जिज्ञासा स्वाभाविक थियो । त्यो किनभने, राणाहरूले पनि राणा शासन हटेपछि श्री ३ महाराजको श्रीपेच आफैंले लगेका रहेछन् । राणा शासकले लगेको त्यो श्रीपेच कहाँ छ ? कसैलाई थाहा छैन । त्यसैले राजमुकुट राजाले लानुभन्दा राज्यसँग नै रहनु उचित हुन्छ भनेपछि उहाँले मान्नुभयो । गणतन्त्र स्थापना भइसकेकाले त्यसको कार्यान्वयनमा राजाबाट कुनै बाधा-व्यवधान भएन ।

पूर्वराजाका रूपमा राज्यले दिने सम्मान र सुरक्षा सरकारले गर्ने सुनिश्चितता गरियो । त्यसपछि उहाँ नारायणहिटी छाडेर सरकारले तोकेकै मितिमा राष्ट्रियकरण भएको नागार्जुन दरबार सर्न राजी हुनुभएको हो । उहाँकी मुमा रत्न र रानी सरलालाई नारायणहिटीमै बस्ने व्यवस्था गरियो ।

गणतन्त्र नमान्ने कुनै लक्षण देखाएनन् राजाले मसँगको भेटमा । त्यसका धेरै कारण थिए । आन्दोलन सकिए पनि गणतन्त्र स्थापना गर्न दुई वर्ष लागेको थियो । संसद् पुनर्बहाली भएलगत्तै संसद्मा रहेको राजाको कुर्सी हटाइयो, सरकारी कार्यालयबाट राजारानीका फोटा हटाइए । राजा वीरेन्द्र र दरबारका नामका सम्पत्ति राष्ट्रियकरण गरेर नेपाल ट्रष्टमा ल्याइयो । राजाको जन्मदिनमा दिने गरिएको सरकारी बिदा खारेज गरियो । अन्तरिम संविधान लागू गरियो, शाही सेनालाई नेपाली सेना बनाइयो, शाही सैनिक ऐन खारेज गरी नेपाली सैनिक ऐन लागू गरियो । सेनालाई सरकार र संसद्को मातहत ल्याइयो । राजालाई काठमाडौँमै बस्नुहोस् भनेर सन्देश दिइयो, उहाँलाई विदेश जान दिइएन । तत्कालीन गृहमन्त्री भएकाले यी सबै काममा संलग्न थिएँ म ।

राजकीय र सार्वभौमसत्ता जनतामा पुऱ्याउने लामो शृंखला थियो । संविधानसभाको पहिलो बैठकमा गणतन्त्रको प्रस्तावमा सबैले समर्थन गरेका थिए, राप्रपा नेपालका चार सांसदबाहेक । त्यसैले गणतन्त्र हठात् आएको होइन, परिवर्तनकै रूपमा गणतन्त्र आएको हो । र, त्यो जनआन्दोलनको निरन्तरता थियो ।

राजाले गद्दी त्याग्न गिरिजाबाबुसँग कुनै सर्त राखेका थिए भन्ने मलाई लाग्दैन । राजाको कुनै सर्त भएको भए गिरिजाबाबुले मलाई भन्नुहुन्थ्यो होला । किनभने, म गिरिजाबाबुसँगै थिएँ । हाम्रो पार्टीको बैठकमा पनि गिरिजाबाबु आफैंले गणतन्त्रमा जाने प्रस्ताव राख्नुभएको हो । अन्य पार्टीका नेतासँग पनि राजाले कुनै सर्त राखेका थिएनन्, राजगद्दी त्याग्न । यदि सर्त थिए भने हामीलाई थाहा हुन्थ्यो । त्यसकारण पूर्वराजाले गणतन्त्र कार्यान्वयनका लागि सर्त थियो भन्नुको कुनै अर्थ र औचित्य छैन ।

राजा ज्ञानेन्द्रलाई जस्तै प्रचण्डलाई शान्ति प्रक्रियामा ल्याउन पनि मैले नै सहजीकरण गर्ने मौका पाएँ । शान्ति प्रक्रिया सफल पार्न फोनमा कुरा गरेर मात्र हुँदैन भनेर गिरिजाबाबुकै योजनामा प्रचण्डलाई काठमाडौँ ल्याउन म र शेखर (कोइराला)जी सिक्लेस गयौँ । हेलिकप्टरमा उहाँलाई काठमाडौँ ल्याएपछि बालुवाटारमा प्रचण्ड र गिरिजाबाबुबीच कुराकानी भयो । प्रचण्डले अलि लामो व्याख्या गर्नुभयो । त्यसपछि गिरिजाबाबुले भन्नुभयो, “यो लामो कुरा छाडौँ, तपाईंहरू शान्ति र लोकतन्त्रमा आउने हो कि होइन ?” प्रचण्डले भन्नुभयो, “त्यसकै लागि त्यति टाढादेखि तपाईंलाई भेट्न बालुवाटार आएको ।” त्यसपछि मिलेर अघि बढौँ भनेर अघि बढिएको हो । त्यही बिन्दुबाट आजको स्थितिमा पुगिएको हो । ◆

शासन फेरियो, चिन्तन फेरिएन

उपेन्द्र यादव

यतिबेला म प्रदेश २ को तराई भूमिमा छु । म जहाँ जान्छु, त्यहाँका नागरिक बारम्बार एउटै कुरा दोहोऱ्याइरहन्छन्, 'पहिले एउटा ठूलो राजा थिए । अहिले त अनगिन्ती छोटे राजा छन् । पहिले एउटा दरबार थियो । अहिले दरबार धेरै भए ।'

हामीले बलिदानीपूर्वक ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रको सबैभन्दा तीतो यथार्थ सायद यही हो । हिजो हामीले जुन-जुन संस्कार र प्रवृत्तिलाई सोह्रै आना गलत ठहर गरेका थियौं, आज तिनै कुरा सर्लक्क बोकेर बसेका छौं । बरु त्यसलाई बढाएर लगिरहेका छौं ।

१५-२० वर्षयता नेपालले ठूलो राजनीतिक फड्को माऱ्यो । सबैभन्दा महत्त्वपूर्ण कुरा, मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो । हामीले भनेजस्तै समावेशी, नागरिक स्वतन्त्रता, धर्म निरेपक्षता आदि मुद्दा स्थापित भए । तर, व्यवहारको कसीमा उल्टो छ । परिवर्तनका वाहक भनिएकाहरूकै मानसिकता बदलिएको छैन । त्यसैको प्रतिविम्ब आज म गाउँ-गाउँमा देखिरहेको छु । एकात्मक, केन्द्रीकृत र नश्लवादी आदि राजतन्त्रात्मक व्यवस्थाका अवशेष छँदैछन् ।

संघीय गणतन्त्रको मूल खाँबो भनेकै जनता हुन् । तर, १० वर्षसम्म पनि यो खाँबोलाई शक्तिशाली बनाइएन । मूल खाँबो नै मक्किएपछि बलो, टेकाहरूको भरमा घर लामो समय अडिन गाह्रो पर्छ । जनतालाई सार्वभौम मान्न त्यही अनुसारको अधिकार दिनुपर्ने हो । तर, दिइएन । किन ? उत्तर उही आउँछ- हाम्रो शासकीय स्वरूप बदलियो । तर, शासकीय चिन्तन बदलिएन ।

जनता सर्वेसर्वा हुन राजनीतिक, सांस्कृतिक रूपमा स्थानिकताबोध हुनु अनिवार्य थियो । हामीले स्थानीय तहदेखि केन्द्रीय तहसम्मका चुनाव गरिसक्यौं । तर, चुनावपछिका प्रदेशहरू त्रिशंकु बनेर थन्किएका छन् यतिबेला । न माथि जान सक्ने, न त तल ओर्लन सक्ने । किनभने, प्रदेशहरू अधिकारविहीन र स्रोतविहीन छन् । प्रदेशका प्रतिनिधि केन्द्रीय शासकसँग याचना शैलीमा स्रोत र अधिकार चाहियो भनेर हात थापिरहेका छन् । मानौं-मुलुकमा अहिले राणाकालीन जीहजुरिया शासन चलिरहेछ । शासन, प्रशासनको अधिकार नै छैन प्रदेशलाई । यो नै हामीले ल्याएको गणतन्त्रको सक्कली अनुहार हो ।

एकातिर संघीय गणतन्त्र भनिएको छ, अर्कोतिर हातखुट्टा बाँधेर बिल्लीबाठ पारिएको छ । अनि, केन्द्रीय सरकार काठमाडौंको दरबारमा बसेर रमिता हेरिरहेको छ । यो सामन्ती चिन्तनकै उपज आज प्रदेशहरू राणाकालीन हालतमा छन् । यसमा संवैधानिक त्रुटि देखिन्छ । संविधानले नै प्रदेशलाई कम अधिकार दियो ।

उसो त स्वायत्त अधिकारसहितको प्रदेशका लागि मधेसमा पटक-पटक आन्दोलन उठ्यो । विभिन्न कारणले तुहिने/ब्युँतिने भइरह्यो । यति लामो आरोह-अवरोह पार गरे पनि राणा, पञ्चायत र संवैधानिक राजतन्त्रकालमा आर्थिक, जातीय हिसाबले उत्पीडित वर्ग गणतन्त्रकालमा पनि उही हालतमा जिउन बाध्य छ । उनीहरूले मुलुकको नागरिक हुनुको अनुभूति गर्न पाएका छैनन् ।

पाँच वर्षमा एकपटक भोट खसालेर मात्रै नागरिक भएको दर्ज गर्नु नै गणतन्त्र पक्कै होइन । उनीहरूको जीवन प्रणालीमा तात्विक परिवर्तन आएको छैन । सदाकाल पीँधमा पारिएका वर्गको जीवन प्रणाली सुधार्नु नै गणतन्त्रको ध्येय हुनुपर्ने हो । यसका लागि शासक वर्गको सोचमा ठूलो परिवर्तनको खाँचो छ । आन्दोलनले राजनीतिक परिवर्तन त ल्यायो, संस्कारगत परिवर्तन ल्याएन । यही भएर आर्थिक रूपमा विपन्न वर्गको बेरोजगारी र अभाव, जातीय, लैंगिक असमानता, विभेद अन्त्य नभएसम्म कुनै पनि व्यवस्थाले स्थायित्व ग्रहण गर्दैन ।

हामीले खोजेको गणतन्त्रमा व्यक्ति बलियो हुने होइन, जनता बलियो हुने हो । तर, यहाँ व्यक्ति र अमुक दल दह्रो हुने संस्कारको विकास भयो । यो नयाँ स्वरूपको सामन्ती संस्कार या प्रवृत्ति हो । यसलाई गणतन्त्र सुहाउँदो संस्कार कदापि मान्न सकिँदैन । समाजको जराजरा भ्रष्ट संस्कारले कुपोषित छ ।

गणतन्त्रकालमा भएका चुनावले समेत हाम्रो शासकीय व्यवस्था कस्तो बन्दै छ र कतातिर जाँदैछ भन्ने देखाउँछ । हिजोको कुसंस्कारको संक्रमण महामारीका रूपमा विकास भएको देखिन्छ । निर्वाचन अत्यन्त महँगो भएको महसुस नगर्ने सायदै होलान् । चुनाव पैसाले थिचिएको थियो, छ । लोकतान्त्रिक पद्धतिमा चुनावी नतिजा सर्वस्वीकार्य विधि हो । तर, जनअनुमोदन परीक्षण गर्ने सार्वभौम माध्यम चुनावमाथि नै प्रश्न खडा भएका छन् । नगदी प्रभावबाट भएको चुनावले स्वाभाविक जनमतलाई प्रतिनिधित्व गर्छ कि गर्दैन ? गणतन्त्रमा अब सबैभन्दा ठूलो चुनौती यही हुनेछ ।

कम्तीमा पनि जनताको सर्वोच्चता, संघीयतामा प्रदेश तथा त्यस मातहतका इकाइ स्वायत्त र अधिकारसम्पन्न बनाउने लक्ष्यसहित गणतान्त्रिक आन्दोलनमा होमिएको थिएँ । तर, जड सामन्ती संस्कारले यसलाई संक्रमित तुल्याएको छ । गणतन्त्रलाई स्वस्थ राख्न यसको तत्काल उपचार जरुरी छ । ◆

त्यो नागरिक हस्तक्षेप

देवेन्द्रराज पाण्डे

बहुदलीय व्यवस्थाको आगमनपछि दलहरूले जनअपेक्षा अनुसार जिम्मेवारीबोध गरेनन्। उनीहरूले बाटो बिराएका बेला सम्झाउनुको साटो राजाले छिर्के हान्न थाले । यसबीच माओवादीको विद्रोह उत्कर्षमा पुग्यो । राजा वीरेन्द्रको वंशनाश भयो र ज्ञानेन्द्रले अधिनायकवादी पाइला चाले ।

पहिले पाँच दल, पछि सात दल सडकमा उफ्रे पनि जनतामा एकखाले वितृष्णा थियो । त्यो परिवेशमा हस्तक्षेप गर्नुपर्छ भनेर अनौपचारिक बैठक गर्दै जाँदा नागरिक आन्दोलन जन्मिएको हो । सुरुमा हामीले 'गणतन्त्र' भनेनौं, 'लोकतन्त्र' मात्रै भन्यौं । खासमा सिद्धान्त र अभ्यास नमिल्दा प्रजातन्त्र 'आउटडेटेड' भइसकेको थियो। लोकतन्त्रको सांकेतिक अर्थ थियो, हामीलाई राजा नभए पनि हुन्छ।

एकातिर अकर्मण्यताका कारण जनतामा दलहरूप्रति चरम वितृष्णा फैलिएको थियो भने अर्कातिर सरकार-माओवादी द्वन्द्वको चपेटामा रातदिन पीडित थिए । माओवादी पनि नजित्ने, राज्य पनि नजित्ने अवस्थामा नागरिक तहको हस्तक्षेप जरुरी भइसकेको थियो ।

आन्दोलनरत दललाई संविधानसभासम्म पुऱ्याउने र माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने बीचको बाटो लियौं, हामीले । मूलतः हामी शान्ति स्थापनामा लागेका थियौं । गिरिजाप्रसाद कोइरालासँग मेरो भेट भइरहन्थ्यो। तर, प्रचण्डसँग सम्पर्क हुन सकेको थिएन । त्यतिबेला म कहिले ट्रान्सपरेन्सीका नाममा बर्लिन जान्थें, कहिले ह्युमन राइट्स भनेर जेनेभा जान्थें। विभिन्न सूत्रलाई भनें- म दिल्लीको बाटो हिँडिरहन्छु, प्रचण्डलाई खबर गरिदेओ न। सुरुमा त उनीहरूले ठट्टाजस्तो पनि सम्झेछन् । प्रचण्डसँग पहिलो भेटमै साढे तीन घन्टा बसिएछ । मैले उहाँलाई भनें, "समानता र सामाजिक न्यायका कुरामा हामी पनि संवेदनशील छौं। तर, त्यसका लागि हिंसा छाड्नुपऱ्यो।" हामीले यसका लागि नागरिक तहमा अथक प्रयास गऱ्यौं। शब्दै खोज्ने हो भने १२ बुँदे समझदारीमा पनि छैन, गणतन्त्र। त्यसमा 'पूर्ण लोकतन्त्र' भनिए पनि हाम्रो मन गणतान्त्रिक भइसकेको थियो। लोकतन्त्र स्वीकार गर्न नसक्ने जमात पनि हामीसँगै थियो । राज्यको पुनःसंरचना, काठमाडौंकेन्द्रित शासन व्यवस्थाको अन्त्य, समावेशी राज्यव्यवस्था, सामाजिक न्याय आदि भन्दाभन्दै हामी गणतन्त्रमा पुगिहाल्यौं ।

गणतन्त्रलाई सार्थक बनाउन समय लाग्छ । अहिले राज्यको चरित्रमै आधारभूत परिवर्तन भएको छ । संघीयताले गर्दा काठमाडौंकेन्द्रित सरकार जनताको घर-आँगनमा पुगेको छ। संघ, प्रदेश र स्थानीय गरी तीन तहको निर्वाचनमार्फत संरचना बनेका छन् । तर, जनताले सकारात्मक अनुभूति र सन्तोष लिन पाउने अवस्था बनिसकेको छैन। मूल कुरा लोकतन्त्र हो। गणतन्त्र भनेको त लोकतन्त्रको अभ्यास गर्ने राजनीतिक या शासकीय पद्धति मात्र हो। लोकतन्त्रलाई प्राण हाल्न या ज्यान भर्न गर्नुपर्ने काम थुप्रै छन्। जति भएका छन्, ती अपुग छन्। प्रयास भएका हुन् तर कमजोर भए।

लोकतन्त्रका केही आधारभूत मान्यता छन् । त्यसै अनुसार नागरिकले मर्यादायुक्त जीवन बिताउँछ, आफूले चुनेको सरकारबाट शासित हुन्छ, त्यो सरकारलाई आफूप्रति जवाफदेही बनाउँछ। अहिले कसो-कसो नमिलेजस्तो लागे पनि, चित्त नबुझे पनि त्यसलाई नकार्न सकिँदैन। संरचनात्मक प्रगतिले मात्र हामीलाई पुग्दैन। जनतालाई सार्थक अनुभूति हुने गरी उपलब्धि दिन सकेको छैन।

गणतन्त्रका १० वर्ष त संक्रमणकाल भन्दैमा गइहाल्यो। संविधान बनाउँदा त्यति धेरै समय खर्च भयो। गणतन्त्रसँग जोडिएका जनताका सपनालाई मूर्त रूप दिनुपर्ने पक्षले त्यसैलाई निहुँ बनायो। यति मात्र होइन, कसैको बहुमत भएन । विभिन्न गठबन्धन बनाउनुपऱ्यो । लेनदेन र साँठगाँठ गर्नुपऱ्यो । विकास निर्माणका काम धेरै पछाडि परे। लोकतन्त्र भन्दाभन्दै पनि राजनीतिमा अपवित्र घुसपैठ भयो।

१० वर्षपछिको सकारात्मक पक्ष के भने अब त्यो चरण गइसक्यो । संक्रमणकाल भन्न पनि पाइएन किनभने संविधान निर्माण र निर्वाचन आदि काम भइसके । बहुमत छैन भन्न पनि पाइएन । त्यो अवस्थाले अलिकति आशा जगाएको छ। यसलाई पनि उपलब्धिका रूपमा लिनुपर्छ। अहिलेको संविधानमा मधेसी, जनजाति, दलित, महिलालगायतको कतै न कतै असन्तुष्टि पोखिएको छ। अब त्यसलाई निषेध गरेर हिँड्न मिल्दैन। त्यसमा सत्तापक्ष र विपक्ष दुवै सहमत छन्। भलै सामान्य मत-मतान्तर होलान्।

यस प्रसंगमा मैले बरोबर ०४७ को संविधान बनाउँदाको उदाहरण दिने गरेको छु। मधेसी, जनजाति, दलित, महिलाका हक अधिकार, भाषिक, लैंगिक र धार्मिक स्वतन्त्रताका आवाज त्यतिबेला पनि नउठेका होइनन् । तर, त्यो चार महिनामै बनेको संविधान थियो। त्यसैले यथोचित सम्बोधन हुन सकेन। मलाई अचम्म लाग्छ, १० वर्षमा एकपटक पनि त्यो संविधानमा सानो संशोधनको कुरा उठेन। न सत्तापक्षले प्रयास गऱ्यो, न त विपक्षले। कसैले सुधारको आवश्यकता नै देखेन। बरु संसारकै उत्कृष्ट संविधान मात्र भनिरहे। अब पनि पुरानै चस्माले हेर्ने हो भने राम्रो हुँदैन ।

हिजो हामी नागरिक हस्तक्षेपमा उत्रियौं। त्यसमा सबै पेसा र व्यवसाय अनि विभिन्न तह र तप्काको प्रतिनिधित्व थियो। राज्यसत्ता घरिघरि परिवर्तन गरिरहने कुरा होइन। बरु राज्यसत्तालाई नागरिकको हितमा अधिकतम उपयोग गर्ने हो। स्वतन्त्र मानिसको स्वतन्त्र विचार र कार्यशैली हुन्छ । अब फेरि त्यही प्रकारको नागरिक आन्दोलन आवश्यक पर्छ भन्ने मलाई लाग्दैन। ♦

आन्दोलनलाई आवाज

■ **श्रवण मुकारुङ**

'बिसे नगर्चीको बयान' कविता कसरी लेख्नुभयो ?'

विभिन्न पत्रपत्रिका, रेडियो, टेलिभिजनहरूमा मैले यसको जवाफ दिएको छु। तर, आज फर्केर हेर्दा आफैं आश्चर्यचकित हुन्छु- के यी सब उत्तर मैले नै दिएको हुँ ?

मलाई अनायास हाम्रा प्रयोगवादी कवि मोहन कोइरालाको एउटा घटना सम्झना हुन्छ । ०५० तिर कीर्तिपुरमा एमए पढ्दै गरेका एक विद्यार्थी थेसिस लेख्ने योजनासहित कविजीको वासस्थान मैतीदेवी आइपुगेका थिए। उनले हातमा नोटबुक र कलम तयार पारेर कविजीलाई सोधे- "कविवर ! 'फर्सीको जरा', 'सारंगी'जस्ता कविता कसरी लेख्नुभयो ?"

छोटो मौनतापछि मधुर मुस्कानका साथ मोहन दाइले उत्तर दिनुभयो, "त्यही त भाइ, कसरी लेखें हुँला हगि ! म पनि आफैँलाई बेला-बेला यही प्रश्न सोध्ने गर्छु, कसरी लेखें हुँला ?" कविजीको यस्तो अनौठो उत्तर सुनेर ती विद्यार्थी अक्क न बक्क भए।

उनी केही छिनपछि नबोली त्यहाँबाट बिदा भए । मोहन दाइले उनलाई गेट नकाटुन्जेल 'आउँदै गर्नुस् है' भनिरहनुभयो। ती विद्यार्थीले एमए गरे-गरेनन् ? थाहा छैन । मलाई भने मोहन दाइसितको त्यो प्रसंग अहिले पनि रोचक लाग्छ । टीएस इलियटलाई पनि 'वेस्ट ल्यान्ड' लेखेपछि यस्तै प्रश्न गरियो, गरिएन होला ? तर, जानिफकार भन्छन्- त्यसैले उनी आफैं आफ्ना कविताको समालोचक भए। गोपालप्रसाद रिमाल, भूपि वा बैरागी काइँलाको कुरा पनि यही हो । यद्यपि, काइँलाको कविताको सही विमर्श गरिदिने इन्द्रबहादुर राईजस्ता व्याख्याता थिए।

०६२/०६३ को जनआन्दोलन सम्पन्न भएको डेढ दशक पुग्नै लाग्यो । राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र, अझ समावेशी लोकतन्त्रको अभ्यासमा छौं हामी। अहिले 'बिसे नगर्चीको बयान' कविताको वैचारिक बिन्दु वा आधारभूमिमा नेपालको राजनीतिक व्यवस्था छ। उसो भए अब के यो कविताको सान्दर्भिकता सकिएको हो ? तत्कालीन अवस्थामा निरंकुश राजतन्त्रविरुद्धमा लेखिएको यो कविताबारे छलफल गर्दा आउने कमजोर प्रश्नमध्ये एउटा यो पनि हो। यसको उत्तर मैले दिइरहनु नपर्ला। किनभने, असल सिर्जनाको सान्दर्भिकता सधैं रहिरहन्छ भन्ने सर्वविदितै छ। तर, आज यहाँ यही विषयमा फेरि किन चर्चा गरिँदैछ भने जनआन्दोलनका बेला यो कविता प्रथमपटक *नेपाल* साप्ताहिकको १९ असार ०६२ को अंकमा प्रकाशित भएको थियो।



■ कविता

श्रवण मुकारुङ

जन्म : २०२५ जेठ २६, दिल्पा, भोजपुर
प्रकाशित कृति : दुई कवितासङ्ग्रह, एक गीतसङ्ग्रह, एक नाटक र एक गीतिएल्बम
सिर्जनाको प्रमुख विधा : कविता

बिसे नगर्चीको बयान

मालिक !
म यो गोरखा राज्यमा
अढाई सय वर्षपछि बौलाएँ।
मेरो टाउको फनफनी घुमिरहेछ
जमिन आकाशतिर
आकाश जमिनतिर भइरहेछ
आँखा तिर्मिरतिर्मिर भएर
हजुरको शिर दसवटा देखिरहेछु

खोइ मेरो पैताला कहाँनिर छ ?
कहाँनिर छ बिसे नगर्ची ?
मालिक !
म बौलाएँ।

मैले त महाराजको सेवा गर्नुपर्ने
इतिहासको रक्षा गर्न
यो गोरखकालीको पाउ छोएर
नुनको सोझो हुनुपर्ने
अढाई सय वर्षपछि आज के भयो मलाई ?
यो बिसेलाई दशा लाग्यो मालिक !
म बौलाएँ।

नाथे मेरी स्वास्नी न हो मारिएकी
नाथे मेरी छोरी न हो बलात्कृत भएकी
नाथे यो बिसेको झुप्रो न हो जलाइएको
यतिमै यो बिसे उफ्रनुपर्ने ? थुइक्क बिसे ...।
म बौलाएँ मालिक !
म बौलाएँ।

मेरो हात भाँचियो
अब म हजुरका भारदारहरूलाई लबेदा सिउन सक्दिनँ
नर्सिङ्गा फुक्न/सनाई बजाउन
अथवा कुनै मङ्गलगान वा मृत्युगीत गाउन सक्दिनँ
मेरो खुट्टा भाँचियो
अब म हजुरको राज्यको पहरा गर्न सक्दिनँ
मेरो दिमागै ठीकमा छैन
अब म ठिक्कले बोल्न सक्दिनँ
मालिक ! म बौलाएँ।

मालिक !
यो गोरखा राज्यअघि उभिएका
हिजोका ती अग्ला अग्ला पहाडहरू
आज कसरी यस्तरी होचाहोचा भए ?
हिजोका ती सग्ला र कल्कलाउँदा यहाँका मानिसहरू
आज कसरी यस्तरी खुनी र कुरूप भए ?
यो दरौंदी किन उल्टो बगेको देख्छु ?
यो दरबारै किन खण्डहरजस्तो देख्छु ?
म बौलाएँ मालिक ! म बौलाएँ।

मालिक !
हजुरको तरवारले टाउको काट्छ कि फूल ?
भ्रममा परें म
हजुरको बन्दुकले विचार ढाल्छ कि मान्छे ?
भ्रममा परें म
यस राज्यलाई प्रजाले बनायो कि राजाले ?
भ्रममा परें म
अढाई सय वर्षदेखि म तपाईंसमक्ष छु मालिक !
म कसरी आतङ्ककारी हुनसक्छु ?
म केवल बौलाएँ मालिक !
बौलाएँ।

हो, मैले मालिकको दिव्योपदेश पालन गरिनँ हुँला
रक्सी खाएर
यो देश मैले पनि आर्जेको हुँ भनें हुँला
भानुभक्त बाजेको गीत र मेरो सियो बराबर हो भनें हुँला
मैले सिएका सुकिला लुगा ओढेकाहरूलाई
मेरो नाङ्गो आङ देखाएँ हुँला
बौलाएपछि मैले मैरै भगवान्‌लाई पनि गाली गरें हुँला

मालिक !
मान्छे बौलाएपछि आफैँसित पनि निहुँ खोज्दोरहेछ
अढाई सय वर्षदेखि मैले तुनेका थाङ्नामा हुर्केका
मेरा दरसन्तानहरू कहाँकहाँ पुगे ?
मैले खोज्न चाहें हुँला
मेरा औंलामा खोपिएका छ्यान्द्रा र बगेका
रगतहरूले मलाई उक्सायो
तरबारले आर्जेको मुलुकभन्दा
मैले धागोले उनेको मुलुक विशाल ठानें हुँला

मालिक !
यस माटोको इतिहाससँगै म हजुरको राष्ट्रमा छु
म कसरी अराष्ट्रिय हुन सक्छु ?
म साँच्चै बौलाएँ मालिक !
साँच्चै बौलाएँ।

मेरो टाउको फनफनी घुमिरहेछ
जमिन आकाशतिर
आकाश जमिनतिर भइरहेछ
आँखा तिर्मिरतिर्मिर भएर
हजुरको शिर दसवटा देखिरहेछु

खोइ मेरो पैताला कहाँनिर छ ?
कहाँनिर छ बिसे नगर्ची ?
मालिक ! म बौलाएँ।

त्यतिखेर जनआन्दोलन उत्कर्षतिर थियो । राज्यद्वारा सञ्चार माध्यममाथि व्यापक दमन सुरु भएको थियो। *रेडियो सगरमाथा, रेडियो कान्तिपुर*जस्ता एफएममा ज्यादती बढिरहेको थियो । स्वतन्त्र रेडियो बचाऊ आन्दोलन पनि चर्किंदै थियो। यसका अगुवा थिए, अभियन्ता रघु मैनाली । उनैले वाक् स्वतन्त्रताका पक्षमा स्रष्टाका तर्फबाट ऐक्यबद्धता जाहेर गर्न कवितासहित आर्ट काउन्सिल, बबरमहलमा उपस्थित हुन अनुरोध गरे । मैले भोलि बिहान सुनाउन त्यही रात यो कविता लेखें।

कविता झट्टै, अनायास वा तत्काल लेखिने विषय होइन । कविको चेतन-अवचेतनमा अघिदेखि त्यसको निर्माण वा विनिर्माणको प्रक्रिया गुज्रिरहेको हुन्छ । आशुकवि वा लोककविहरूले पनि कविता तत्काल निर्माण गर्ने होइनन्, उनीहरूभित्र अघि नै तिनका जीवन, संघर्ष वा अनुभवले कविता बुनिसकेका हुन्छन्, बुनिरहेका हुन्छन्। बाहिर प्रस्फुटन हुने मौका मात्रै मेला, हाटबजार, भेट वा संयोगहरू भइदिन्छन्। यसकारण मैले 'बिसे नगर्चीको बयान' कविता मेरो मस्तिष्कमा त्यतिबेलादेखि लेख्न थालें हुँला, जतिबेलादेखि मैले यो देश, देश होइन। अन्याय, असमानता र विभेदहरूको कालो दह हो। यसको मूल कारण यहाँको व्यवस्था हो भन्ने बुझें । तर, कविता त भाषाको कला पनि हो । सार्वजनिक हुन त फेरि शब्दले लेखिनैपर्छ। त्यसैले शब्दद्वारा व्यक्त हुन कविलाई भाषा चाहिन्छ । त्यो भाषा मलाई ०६२-६३ को जनआन्दोलनले दियो। त्यो जनआन्दोलनको भाषा भनेको यो देशका उत्पीडित, दलित, सीमान्तकृत वा सबाल्टर्नहरूले आफ्नो हक-अधिकार खोज्ने भाषा थियो। मैले त्यही महान् भाषा समाएँ र यो कविता परिवर्तन चाहनेहरूका लागि नारा नै बन्यो, साझा सपनाजस्तो बन्यो। ◆

सन्दर्भ

अप्ठेरोमा अन्डरकभर अपरेसन

कार्यविधि नहुँदा संगठित अपराध अनुसन्धानमा झमेला

मनबहादुर बस्नेत

मोरङ, उर्लाबारीका सनम शाक्यको हत्या भएको र उक्त शव व्यवस्थापन गरिदिए तीन करोड रुपियाँ खर्च गर्ने सूचना महानगरीय प्रहरी अपराध महाशाखामा आयो, गत १८ माघमा। यस्तो खबर दिने अरू कोही नभएर सुन तस्करीमा जोडिएका चूडामणि उप्रेती 'गोरे' स्वयं थिए। गोरे पक्राउ गर्न सके तस्करीको उपल्लो तहसम्म पुगिने आकलनसहित प्रहरीले 'अन्डरकभर अपरेसन' चलायो, तुरुन्तै। दुबईबाट अवैध बाटो हुँदै आएको सुन गायबपछि उत्पन्न विवादका क्रममा सनमको हत्या भएको थियो।

त्यसपछि प्रहरीले सर्त राख्यो-शव व्यवस्थापन गरिदिने तर त्यसका लागि पहिले रकम भुक्तानी गर्नुपर्ने। प्रहरीले 'अन्डरकभर अपरेसन' (भेष बदलेर गरिने प्रहरी अनुसन्धान) दाबी गरेको यही घटनाले केही अनुसन्धान अधिकृतलाई भने जेलमा पुर्‍याइदियो। यद्यपि, मुद्दाको अन्तिम किनारा लाग्न बाँकी नै छ। महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिवेश लोहनीसहित अपरेसनमा खटिएका तीन प्रहरीलाई जिल्ला अदालत मोरङले ८ जेठमा पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। सनम हत्या र सुन तस्करीबारे गृह मन्त्रालयद्वारा गठित उच्चस्तरीय विशेष छानबिन समितिले संगठित अपराधलाई सघाएको अभियोग लगाएर मुद्दा दायर गरेको थियो।

अपरेसन सञ्चालन गर्नेहरूको नियतमाथि प्रश्न उठाउँदै समितिले अदालतमा पेस गरेको अभियोजन पत्रमा भनिएको छ,'...लाश बेपत्ता पारी केस मिलाएबापत सुरुमा रु. पाँच करोडको प्रस्ताव भए पनि डिल २ करोडमा भएको तथ्य प्रतिवादीहरूले स्वीकार गरेको...उक्त डिल अभियुक्तलाई पक्राउ गर्न गरिएको भन्ने जिकिर अन्य कुनै प्रमाण परिस्थितिले पुष्टि भएको देखिँदैन।'

अपरेसन चलाउने प्रहरी दोषी छन् वा छैनन्? अदालतले निरुपण गर्ने नै छ। तर, अहिले भने यो घटनाले दुइटा तथ्य एकसाथ सतहमा ल्याइदिएको छ। पहिलो, प्रहरीको अन्डरकभर अपरेसन विवादमा तानिनु। दोस्रो, यस्ता अपरेसन सञ्चालन गर्दा आवश्यक कानुनी प्रस्टताको टड्कारो अभाव हुनु।

खासगरी प्रहरीले संगठित प्रकृतिका अपराधको जरासम्म पुग्न अन्डरकभर अपरेसन चलाउने गर्छ। लागूऔषध, हातहतियार, सुनको अवैध कारोबार, नक्कली मुद्रा, मानव तस्करी, आतंकवादी क्रियाकलापजस्ता अपराध रोक्न प्रहरीले यस्तो अपरेसन चलाउने गर्छ।

संगठित अपराध निवारण ऐन, सम्पत्ति शुद्धीकरण अनुसन्धान ऐन, लागूऔषध नियन्त्रण ऐनमा रहेका व्यवस्थालाई आधार मानेर यस्तो अपरेसन सञ्चालन गर्छ। यी ऐनमा असल नियतले गरेको काममा अनुसन्धान गर्ने व्यक्ति वा सरकारी कर्मचारीलाई कारबाही नहुने व्यवस्था छ। तर, त्यस्तो अपरेसन चलाउन आवश्यक विस्तृत मापदण्ड, कार्यविधि भने तय गरिएको छैन। "ऐनमा राखेर मात्र पुग्दैन। ऐन भनेको नीतिगत कुरा भो। काम गर्न कार्यविधि नै चाहिन्छ," नेपाल प्रहरीका अवकाशप्राप्त प्रहरी नायब महानिरीक्षक (डीआइजी) हेमन्त मल्ल भन्छन्।

ऐनमा असल नियतले गरेको काममा कारबाही

नहुने व्यवस्था छ । तर, सद्नियत र बद्नियत छुटाउने मापकीय संयन्त्र छैन । त्यस्ता संयन्त्र सम्बन्धित विभागहरूको आवश्यकता अनुसार तय हुनुपर्ने हो । कार्यविधि, निर्देशिकाले मापन संयन्त्र निर्धारण गर्ने पूर्वनायव महान्यायाधिवक्ता सूर्य कोइराला बताउँछन् । "सामान्यतः ऐनले सैद्धान्तिक कुरा गरेको हुन्छ । त्यसको दायरा एकदमै बृहत् हुन्छ । फिल्डमा कार्यान्वयन गर्न गाइडलाइन चाहिन्छ," उनी भन्छन् ।

संगठित अपराध रोक्न प्रहरीले आपराधिक समूहमा विभिन्न तरिकाले आफ्नो पहुँच बनाउने गर्छ । यसलाई अन्डरकभर, कोभर्ट अपरेसन भनिन्छ । प्रहरीले विभिन्न भूमिका निर्वाह गरेर संगठित आपराधिक समूहमा पुग्नुपर्ने हुन्छ । बाइ एन्ड ब्रस्ट (कानुनद्वारा निषेधित कुरा किन्ने र मूल गिरोहसम्म पुगेर जफत गर्ने) गिरोहको सदस्य बन्नु, कारोबारी र ग्राहकको भेष बदल्नु अनुसन्धानका केही प्रचलित विधि हुन् ।

अवैध वस्तु साथमा छ भन्ने जान्दाजान्दै पनि कहिलेकाहीं प्रहरीले उसलाई पक्राउ गर्दैन । बरु निगरानी मात्रै बढाउँछ, गिरोहको उपल्लो तहमा पुग्ने आशाले । यस्तो बेला नतिजा सधैं प्रहरीले चाहेजस्तो आउँछ भन्ने यकिन हुँदैन । "विडम्बना हामीकहाँ यी विधि प्रयोग गर्ने निर्दिष्ट कानुनको अभाव छ," लागूऔषध नियन्त्रण ब्युरोमा प्रहरीको अनुसन्धान टोलीभित्र रहेर लामो समय काम गरेका कोइराला भन्छन् । अन्डरकभर अपरेसन चलाउँदा यस्ता कार्यविधि अपरिहार्य हुने उनको भनाइ छ ।

यस्तो अपरेसन चलाउँदा प्रायः प्रचलित कानुनी प्रावधान उल्लंघन गर्नुपर्नेसमेत हुन्छ । "यसो गर्दा अनुसन्धानमा खटिने अधिकारीलाई केही समस्या आएमा कानुनले नै संरक्षण गर्नुपर्छ," पूर्वडीआइजी मल्ल भन्छन्, "अहिलेका ऐनले यसबारे सामान्य तवरमा बोलेको छ । तर, त्यसले सबै कुरा समेट्न सकेको छैन । छुट्टै कानुन ल्याउनुपर्ने भए छलफल गरेर व्यवस्था गर्नुपर्छ । नभए कार्यविधि त चाहिन्छ नै ।"

कानुन कार्यान्वयन निकाय नै कानुनी अस्पष्टतामा अल्झिएको छ । यसले आउँदा दिनमा अपराध अनुसन्धानमा काबिल अधिकृतहरू नै जोखिम मोल्न तयार नहुने हुन् कि भन्ने भयसमेत पलाएको छ । पूर्वडीआइजी मल्लको विश्लेषणमा पनि कानुनी प्रस्टता नहुने हो भने उप्रान्त प्रहरीले संगठित अपराध नियन्त्रणका लागि जोखिम लिएर काम गर्न मुस्किल पर्न सक्छ । भन्छन्, "किनभने असल र खराब नियतका प्यारामिटरहरू कार्यविधिमा नतोकिएसम्म यो एकदमै छरपस्ट रहिरहनेछ ।" ◆

तस्बिर : संजोग मानन्धर

३३ किलो सुन तस्करी प्रकरणमा संलग्न चूडामणि उप्रेती 'गोरे' लाई गृह मन्त्रालयमा सार्वजनिक गरिँदै, ८ जेठ

विवाद सर्वोच्चसम्म

असल नियत कतिसम्म बृहत्तर र अमूर्त विषय हो भने यो विवाद सर्वोच्च अदालतसम्म पुगेको छ । बल प्रयोग गर्ने राज्यका निकायले यस्तो कानुनी प्रावधान दुरुपयोग गर्ने गरेकाले यो व्यवस्था खारेजी हुनुपर्ने वा असल-गलत नियत मापन गर्ने संयन्त्र हुनुपर्ने, राज्यका निकाय उत्तरदायी हुनुपर्ने भन्दै सात वर्षअघि नै रिट दायर भएको थियो । अधिवक्ता माधव गौतमद्वारा हालिएको रिट अद्यापि विचाराधीन छ । सैनिक, सशस्त्र प्रहरी, प्रहरी, वन, नागरिक अधिकार ऐनमा असल नियतले काम गर्दा अरूलाई पर्ने क्षति, हानिको भागिदार सम्बन्धित कर्मचारी बन्नु नपर्ने उल्लेख छ । यही कानुनी प्रावधान राज्यका निकायले आफ्नो गैरकानुनी कर्म छोप्न प्रयोग हुने गरेको आरोप छ ।

यस्तै अर्को मुद्दा सर्वोच्चमा विचाराधीन छ । ०६६ मा बर्दियाको बासपानीमा दलित परिवारका तीन जनालाई सेनाले चोरी सिकारीमा संलग्न भएको आरोपमा हत्या गर्‍यो । विपन्न परिवारका चन्द्रकला, देवीसरा र अमृता विक उक्त घटनामा मारिएका थिए । मृतकका परिवारले चाहिँ उनीहरू वनमा काउलो टिप्न गएको बताउँदै आएको छ । साथै, नियन्त्रणमा लिन सक्ने अवस्था हुँदाहुँदै सेनाले गोली प्रहार गरेको आरोपसमेत छ । अदालतमा सेनाले पठाएको जवाफमा असल नियतले काम गर्दा 'सिकारी'को मृत्यु भएकाले कानुनी कारबाही नहुने उल्लेख छ ।

तस्बिर : भास्वर ओझा

बेवास्ताको नमुना

सर्वोच्च अदालत, अख्तियारलगायत नौ संवैधानिक निकाय प्रमुख तथा पदाधिकारीविहीन

जनक नेपाल

हरेकजसो भाषणमा कानुनी शासनको प्रत्याभूति गराउने र भ्रष्टाचार नियन्त्रण गर्ने दाबी गर्छन्, प्रधानमन्त्री केपी शर्मा ओली । तर, उनले सत्ता सम्हालेको तीन महिना बितिसक्दासमेत सर्वोच्च अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नेतृत्वविहीन छन् ।

ती निकायमा नियुक्त गर्ने संवैधानिक परिषद्ले पूर्णता पाएकै साढे दुई महिना भइसक्यो । तर, एउटै बैठक बस्न सकेको छैन । त्यसैले सर्वोच्चका प्रधानन्यायाधीश र अख्तियारका प्रमुख आयुक्त मात्र होइन, १२ संवैधानिक निकायमध्ये नौ वटामा प्रमुख तथा पदाधिकारी छैनन् ।

संविधानतः बन्नुपर्ने छवटा आयोग गठनको कुनै सुरसार छैन । संवैधानिक निकायप्रति सरकारी बेवास्ता देखिएको छ । कानुनतः कायम-मुकायम पाएका न्यायाधीशलाई प्रधानन्यायाधीशका प्रायः सबै अधिकार दिइएको छ । तर, प्रधानन्यायाधीश नियुक्ति नहुँदासम्म ती कानुनी अधिकार प्रयोग गर्न मनोवैज्ञानिक रूपमा नसक्ने सर्वोच्च अदालतका पूर्वरजिस्टार रामकृष्ण तिमिल्सिना बताउँछन् । भन्छन्, "सबै अधिकार भए पनि कामुलाई काम गर्ने कन्फिडेन्स हुँदैन ।" अहिले न्याय परिषद्ले गर्ने न्यायाधीश नियुक्ति नहुनु र सर्वोच्चमा महत्त्वपूर्ण मुद्दा पेसीमा नचढ्नुको एउटा कारण त्यसैलाई मानिएको छ ।

सरकारले संवैधानिक अंगमा नियुक्ति नगरेर संविधानको ठाडो उल्लंघन गरेको तिमिल्सिनाको दाबी छ । यस्ता ढिलासुस्तीले संवैधानिक अंगको कार्य प्रभावकारिता घटाउने र लोकतन्त्रलाई कमजोर बनाउने उनको बुझाइ छ । "संसद्को नियमावलीलाई देखाएर शक्तिशाली सरकारले यति ठूलो पद अड्काएर राख्न मिल्दैन," उनी भन्छन्, "सरकारले गम्भीरताका साथ चाहेको भए उहिल्यै नियमावली पनि बन्थ्यो । यी नियुक्ति पनि भइसक्थे ।"

संवैधानिक परिषद्ले पद रिक्त हुनु एक महिनाअगावै नियुक्ति सिफारिस गर्नुपर्ने संविधानमा व्यवस्था छ । प्रधानन्यायाधीश, संवैधानिक प्रमुख वा पदाधिकारीको राजीनामापछि एक महिनाभित्र पदपूर्ति हुने गरी नियुक्तिका लागि सिफारिस गर्नुपर्ने संवैधानिक व्यवस्था छ । तर, ३० फागुन ०७४ मा तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको वहिर्गमनपछि सर्वोच्च अदालत प्रधानन्यायाधीशविहीन छ । कामु प्रधानन्यायाधीश दीपकराज जोशीले वरिष्ठताका आधारमा काम चलाइरहेका छन् । प्रधानन्यायाधीश नियुक्ति नहुँदासम्म उनले महत्त्वका साथ हेरिएका भ्रष्टाचारलगायतका मुद्दामा हात नहाल्ने नीति लिएको देखिन्छ । त्यसैले दुई महिनादेखि त्यस्ता मुद्दा पेसी चढेका छैनन् । नेपाल बार एसोसिएसनका उपाध्यक्ष शालिकराम सापकोटा लामो समय संवैधानिक निकाय रिक्त रहँदा सरकारप्रति प्रश्न उठ्न लागेको बताउँछन् । "प्रधानन्यायाधीशमा सिफारिस भएकामध्ये सरकारले जोसुकै नियुक्ति गरोस्, तर छिटो गरोस्," उनी भन्छन्, "लोकतन्त्रमा संवैधानिक निकाय खाली रहनु शोभनीय भएन ।"

प्रभावकारितामै प्रश्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त दीप बस्न्यातको ६५ वर्ष उमेर हदले २९ माघ ०७४ मा पदावधि सकिएपछि नयाँ नियुक्ति भएको छैन । लोकमानसिंह कार्की बर्खास्तीपछि तीन महिना कार्यवाहकसहित उनले झन्डै एक वर्ष प्रमुखको जिम्मेवारी लिए । अहिले आयुक्त नवीन घिमिरे कायम-मुकायम प्रमुख छन् । अख्तियारमा प्रमुख नियुक्त नहुँदा त्यसको प्रभावकारितामै फरक आएको पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको दाबी छ । भन्छन्, "आयोगको काममा धेरै अप्ठेरो परेको देखिएको छ । संसदीय सुनुवाइको व्यवस्था नभएको मात्र कारण हो भने छिटो व्यवस्था गरी नियुक्त गर्नुपर्‍यो ।"

२७ असोज ०७४ मै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको ऐन प्रमाणीकरण भए पनि अहिलेसम्म गठन भएको छैन । संघीयता कार्यान्वयनका लागि महत्त्वपूर्ण मानिएको आयोग एउटा सचिवको भरमा छाडिएको छ । संघीय संरचनामा बजेट बाँडफाँटको जिम्मा दिइएको आयोग नहुँदा अन्योल उत्पन्न भएको छ ।

राष्ट्रिय महिला आयोग तीन वर्षदेखि पदाधिकारीविहीन छ । अध्यक्ष तथा पदाधिकारीको कार्यकाल सकिएपछि नयाँ नियुक्त गरिएन । राष्ट्रिय दलित आयोगको स्थिति पनि त्यस्तै छ । डेढ वर्षदेखि प्रमुखविहीन भइदिँदा कुनै पनि नीतिगत

प्रधानन्यायाधीशको रोलक्रम

दीपकराज जोशी ओमप्रकाश मिश्र चोलेन्द्रशमशेर राणा

निर्णय हुन पाएका छैनन् । महिला आयोगलाई महिला हिंसापीडितका मुद्दामा र दलित आयोगलाई जातीय भेदभाव, छुवाछूतजस्ता कुरीतिबाट पीडितका मुद्दा दर्ता गर्न सिफारिस गर्ने अधिकार दिइएको छ । तर, ती दुवै निकाय अहिले निस्क्रिय छन् ।

संघीय संसद्का दुवै सदनले नियमावली नटुंग्याउँदा संसदीय सुनुवाइ समिति गठन हुन सकेको छैन । नियमावली मस्यौदा संसदीय समितिको संख्या, फौजदारी अभियोगमा पक्राउ परेका सांसद निलम्बित हुने वा नहुने र राष्ट्रियसभाका सदस्यको पदावधिका लागि गरिने गोलाप्रथाको प्रक्रियामा सहमति हुन नसक्दा रोकिएको छ । नियमावली पास भएपछि संघीय संसद्का दुवै सदनका सदस्य रहने १५ सदस्यीय संसदीय सुनुवाइ समिति गठन हुनेछ ।

संवैधानिक परिषद्को सिफारिसमा नियुक्ति हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी र राजदूतमा नियुक्ति हुनुअघि संघीय कानुन बमोजिम संसदीय सुनुवाइ गर्नुपर्ने व्यवस्था छ । ०६२/०६३ को जनआन्दोलनपछि १ माघ ०६३ मा जारी भएको अन्तरिम संविधानले पहिलोपटक न्यायाधीशको संसदीय सुनुवाइ व्यवस्था गरेको हो । सरकारले संवैधानिक निकायमा नियुक्ति नहुनुमा अहिले त्यसैलाई कारण देखाएको छ ।

संसदीय सुनुवाइ समिति गठन गर्नुभन्दा पहिले संसद्को नियमावली पास हुनुपर्छ । अहिले सदनमा सरकारको नीति तथा कार्यक्रम पेस भई छलफल चलिरहेको छ । १५ जेठमा बजेट सार्वजनिकपछि पास नहुन्जेल संघीय संसद् त्यसैमा व्यस्त हुनेछ । त्यसैले संसदीय सुनुवाइका लागि समिति बन्न अझै एक महिना लाग्न सक्छ ।

राजनीतिक लबिङ

न्याय परिषद्ले प्रधानन्यायाधीशका लागि सम्भाव्य वरिष्ठ न्यायाधीशत्रय दीपकराज जोशी, ओमप्रकाश मिश्र र चोलेन्द्रशमशेर राणाको नाम संवैधानिक परिषद्मा सिफारिस गऱ्यो । तर, नियुक्ति लम्बिँदा कायम-मुकायम प्रधानन्यायाधीश जोशीको बेचैनी बढेको छ । त्यसैले उनी राजनीतिक लबिङमा लागेका छन् । त्यसैको उदाहरण हो, ८ वैशाखमा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगको भेट ।

जोशी निकट स्रोतका अनुसार, तत्कालीन माओवादी केन्द्रले मिश्रलाई प्रधानन्यायाधीश बनाउन चाहेको सूचनापछि राजनीतिक चलखेल रोक्न उनले प्रचण्डलाई भेटेका थिए । सत्तारुढ दलका केही नेताहरूले प्रधानन्यायाधीशमा यसपटक रोलक्रम मिचिन सक्ने संकेत गरेर जोशीलाई झस्काइदिएका छन् । यसलाई कार्यपालिकाको प्रभावमा अदालतलाई राख्ने सरकारी चालका रूपमा लिनेहरू पनि छन् । प्रधानमन्त्री ओली जोशीको पक्षमै देखिन्छन् । जोशी प्रधानमन्त्रीसँग भेटेर आश्वस्त भएपछि नै उनी ५ चैतमा बालुवाटारस्थित सरकारी निवास सरेको स्रोतको दाबी छ । जोशीलाई ओलीसँग भेटाउन महान्यायाधिवक्ता अग्नि खरेलको भूमिका देखिन्छ । त्यससँगै न्यायालयमा बढेको उनको अस्वाभाविक चलखेललाई धेरैले राम्रो मानेका छैनन् ।

प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषद्मा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, विपक्षी दलका नेता र उपसभामुख रहने व्यवस्था छ । प्रधानन्यायाधीश नियुक्तिको सिफारिसमा भने कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री सदस्य रहन्छन् ।

सिफारिसमा परेका अर्का न्यायाधीश मिश्रको लबिङ पनि कम छैन । उनले नेकपा अध्यक्ष प्रचण्ड र वाणिज्यमन्त्री मातृका यादवसम्म आफ्नो दाबी पुऱ्याएका छन् । पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद साहले समेत उनकै लबिङ गरिरहेका छन् । साह उनै हुन्, जसले न्याय परिषद् सदस्य हुँदा दीपकराज जोशी र गोविन्दकुमार उपाध्यायलाई कार्यक्षमता अभाव रहेको भन्दै सर्वोच्चको न्यायाधीश नियुक्ति गर्ने निर्णयमा 'नोट अफ डिसेन्ट' लेखेका थिए ।

सरकारले अड्काउने र कामु न्यायाधीश नियुक्तिका लागि नेताकहाँ धाउनु न्यायपालिकाको मर्यादा र परम्परा विपरीत भएको पूर्वन्यायाधीश बलराम केसी बताउँछन् । "कामु प्रधानन्यायाधीशले त्यसरी भेट्न हुँदैनथ्यो । त्यो नैतिकताबाहिरको कुरा हो," उनी भन्छन्, "त्यसले स्वतन्त्र न्यायपालिका विवादमा तानिन्छ । म्याच फिक्सिङ वा बार्गेनिङको आशंका जन्माउँछ ।"

पूर्वप्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठले नेतालाई भेट्न आफूलाई पनि दबाब आएको बताएका थिए । तर, उनले 'नेताको ढोका नचहार्दैमा प्रधानन्यायाधीश नपाउने भए ठीकै छ' भन्ने जवाफ पठाएका थिए । त्यस्तै, पूर्वप्रधानन्यायाधीश विश्वनाथ उपाध्यायलाई राजा वीरेन्द्रले एक्लै भेट्न बोलाएका थिए । उनले पनि कार्यपालिका र न्यायपालिकाबीचको दूरी देखाउँदै 'सामूहिक भेट भए ठीक छ । एक्लाएक्लै हुन्न' भन्ने सन्देश पठाएका थिए । पछिल्लो समय पूर्वप्रधानन्यायाधीश खिलराज रेग्मी मन्त्रिपरिषद् अध्यक्ष नियुक्त भएपछि कार्यपालिका र न्यायपालिकाबीचका धेरै मर्यादा भत्किएको मानिन्छ ।

सिफारिस गरिएको रोलक्रम नतोड्ने हो भने न्याय परिषद्ले नै वरिष्ठ न्यायाधीशलाई प्रधानन्यायाधीश सिफारिस गर्नु उपयुक्त हुने पूर्वन्यायाधीश केसीको तर्क छ । "सिफारिसमध्ये कार्य मूल्यांकन हेरेर छान्ने हो भने संवैधानिक परिषद्मा लैजानु ठीक छ," उनी भन्छन्, "होइन भने न्याय परिषद्ले सिफारिस गर्नु उपयुक्त हुन्छ । गलत सिफारिस भए संसदीय सुनुवाइबाट निर्णय उल्टिन सक्छ ।" ♦

प्रमुखविहीन निकाय

- सर्वोच्च अदालत
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय दलित आयोग

गठन नभएका आयोगहरु

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- राष्ट्रिय समावेशी आयोग
- आदिवासी जनजाति आयोग
- मधेसी आयोग
- थारु आयोग
- मुस्लिम आयोग

लोकप्रिय नारा अपत्यारिला कार्यक्रम

नीति तथा कार्यक्रम श्वेतपत्रको तुलनामा रक्षात्मक

विजयराज खनाल

'सरकारले लोकप्रियताका लागि काम गर्दैन, जनताका लागि राम्रा काम गरेर लोकप्रिय हुन्छ ।' ७ जेठमा सरकारले ल्याएको नीति तथा कार्यक्रमको उद्‌घोष छ । सरकारको नीति तथा कार्यक्रममा स्थानीय तह र प्रदेशको निर्वाचनअगावै तत्कालीन नेकपा एमालेले सार्वजनिक गरेको घोषणापत्रका केही बुँदा घुमाउरो पारामा संशोधन भएर आएका छन् ।

घोषणापत्रमा १० वर्षमा प्रतिव्यक्ति आय पाँच हजार डलर पुर्‍याउने उल्लेख छ भने नीति तथा कार्यक्रममा पाँच वर्षभित्र हालको भन्दा दोब्बर मात्र बनाउन सक्ने उल्लेख गरेको छ । तथापि, हालकै लक्ष्य पनि महत्त्वाकांक्षी छ ।

घोषणापत्र लेखकमध्येका एक अर्थमन्त्री युवराज खतिवडाको छाप नीति तथा कार्यक्रममा पर्नु स्वाभाविकै हो । केन्द्रीय तथ्यांक विभागको नयाँ प्रतिवेदन अनुसार नेपालीको प्रतिव्यक्ति आम्दानी १ हजार ४ डलर पुगेको छ ।

पाँच वर्षमा व्यक्ति आय दोब्बर बनाउन मुलुकको आर्थिक वृद्धिदर वार्षिक रूपमा दोहोरो अंकमा हुनुपर्ने अधिकांश विश्लेषकको भनाइ छ । तर, कार्यक्रमले नै पाँच वर्ष नपुगी दोहोरो आर्थिक वृद्धि हासिल गर्न नसकिने कुरालाई आत्मसात् गरेको छ । "मेरो गणनाले अहिलेकै आधारमा प्रतिव्यक्ति आय दोब्बर हुन कम्तीमा पनि आठ वर्ष लाग्छ," अर्थविद् केशव आचार्य भन्छन् ।

श्वेतपत्रमा तीव्र आलोचना खेपेको सरकारले नीति तथा कार्यक्रममा रक्षात्मक हुँदै 'सावधानी' अपनाएको त देखियो । तर, चाहिने जति तयारी गरेन । मुख्यतः सरकारले आफ्नै अडानमा विरोधाभास हुने गरी केही कार्यक्रम अगाडि सारेको छ भने श्वेतपत्र र घोषणापत्रभन्दा मध्यमार्गी धार समातेको छ । "सरकार श्वेतपत्रमा भन्दा नरम र उदार देखिएको छ," अर्थविद् अच्युत वाग्ले भन्छन्, "तर संघीयता, व्यापार घाटालगायतका विभिन्न विषयमा मौन छ ।"

कार्यक्रमको विरोधाभास !

नीति तथा कार्यक्रममा पर्याप्त तयारी नसकिएका आयोजनालाई बजेट विनियोजन नगरिने भनिएको छ । यद्यपि, चुरे र भित्री मधेसका उपत्यका जोड्ने लक्ष्यसहित औद्योगिक करिडोरको रूपमा मदन भण्डारी राजमार्गजस्ता नयाँ योजना अगाडि बढाउने संकेत गरेको छ ।

"नयाँ कार्यक्रमका रूपमा आउनु मात्रैले विरोधाभास देखिएको होइन," अर्थविद् आचार्यको

तस्बिर : अंगद ढकाल

राष्ट्रपति विद्यादेवी भण्डारी बानेश्वरस्थित संघीय संसद्मा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै, ७ जेठ।

यसले समस्या निम्त्याउनेछ।"

हालको पूर्व पश्चिम राजमार्गका केही खण्ड छुन सक्ने देखिए पनि त्यसभन्दा माथिल्लो भागमा रहने यो राजमार्ग निर्माणका क्रममा पहाडका बालुवा, गिटीको अवैध दोहन बढ्न सक्छ। सरकारले हुलाकी राजमार्गलाई प्राथमिकतामा राखेको भए यसबाट हुने आर्थिक लाभले नै मदन भण्डारी राजमार्ग बन्ने स्रोत जुट्न सक्थ्यो। हाल कुल १ हजार ७ सय ९२ किलोमिटर लम्बाइ रहेको हुलाकी राजमार्गको करिब चार सय किमि खण्ड मात्र बन्न बाँकी छ।

कृषिलाई समेत प्राथमिकतामा राखेको नीति तथा कार्यक्रमले दिवंगत नेता भण्डारीकै नाममा विज्ञान तथा प्रविधि अध्ययन प्रतिष्ठानसमेत स्थापना गर्ने उल्लेख गरेको छ। तर, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद् र त्रिभुवन विश्वविद्यालयमा समेत प्रविधि केन्द्र सञ्चालनमा रहेकाले थप नयाँ निकाय स्थापनाले सरकार कति मितव्ययी छ भन्ने देखाएको छ।

घोषणापत्रले पाँच वर्षमा सामाजिक सुरक्षा भत्ता पाँच हजार रुपियाँ पुर्‍याउने वाचा गरे पनि नीति तथा कार्यक्रममा यसको उच्चारणसमेत भएन। अर्थमन्त्री खतिवडाले लिँदै आएको नीतिले यसलाई पन्छ्याएको कतिपयको अनुमान छ। विशेषतः सामाजिक सुरक्षा भत्तामा जाने रकम एकीकृत गर्ने र औपचारिक/अनौपचारिक क्षेत्रमा काम गर्ने सबैले पाउने व्यवस्थामा सरकारी जोड छ।

सकारात्मक भए पनि यसको सुधारमा क्रमिक रूपमा मात्रै लाग्न सकिने भएकाले भत्ता वृद्धि हुने सम्भावना छ। अर्थ मन्त्रालयका एक उच्च अधिकारीका अनुसार सामाजिक सुरक्षा भत्ता एकीकृत गर्ने भनिए पनि केही बढ्न सक्छ भने क्रमिक रूपमा दोहोरो परेका यस्ता भत्तालाई हटाउने गरी सरकारले काम गर्ने सम्भावना छ। हाल सरकारले वार्षिक २५ अर्ब रुपियाँका दरमा सामाजिक सुरक्षा भत्तामा खर्च गर्दै आएको छ।

'ठोस' रूपमा प्रस्तुत गर्नेभन्दा बढी लोकप्रिय बनाउने सरकारी जमर्कोकै परिणाम नीति तथा कार्यक्रममा नाराको संख्या बढी देखिन्छ। सरकारले 'समृद्ध नेपाल सुखी नेपाली'को मूल नारासँगै आफ्नो उद्देश्य स्पष्ट पार्नमै आधा दर्जनभन्दा बढी नारा प्रयोग गरेको छ।

एउटै चुनावी घोषणापत्र, एउटै उद्देश्य, एउटै नीतिदेखि सन्तुलित र सुदृढ अर्थतन्त्रजस्ता नाराको अधिकतम प्रयोगले सस्तो लोकप्रियता नै खोजेको विपक्षीको आरोपलाई मलजल गरेको छ। त्यस्तै, उच्च नैतिक चरित्र निर्माण पाठ्यक्रमको विकासजस्ता हल्काफुल्का योजनाका कारण नीति तथा कार्यक्रमले स्थिर सरकारपछिको आमअपेक्षालाई सम्बोधन गर्न सकेको छैन।

यसअघि नौ महिना सरकार चलाउँदा आएका कतिपय योजनाले पनि नीति तथा कार्यक्रममा स्थान पाएका छन्। भू-उपयोग नीति र कानुन, कृषिमा आधुनिकीकरणजस्ता विषय उठान भएको वर्षौं बितिसकेकाले यसमा सरकारले 'हर्कुलिज इफर्ट' नै लगाउनुपर्नेछ। समृद्धिको इतिहास रच्ने आधार-वर्षको संज्ञा दिएर ल्याइएको नीति तथा कार्यक्रमले एमाले घोषणापत्रमा उल्लेख भएका पुराना कार्यक्रमलाई समेत अंगीकार गरेर जाने सोच बनाएको छ।

सरकारले १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादनको योजनालाई नीति तथा कार्यक्रममा मात्र होइन, बजेटमा समेत प्राथमिकतामा राख्ने भएको छ। लोडसेडिङ अन्त्यले आशावादी भएका धेरै नेपाली सरकारको यो लक्ष्यप्रति सकारात्मक छन्। यद्यपि, लगानी स्रोत, जलविद्युत् आयोजना र वन मन्त्रालयबीच समय-समयमा हुने रस्साकस्सी, जग्गा अधिग्रहणमा देखिने समस्याले यो लक्ष्य महत्त्वाकांक्षी भएको अर्थविद् आचार्यको टिप्पणी छ।

सरकारले चुलिँदो व्यापार घाटा कम गर्न बनाएको रणनीति निकै कमजोर रहेको तर्क छ, अर्थविद् वाग्लेको। "सरकारले अहिले पनि जुट, गलैंचा, तयारी पोसाक, धागो, हस्तकला निर्यात बढाएर मात्र व्यापार घाटा कम गर्ने सोच राखेको देखिन्छ," वाग्ले भन्छन्, "तर, एक रुपियाँको सामान पैठारी गरेर १३ रुपियाँ बराबरको सामान भित्र्याइरहेको नेपालले एक कदम अगाडि बढेर सोच्नुपर्छ।"

सरकारले अनावश्यक उपभोगलाई बढावा दिने र घरेलु अर्थतन्त्रलाई नोक्सान पुर्‍याउने वस्तु तथा सेवाको आयात नगर्ने नीति अवलम्बन गर्ने कार्यक्रममा उल्लेख छ। तर, अहिले पनि भारततर्फ अदुवा, अलैंचीजस्ता उत्पादन निर्यातमा नेपाली किसानले समस्या भोगिरहेका छन्। केही महिनाअघि मात्रै भारत सरकारले जुत्ता, पस्मिना, जुसको भन्सार बढाउँदा नेपालबाट निर्यात भइरहेको १० अर्ब बराबरका यी सामानमा प्रभाव पर्ने देखिएको थियो।

नेपालबाट भारतमा ४१ अर्ब रुपियाँको सामान गइरहेको छ भने त्यहाँबाट ६ खर्ब ३३ अर्ब रुपियाँको सामान आइरहेको छ। त्यसैले पनि कूटनीतिक तहमा सरकार कत्तिको बलियो हुन सक्छ भन्नेमै यसको समाधान छ। उच्च मूल्यका वस्तु निर्यातका कारण सिद्धान्ततः नेपालको आयात मूल्यभन्दा निर्यात मूल्य (टर्म्स अफ ट्रेड्स) उच्च देखिँदै आएको छ। तर, यसको लाभ हालसम्म नेपालले लिन सकेको छैन।

विद्युत् उत्पादन र आर्थिक वृद्धि सन्दर्भमा उच्च महत्त्वाकांक्षा देखाएको सरकारले ल्याएका अन्य कतिपय योजना पनि कार्यान्वयन तहमा जटिल नै छन्। पाँच वर्षभित्र रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता अन्त्य गर्ने, प्रदेश तहमा औद्योगिक क्षेत्र, स्थानीय तहमा उद्योगग्राम स्थापनाजस्ता सरकारका योजना कार्यक्रममा समेटिएका छन्।

अर्थतन्त्रको संरचना नै परिवर्तन गर्ने संकल्प लिएको सरकारसँग यसलाई पूरा गर्ने वस्तुपरक योजना नहुँदासम्म पूर्ण कार्यान्वयनमा जान अप्ठेरो पर्छ। "हामीले यसअघि पनि पटक- पटक युवालाई देशभित्रै रोजगारीका अवसर दिएर रोक्नुपर्छ भन्दै आएका हौं," पूर्वअर्थसचिव शान्तराज सुवेदी भन्छन्, "अहिले नेपालमै कृषि, निर्माणजस्ता श्रम बजारमै कतार, मलेसियाभन्दा राम्रो कमाइ हुने अवस्था छ। तर, पनि युवालाई देशमै बस्न उत्प्रेरित गर्न सकिएको छैन।"

सरकारले विभिन्न स्थानमा विशेष आर्थिक क्षेत्र (सेज) सञ्चालनमा ल्याउने तयारी गरेको पनि वर्षौं भइसकेको छ। तर, अहिले सरकारले परिकल्पना गरेको उद्योगग्रामले थप क्षेत्रफल मात्र ओगट्ने निश्चित छ।

सन् २०१३ को एक अध्ययनमा व्यापार



१६ खर्बको बजेट

केन्द्र सरकारले ल्याउने बजेट पूर्ण संघीयता कार्यान्वयनको वर्ष भएकाले मूलभूत रूपमा संघीय स्वरूपको हुनेछ। गत वर्ष वित्तीय समानीकरण र विशेष अनुदानका रूपमा स्थानीय र प्रदेश तहमा २ खर्ब २५ अर्ब र ७ खर्ब २ अर्ब दिएको केन्द्र सरकारले यसपटक समपूरक र ससर्त अनुदानसमेत दिने तयारी थालेको छ।

यसपटक सरकारले राष्ट्रिय योजना आयोगबाट १२ खर्ब ४ अर्ब रुपियाँको बजेट सिलिङ पाएको छ। प्रदेश तह र स्थानीय तहसहित थप तीन खर्ब रुपियाँको बजेट हुने भएकाले कुल बजेटको आकार १५ खर्ब हुनुपर्छ। यद्यपि, सरकारले ५ देखि १० प्रतिशतसम्म सिलिङभन्दा बढी पुऱ्याउन सक्छ। त्यसो भए सरकारलाई करिब १६ खर्बको कुल बजेट ल्याउन बाधा पर्दैन।

"सरकारले सिलिङभन्दा एक/दुई अर्ब रुपैयाँ तलमाथि हुने गरेर बजेट ल्याउनु ठूलो कुरा होइन," आयोगका सदस्य शरदचन्द्र पौडेल भन्छन्, "सरकारसँग पर्याप्त स्रोत नभएकाले बजेट रकम सिलिङभन्दा धेरै उतारचढाव नहुने गरी आउँछ।'

सरकारलाई बजेट स्रोतका रूपमा आगामी आवका लागि तीन खर्ब रुपियाँको वैदेशिक ऋण तथा अनुदानको प्रतिबद्धता प्राप्त भएको छ। सरकारले विगतजस्तै राजस्वको औसत २० प्रतिशत वार्षिक वृद्धिदर सहितको लक्ष्य लिने हो भने यसबाट ८ खर्ब ७६ अर्ब स्रोत देखाउन सकिन्छ।

त्यस्तै, जीडीपीको ५ प्रतिशत बराबर आन्तरिक ऋण लिन सक्ने सिद्धान्त अनुसरण गर्ने हो भने करिब १ खर्ब ५० अर्ब रुपियाँ आन्तरिक ऋण सरकारले लिन सक्छ। नीति तथा कार्यक्रममा पनि आन्तरिक ऋणमा जोड दिइने उल्लेख छ। चालू आवमा न्यून बचतको सम्भावना देखिएकाले सरकारलाई चाहेर पनि आयोगले तोकेभन्दा ठूलो आकारमा बजेट ल्याउन समस्या हुनेछ।

बजेटको मुख्य स्रोत राजस्व उठाउन समेत सरकारलाई कठिन छ। चालू आवमा ७ खर्ब ३० अर्ब रुपियाँ राजस्व उठाउने लक्ष्य लिएको सरकारले असार मसान्तसम्म थप एक खर्बभन्दा बढी उठाउनुपर्नेछ। अघिल्लो सरकारले करिब चार खर्ब रुपियाँ दायित्व सिर्जना गरेकाले पनि सरकारलाई कुल १६/१७ खर्ब बीचमा रहेर बजेट ल्याउनुपर्ने बाध्यता रहेको स्रोत बताउँछ। सरकारलाई बजेटमा ठूलो दबाब नरहेको आयोग सदस्य पौडेल बताउँछन्। "चार/पाँच सयको संख्याका सानातिना कार्यक्रम तल्लो तहमा गएका छन्, त्यसैले धेरै ठूलो दबाब छैन," पौडेल भन्छन्, "सरकारले खुद्रे कार्यक्रम ल्याउँदैन।" नीति तथा कार्यक्रममा समयावधि नै किटान गरेर ल्याइएका ठूला आयोजना बजेटमा पर्नेछन्।

गर्नेले २० प्रतिशत लगानी गरेर ८० प्रतिशत प्रतिफल लिन सकेको देखिएको थियो। तर, उद्योग र होटल गर्नेले ७०/८० लगानी गरेर २० देखि ३० प्रतिशत मात्र प्रतिफल लिने अवस्था देखिएकाले पनि संरचना परिवर्तन सहज छैन।

भरोसा निजी क्षेत्र

वाम गठबन्धनको सरकार बनेसँगै निजी क्षेत्रप्रति अनुदार हुने विपक्षीलगायतको प्रचारलाई चिर्ने प्रयासमा सरकार लाग्ने छनक नीति तथा कार्यक्रमले देखाएको छ। निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अंगका रूपमा सामेल र प्रोत्साहन गरिने उद्घोष गरेको सरकारी नीतिले अनुकूल श्रम सम्बन्ध र मुनाफा प्रत्याभूतिको प्रतिबद्धता दिएको छ।

हाल मुलुकको स्थिर पुँजी निर्माणमा राज्यको भन्दा बढी योगदान गर्ने निजी क्षेत्रलाई सरकारले बेवास्ता गर्न सक्ने अवस्था छैन। हाल यसमा सरकारको लगानी कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ५.९ प्रतिशत रहँदा निजी क्षेत्रको लगानी १९.१ प्रतिशत छ। सरकारले सोचेजस्तो सामाजिक क्षेत्रमा निजी क्षेत्रको साझेदारी बढाउनु पनि उत्तिकै चुनौतीपूर्ण छ।

निजी क्षेत्रसँग विकासमा साझेदारी लगायतका योजना बनाएको सरकारले निजीभन्दा सहकारीलाई बढी प्राथमिकता दिने सम्भावनासमेत छ। सहकारीलाई अर्थतन्त्रको महत्त्वपूर्ण हिस्साका रूपमा विकास गर्ने सरकारी लक्ष्यले बजारमा समानान्तर प्रतिस्पर्धा गर्ने यी दुई क्षेत्रबीचको सन्तुलनमा थप गृहकार्य आवश्यक पर्ने अर्थविद्को भनाइ छ। "बल्ल संक्रमणकाल सकिएको छ," नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष कमलेशकुमार अग्रवाल भन्छन्, "स्थिर सरकार बनेकाले हामी सकारात्मक छौं।" ♦

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाहींबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म

For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

‘प्राथमिकता राष्ट्रिय

इन्डियन प्रिमियर लिग (आईपीएल) को पछिल्ला तीन खेलको प्रदर्शनले सुपरस्टार बनाइदियो **सन्दीप लामिछाने**, १७, लाई । विश्व क्रिकेटको सबैभन्दा महँगो र ग्लामरस लिग आईपीएल खेल्ने पहिलो नेपाली यी खेलाडीलाई अहिले 'इन्डोर्समेन्ट' का लागि भ्याई-नभ्याई छ । १७ जेठमा आईसीसी विश्व ११ बाट लन्डनको लर्ड्स मैदानमा वेस्ट इन्डिजविरूद्ध खेल्न लागेका उनै सन्दीपसँग **विनोद पाण्डे** र **गोकर्ण गौतम**को कुराकानी :

अघिल्ला वर्षमा आईपीएल टिभीमा हेर्नुहुन्थ्यो । यसपटक दिल्ली डेयरडेभिल्समा छानिए पनि सुरुका ११ म्याच खेल्न पाउनुभएन । कस्तो लागेको थियो ?

अवसर कुर्नुभन्दा छिटो उत्साही हुने समस्या छ हामीमा । ११ म्याच पनि मेरा लागि सिकाइ प्रक्रिया नै थियो । टिममा दुई जना लेग स्पिनर थिए, त्यसमाथि म विदेशी खेलाडी परेँ । त्यसैले छिटो खेल्न पाइन्छ भन्ने आशा गर्न सकिन्नथ्यो । मैले मौका पाउन टिमले कि जितेको हुनुपर्थ्यो कि हारेकै हुनुपर्थ्यो । दुखद कुरा, हामीले हार्‍यौँ । तैपनि, मैले अवसर पाएँ । टिभीमा हेरिरहेको प्रतियोगिता खेल्न पाउनु आफैँमा ठूलो उपलब्धि हो ।

स्टेडियम र टिभीमा हेर्दा के अन्तर हुँदोरहेछ ?

टिभीमा दस सेकेन्ड ढिला हुन्छ (हाँस्दै) । अरू त उस्तै हो । हरेक खेलाडीको त्यहाँ खेल्ने चाह हुन्छ । सिनियर नेपाली खेलाडीले पनि खेल्न पाएको भए मजति खुसी सायदै अरू कोही हुन्थ्यो ।

२-३ वटा म्याचमा त ‘डगआउट’भन्दा बाहिरै हुनुहुन्थ्यो, होइन ?

घरेलु मैदानमा हुँदा २५ जनालाई लैजान पाउँछ टिमले । ‘अवे’ म्याचमा स्टेडियममा १६ खेलाडी मात्र जान पाउँछन् । सोही कारण त्यस्तो बेलामा टिमसँगै गए पनि कहिले होटलमा बसेर टिभीमा हेरिन्थ्यो, कहिले स्टेडियमभित्रै टिमसँग ।

पहिलो पटक खेल्ने निधो भएपछि तपाईंमा ‘नभर्सनेस’ ज्यादा थियो कि, ‘एक्साइटमेन्ट’ ?

इमानदारी साथ भन्छु, दुवै थिएन । किनभने, मैले नेपालका लागि क्रिकेट खेलिसकेको थिएँ । देशका लागि खेल्दाको दबाब वा गर्व जे भन्नुस्, त्यो अरू कुनै खालको खेल खेल्दा हुँदैन । पहिलो खेलका लागि मैदानमा छिर्दा सकारात्मक ऊर्जा र सोच आइरहेको थियो । ढिला भए पनि मौका मिल्यो । अति आत्मविश्वास पनि थिएन । रन कम दिने कि विकेट लिने, त्यो सोचमा गएको थिएँ । टिमको योजना अनुसार बलिङ गरेँ । सबैको समीकरण मिलेकाले मलाई सहज भयो ।

पहिलो खेलमा प्रशिक्षक र कप्तानले तपाईंका लागि कस्तो योजना बनाएका थिए ?

हाम्रो टिम एक दिनअगाडि नै तय भइसकेको हुन्छ । तर, आईसीसीको आचारसंहिता अनुसार कसैले पनि सार्वजनिक गर्न मिल्दैन । परिवारलाई समेत भोलिको म्याचमा परेको भन्न पाइन्न । एक दिनअगाडि नै मलाई नयाँ बल लिएर फाल्न भनिएको थियो । त्यसअगाडि कहिल्यै पावरप्लेमा बलिङ गरेको थिइनँ । पहिलो ओभर गरेँ, राम्रो भयो । आत्मविश्वास बढ्यो । पावरप्लेमा रन रोक्यो भने अन्तिममा विकेट आउँछ, सुरुमा विकेट आयो भने अन्तिममा रन रोकिन्छ । दुवैमा एउटै हुन्छ । तर, मैले पहिलो ओभरमा राम्रो गरेपछि अर्को ओभरमा विकेट लिनू भनिएको थियो । आयो पनि । सबै हिसाबले सन्तुष्टि मिल्यो ।

> यसपटक तीन वटा खेल खेल्न पाएँ, राम्रो गरेँ । यसले हौसला दिएको छ । अर्को वर्ष अरू नेपाली खेलाडीले पनि आईपीएल खेल्नेछन् ।

पहिले खेल्न पाउनुभएन । खेलेपछि उत्कृष्ट प्रदर्शन गर्नुभयो । त्यसपछि टिमभित्र व्यवहारमा परिवर्तन हुने रहेछ ?

त्यस्तो महसुस भएन । टिमभित्र जुन खेलाडी जस्तो छ, त्यस्तै भइराखोस् भन्ने चाहना हुँदो रहेछ । सबैले मेरो प्रशंसा गरे । किनभने, मैले राम्रो गरेको थिएँ । व्यवहारमा खासै फरक आएन ।

प्रशिक्षक र कप्तानको प्रतिक्रियाचाहिँ कस्तो पाउनुभयो ?

पहिलो खेलमै मबाट त्यो तहको प्रदर्शन हुन्छ भन्ने आश गर्नुभएको थिएन होला । त्यसैले खुसी हुनुहुन्थ्यो ।

नेपाली क्रिकेटप्रतिको अन्तर्राष्ट्रिय खेलाडीको बुझाइ कस्तो पाउनुभयो ?

इमानदारी साथ भन्दा, रसिद खान आउनुभन्दा पहिले कसैले पनि अनुमान गरेको थिएन, अफगानिस्तानमा पनि त्यस्तो होला भनेर । मुजीब रहमान, मोहम्मद नाबीजस्ता खेलाडी आएपछि धेरैले अफगानिस्तानको क्रिकेटबारे बुझे । तर, रहमान घाइते भएर पूरै खेल्न पाएनन् । देशका बारे खेलाडीकै माध्यमबाट थाहा हुने हो । नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएको सबैलाई थाहै छ । उनीहरूले मलाई भेट्नासाथ बधाइ दिएका थिए । अबचाहिँ हामीले कस्तो खेलिरहेका छौँ भन्ने बाहिरी देशका खेलाडीले नियालिरहेका हुन्छन् ।

आईपीएल यात्राबाट तपाईंले खास के सिक्नुभयो ?

नेपाली टिमबाट म कहिल्यै बाहिर भएको थिइनँ, त्यसैले नौलो ठाउँमा आफूलाई सम्हालेँ । त्यहाँबाट जुन नयाँ कुरा सिक्न पाइन्छ, त्यसलाई आफूभित्र राखेको छु । मैदानमा देखाउँदै जान्छु । मुख्य कुरा, परिपक्व हुन सिकियो ।

कतिपय सामान्य व्यक्तिले क्षमता भएर पनि अवसर पाउँदैनन् । तपाईंसँग क्षमता थियो, छोटै समयमा महत्वपूर्ण अवसर पनि पाउनुभयो । यसको ‘रिदम’ कसरी मिल्यो भन्ने लाग्छ ?

मलाई लाग्छ, तपाई जति ठूलो लिग खेल्नुस्, देशभन्दा ठूलो त्यो हुन्न । तर, देशका लागि खेलिसकेको खेलाडी कोही पनि सामान्य होइन । नेपालका लागि दुई वर्ष खेल्दा राम्रो गरेकाले नै मलाई आईपीएलमा पुर्‍याएको हो । अरूले त्यहाँ गएर सिक्न पाइन्छ भन्ने सोच्छन् । तर, म केही सिकेरै मात्र त्यहाँ पुगेको हो । त्यत्तिकै होइन ।

यसको मतलब सबैभन्दा गाह्रोचाहिँ राष्ट्रिय टिममा पर्नु हो ?

नेपालको राष्ट्रिय टिमभन्दा पनि नेपाललाई प्रतिनिधित्व गरेर त्यो दबाब नियन्त्रण गर्न मुस्किल हुन्छ । जित्ने, हार्ने भन्दा गर्वको कुरा हो । आईपीएलमा खेल्दा पनि मलाई सधैँ नेपालको प्रतिनिधित्व गरिरहेको महसुस हुन्थ्यो ।

टोली’

तपाईंको आईपीएल प्रवेशले नेपाली क्रिकेटलाई के फाइदा पुग्यो ?

म फर्किंदा एयरपोर्टमा थुप्रै शुभेच्छुकलाई देखें। अपार माया पाएँ। एउटा मान्छेका लागि यति सब हुन सक्छ भने टिमले कति गर्न सक्ला ? अरूले पनि खेल्न पाए भने हाम्रो क्रिकेट बोर्डका पदाधिकारीलाई दबाब जान्छ, खेल र खेलाडीका लागि केही गर्न। क्रिकेटलाई खेलमा मात्र सीमित नराखी करिअर नै बनाउनुपर्छ। घरेलु क्रिकेटलाई अझ ‘भाइब्रेन्ट’ बनाउनुपर्छ। यसपटक तीन वटा खेल खेल्न पाएँ, राम्रो गरेँ, यसले हौसला दिएको छ। अर्को वर्ष अरू नेपाली खेलाडीले पनि आईपीएल खेल्नेछन्।

एयरपोर्टमा तपाईंको जुन स्तरको स्वागत भयो, त्यो अपेक्षा थियो ?

राम्रै होला भन्ने आशा थियो। तर, त्यति भव्य होला भन्ने सोचेको थिइनँ। त्यस्तो माया मैले मात्र होइन, अरू क्रिकेटर पनि पाउनुपर्छ।

नेपाली क्रिकेटले कसरी गति लिन्छ ?

चार-पाँच वर्षदेखि क्रिकेटको राष्ट्रिय प्रतियोगिता भएको छैन। म आफैंले राष्ट्रिय प्रतियोगिता खेल्न पाएको छैन। पहिले क्षेत्रीय खेल हुन्थ्यो, अहिले त्यो पनि छैन। खेलाडीलाई घर जाने भन्दा क्रिकेटमै व्यस्त राखेर पोख्त बनाउने बन्दोबस्त गर्नुपर्छ। अर्कोतिर, हामीले ट्वान्टी-२० अन्तर्राष्ट्रिय मान्यता पनि पायौं। अगाडि बढ्न एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताको ट्यागलाई उपयोग गर्न सोच्नुपर्छ। ट्वान्टी-२० मात्र खेल्न थाल्यौं भने खेल कहिल्यै सुध्रिन्न। एकदिवसीयमा धैर्य नहुने हुँदा घरेलु खेल धेरै हुनुपर्छ।

सबैले तपाईंको प्रदर्शनलाई उत्कृष्ट भनिरहेका छन्। तर, तपाईं आफैं आफ्नो खेल कसरी मूल्यांकन गर्नुहुन्छ ?

पहिलो चरणमा त्यति गर्नु राम्रो नै हो। पावरप्लेमा मैले कहिल्यै बलिङ गरेको थिइनँ। त्यहाँ पावरप्लेमा गर्दा पनि राम्रो भयो। अरू पनि मिलिरह्यो। सबैको साथ र विश्वास पाएँ।

तपाईंको नजरमा असाधारण हो कि राम्रो मात्र ?

राम्रो मात्र। असाधारण हुन त हरेक खेलमा ४-५ विकेट लिनुपर्थ्यो (हाँस्दै)।

सुरुमै सन्दीपलाई खेलाएको भए दिल्लीले जित्न सक्थ्यो भन्ने प्रतिक्रिया सामाजिक सञ्जालमा आइरहेका छन् नि ?

त्यो प्रशंसकहरूको माया हो। तर, हामी सबै कुरा छिटो-छिटो पाउन खोज्छौं, धैर्य राख्दैनौं। सबै सोचेको कुरा पूरा हुँदैन।

आईपीएलका सदस्य र टिमका साथी, प्रशिक्षक र कप्तानले के भने ?

सबैले अझ राम्रो खेल्न हौसला दिए। नेपाली क्रिकेटलाई माथि लैजान प्रेरणा दिए। सबैलाई अर्को सिजनको प्रतीक्षा छ।

आईपीएल त खेल्नुभयो। अब तपाईंको सपना ‘बिग बास’ होइन ?

सबैतिर प्रयास हुन्छ, नेपाली क्रिकेटको तालिका हेरेर मात्र। यहाँ व्यस्त छु भने अन्त कतै समय दिन सक्दिनँ। सधैं राष्ट्रिय टोलीलाई पहिलो प्राथमिकतामा राख्छु। ◆

तस्बिर : भास्कर ओझा

विवादको घेरामा रुस

पश्चिमा राष्ट्रहरूको आलोचनाबीच विश्वकप सफल पार्ने चुनौती

पवन आचार्य

फुटबलको सर्वोच्च प्रशासनिक निकाय फिफाले ८ वर्षअघि रुसलाई सन् २०१८ को विश्वकपको आयोजक छान्दा विवाद भयो । त्यतिबेला विश्वकप आयोजनामा फुटबलको हस्ती राष्ट्र बेलायतले पनि चासो देखाएको थियो । त्यस्तै, पोर्चुगल, स्पेन, बेल्जियम र नेदरल्यान्ड्सले पनि विश्वकप आयोजनाका लागि निवेदन दिएका थिए । तर, ६५ लाख ९३ हजार ८ सय वर्गमाइलमा फैलिएको र ९ वटा टाइमजोन भएको विश्वकै सबैभन्दा ठूलो राष्ट्र रुसले आयोजकमा बाजी माऱ्यो ।

फिफाका तत्कालीन अध्यक्ष सेप ब्लाटरले विश्वकप आयोजकको नाम घोषणा गर्दै भनेका थिए, 'हामी यसपटक नयाँ भूमिमा जाँदैछौं । यसअघि रुस र पूर्वी युरोपमा कहिल्यै विश्वकप आयोजना भएका थिएनन् । ती क्षेत्रका बासिन्दाले लामो समयसम्म यसको प्रतीक्षा गरेका थिए । फुटबलको विकास र विस्तारका लागि यो कोशेढुंगा साबित हुनेछ ।'

रुसले पनि सोभियत संघको पतनपछि विश्व मानचित्रमा आफूलाई अझै शक्तिशाली भएको प्रमाणित गर्न विश्वकप आयोजना गर्ने मनसाय राखेको थियो । त्यसका लागि हुने पूर्वाधार निर्माणको लाभ रुस लिन चाहन्थ्यो । त्यसैले त्यतिबेला उसले १३ सहरका १६ वटा स्टेडियममा फुटबल आयोजना गर्ने महत्त्वाकांक्षी योजना राखेको थियो ।

राजनीतिक प्रभाव

रुसले विश्वकप आयोजना गर्न पाउने भएयता विभिन्न शक्ति-राष्ट्रहरूको कडा टिप्पणी आएको थियो । रुसमा आयोजना भएका खेलकुदका बृहत् प्रतियोगिता विवादमुक्त रहेनन् । त्यसको छाया यो विश्वकपमा पनि पर्ने आकलन धेरैले गरेका थिए । सन् १९७९ मा अफगानिस्तानमाथि आक्रमण गरेको विरोधमा अमेरिकासहित ६५ राष्ट्रले सन् १९८० मा मस्कोमा आयोजना भएको ग्रीष्मकालीन ओलम्पिक वहिष्कार गरेका थिए ।

इँटको जवाफ पत्थरले दिने मनसायले पूर्वी ब्लकका १४ राष्ट्र, तत्कालीन सोभियत संघ र पूर्वी जर्मनीले अमेरिकाको लस एन्जल्समा आयोजना भएको ओलम्पिक वहिष्कार गरेका थिए । सिरियामाथिको आक्रमणमा विभाजित दुई शक्तिशाली राष्ट्रबीचको शीतयुद्धले पनि यो संस्करणको विश्वकपलाई रोमाञ्चक तुल्याउने आकलन धेरैले गरेका छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले भनेका छन्, 'राष्ट्रपति पुटिनलाई फुटबल मन पर्दैन । उनले केही खेल हेर्ने समय निकाले मात्रै त्यो ठूलो हुनेछ ।' तर, फुटबलको शक्ति र त्यसबाट विश्वलाई प्रभावित पार्न सक्ने क्षमताबाट पुटिन बेखबर छैनन् ।

जर्मन नेता माइकल फुच्सले मलेसियन एयरलाइन्सको विमान १७ को दुर्घटनाको सजाय स्वरूप रुसलाई विश्वकप आयोजकबाटै च्यूत

मस्कोस्थित फुटबल स्टेडियम

गर्नुपर्नेसम्मको कडा चेतावनी दिए । तर, यति हुँदाहुँदै पनि फुटबलको महाकुम्भ यस्तो राष्ट्रमा आयोजना हुँदैछ, जो सधैँ विवादको घेराभित्र रहँदै आएको छ । परिवर्तित विश्व राजनीतिमा सदैव एउटा शक्तिको रूपमा उभिएको, शीतयुद्ध अन्त्यपछि आफूलाई शक्तिशाली देखाउन प्रयास गरिरहेको र विदेशी चुनावको नतिजालाई प्रभावित पारेको भन्दै आलोचना भइरहेको समय रुस विश्वकप आयोजक बनेको छ । तर, विश्वका अन्य मुलुकका लागि स्वागतको ढोका खोल्ने माध्यमका रूपमा रुस यो विश्वकपको प्रयोग गर्न चाहन्छ । सारा विश्वको ध्यान विश्वकप आयोजनामा हुने फाइदा रुसले अहिले लिइरहेको छ ।

विश्वकपको सफल आयोजना गरेर पुटिन आफ्ना आलोचकको मुख बन्द गरिदिन चाहन्छन् । पश्चिमा राष्ट्रहरूको आलोचनाबीच विश्वकपको सफल आयोजना गर्नु कत्तिको महत्त्वपूर्ण छ भन्ने पुटिनलाई राम्ररी थाहा छ । चार वर्षमा लगातार ओरालो लागेको कामदारको न्यूनतम ज्याला र घट्दो आर्थिक वृद्धिदरबाट जनताको ध्यान मोड्न विश्वकप जत्तिको महत्त्वपूर्ण र मेगा इभेन्ट अरू कुनै हुने छैन ।

तस्बिरहरू : एजेन्सी

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र फिफाका तत्कालीन अध्यक्ष सेप ब्लाटर



विवादका मुद्दा

सन् १९७८ मा अर्जेन्टिनाले आयोजना गरेको विश्वकप पनि विवादमुक्त थिएन । जुन्टा शासकको निर्मम र पाशविक यातनाका कारण ४० वर्षअघिको विश्वकपबारे अहिलेसम्म चर्चा हुने गरेको छ । रुस पनि आन्तरिक कलह र विवादमा फसिसकेको छ । रंगभेद, होमोफोबिया, मानव अधिकार र यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार, घट्दो आर्थिक वृद्धिदर र अन्तर्राष्ट्रिय स्तरमै आलोचित क्षेत्रीय राजनीति केही विवादित मुद्दा हुन् ।

सन् २०१० मै विश्वकप आयोजक चुनिएको कतारले सन् २०२२ को विश्वकप आयोजना गर्दैछ, जुन विवादमुक्त छैन । पश्चिमा राष्ट्रहरूले कतारमा विश्वकप आयोजना हुन नसक्ने दलील अझै पेस गर्न छाडेका छैनन् । तर, रुस यो मौका गुमाउन चाहँदैन । राजनीतिक प्रभावले सन् २०१८ र २०२२ को विश्वकप आयोजक चुनिएको भनेर आरोप लगाउनेहरू पनि कम छैनन् ।

रुसले फुटबल राजनीतिमार्फत विश्व राजनीतिमा आफूलाई हावी पार्न खोजेको परिघटनाले पनि यसको पुष्टि गर्छ । फुटबल र राजनीति पछिल्लो समय एकअर्कामा नराम्ररी घुलमिल भइसकेका छन् । त्यसलाई सम्भवतः अर्को उचाइमा रुसले पुर्‍याउन खोज्दैछ । किनभने, विश्वकपजस्तो फुटबलको महाकुम्भ अरू छैन । र, रुसका लागि विश्वकपजस्तो अरू कुनै हुने छैन ।

आयोजक रुस र विश्वकपको विवाद यत्तिमै अन्त्य हुँदैन । खेलकुदमा रुस र डोपिङ एकअर्काका पर्यायवाचीजस्तै छन् । डोपिङमा पोजेटिभ पाइएपछि रुसका खेलाडीका ५१ वटा पदक खोसिएका छन् । सन् २०११ देखि १५ सम्ममा रुसका १ हजारभन्दा बढी खेलाडीको डोपिङमा पोजेटिभ पाइएको थियो । तीमध्ये अधिकांशलाई प्रशिक्षक र खेल संघले औषधि सेवन गर्न लगाएको पुष्टि भइसकेको छ ।

रुसले विश्वकप आयोजनाअघि झन्डै २० लाख भुस्याहा कुकुर र बिराला मार्ने अभियान चलाएको थियो । विश्वकप आयोजना हुने ११ सहरमा रुसी सरकारले कुकुर र बिराला मार्ने सम्झौता गरेको थियो । यसका लागि १९ लाख २० हजार अमेरिकी डलर खर्च भइसकेको छ । कुकर, बिरालो र चराचुरुंगीसमेत निर्मम तरिकाले मारिएको र जिउँदै जलाउने काम भएको भन्दै पशु अधिकारवादी संघ-संस्थाले आलोचना गर्दै आएका छन् ।

पूर्वी युक्रेनमा रुसी सेनाको तैनाथी पनि विवादित अर्को मुद्दा बनेको छ । क्राइमियामा भएको रुसी हस्तक्षेपलाई पनि पश्चिमा राष्ट्रले रुसविरुद्ध आक्रमण गर्ने वहाना बनाएका छन् । तर, यीमध्ये सबैभन्दा संगीन आरोपचाहिँ विदेशी खेलाडीप्रति रुसी समर्थकको रंगभेदी व्यवहार हो ।

सन् २०१३ मा रुसी क्लब सीएसकेए मस्कोका समर्थकले आइभरीकोस्टका खेलाडी याया टुरेविरुद्ध स्टेडियममै लगाएको रंगभेदी नारा सबैभन्दा आलोचित बनेको थियो । त्यस घटनापछि दुःख व्यक्त गर्दै टुरेले रुसलाई विश्वकप आयोजकबाट बर्खास्त गर्न मागसमेत गरेका थिए । जुलाई १३ सन् २०१४ मा ब्राजिलबाट विश्वकप आयोजक रुसलाई हस्तान्तरण गर्दा राष्ट्रपति पुटिनले भनेका थिए, 'फिफा अध्यक्ष ब्लाटरले सामाजिक मुद्दामा सुधार गर्न बारम्बार सुझाव दिएका छन् । हामी आशा गर्छौं, विश्वकप आयोजना गर्ने समयसम्म हामी लागूऔषधको जालो तोड्नेछौं, रंगभेदी व्यवहारमा परिवर्तन ल्याउनेछौं र अहिले देखिएका अनेकन समस्या हल गर्नेछौं ।'

त्यसो त, विश्वकप आयोजकका रूपमा बितेका चार वर्षमा रुसले ती सबै क्षेत्रमा उल्लेख्य सुधार गर्न सकेको छैन । दुई महिनाअघिसम्म विश्वकप आयोजना हुने केही स्टेडियम तयार भइनसकेको भन्दै फिफाले चिन्ता जनाएबाट रुस आयोजकका रूपमा असफल हुने त होइन भन्ने संशय प्रकट भएको थियो । जेहोस्, रुस विश्वकप २०१८ विविध हिसाबले अविस्मरणीय हुने पक्का छ । रुसले सफल वा असफल आयोजकको बिल्ला कुनचाहिँ भिर्ने हो, त्यो हेर्न केही साता कुर्नैपर्नेछ । ♦

भ्रष्टाचारको ब्रह्माण्ड



दि आइडिया अफ इन्टेग्रिटी एन्ड दि युनिभर्स अफ करप्सन एन्ड एन्टिकरप्सन

लेखक	: देवेन्द्रराज पाण्डे
प्रकाशक	: रेड इन्क बुक्स, काठमाडौँ
पृष्ठ	: ५२४
मूल्य	: १२९० रुपियाँ

भीम भुर्तेल

देवेन्द्रराज पाण्डेले *दि आइडिया अफ इन्टेग्रिटी एन्ड दि युनिभर्स अफ करप्सन एन्ड एन्टिकरप्सन*मार्फत भ्रष्टाचार, यसको प्रतिरोधी अभियान, यसबारे प्राज्ञिक कसरतबारे गम्भीर विमर्श भित्र्याएका छन्। पाण्डे दरबार निकट परिवारमा जन्मे-हुर्के। किशोरावस्था नलाग्दै देशको पहिलो प्रजातान्त्रिक आन्दोलन देखे। सार्वजनिक सेवा प्रवेशको सुरुआतमै देश बन्द-समाज र राजनीतितर्फ फर्केको अनुभव गरे। 'सिभिल राइट मुभमेन्ट'को राप-तापको समयमा अमेरिकामा 'पब्लिक एन्ड इन्टरनेसनल अफेयर्स'मा स्नातकोत्तर गरे। भियतनाम युद्ध उत्कर्षको समयमा पीएचडी गरेका पाण्डेले आफ्नो व्यावसायिक जीवनमा उच्च सरकारी अधिकारी, अर्थमन्त्री, विकासविज्ञ, नेता, भ्रष्टाचारप्रतिरोधी अभियानकर्ता र प्राज्ञका रूपमा स्वदेश र विदेशमा करिब ६० वर्ष अध्ययन, अभ्यास, अनुभव, अवलोकन र आत्मपरावर्तन गरे। त्यसैको उत्पादन हो- *दि आइडिया अफ इन्टेग्रिटी इन दि युनिभर्स अफ करप्सन एन्ड एन्टिकरप्सन*। त्यसैले पाण्डे यो पुस्तक अभिव्यक्तिको शैली आफैँले भोगेको कथामार्फत व्यक्त गर्ने 'एनेक्डट'मा आधारित मान्छन्।

पाण्डेले यो पुस्तकको लेखन प्रगतिशील सान्दर्भीकरण (प्रोग्रेसिभ कन्टेक्स्चुअलाइजेसन आउटवार्ड इन स्पेस ब्याकवार्ड इन टाइम) अध्ययन विधिलाई आधार बनाएर भ्रष्टाचारबारे अनुप्रस्थ खण्डीय (क्रस-सेक्सनल) र अनुदैर्ध्य (लङ्गिच्युडनल) अध्ययनमा बहुविधागत उपागम प्रयोग गरेका छन्। यो कृतिले भ्रष्टाचारबारे राजनीतिशास्त्र, समाजशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र, सार्वजनिक नीतिशास्त्रलगायतका समाज-विज्ञान मात्र होइन, अलौकिकतासम्मलाई उपयोग गरेको छ। 'नेपाल्स फेल्ड डिभलपमेन्ट'ले विकास प्रक्रिया, मिसन र अधमता सम्बन्धमा गरेको सैद्धान्तीकरणजस्तै यसले भ्रष्टाचारको सैद्धान्तीकरण गर्छ।

अहिले संसारभर भ्रष्टाचार भन्नाले सार्वजनिक सम्पत्तिलाई निजी बनाउने सीमित अर्थमा मात्र बुझ्ने गरिन्छ। भ्रष्टाचार भन्नाले घुस खाने, कमिसन खाने, नजराना उठाउने, बिनालगानी कमाउने (रेन्ट सिकिङ), हाम्रो देशमा झैँ पैसा खाएर सार्वजनिक नियुक्ति गर्ने (किकब्याक्स), सार्वजनिक सम्पत्ति पचाउने, राज्य कब्जा गर्नेजस्ता क्रियालाई मानिन्छ। भ्रष्टाचारविरोधी गतिविधि भनेको यस्ता गतिविधिको रोकथाममा सीमित गरेर बुझिन्छ। जस्तै, नेपालमा भ्रष्टाचारप्रतिरोधी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, सार्वजनिक लेखा समिति, महालेखा परीक्षकको विभाग, न्यायपालिकामा न्याय परिषद्जस्ता संस्था राज्यको स्तरमा छन्। र, संविधान, अख्तियार ऐन र भ्रष्टाचार निवारण ऐन, सार्वजनिक खरिद ऐन, न्याय परिषद् ऐनजस्ता कानुनले भ्रष्टाचार भनेको घुस खाने र पदको दुरुपयोग गरेर कमाउने हो भन्नेमा सीमित गरेको छ। अमेरिका, जापान, बेलायतजस्ता विकसित र भारत, चीन, कोरियाजस्ता विकासशील देशको पनि अवस्था यस्तै हो।

भ्रष्टाचारविरोधी संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई)को अन्तर्राष्ट्रिय बर्लिन बोर्डमा दुईपटक सदस्य निर्वाचित पाण्डे पछिल्लो केही एक दशक राज्यको तहबाट निर्मित संस्था, कानुनी व्यवस्था, नागरिक अभियान र टीआईको आफ्नै भ्रष्टाचारबारेको संज्ञान(कग्निसन), भ्रष्टाचारविरुद्धको अभियान, सो अभियानको रणनीतिक ज्ञान र संकथन उत्पादनप्रति नै असहमत छन्। पाण्डेको विचारमा भ्रष्टाचार भनेको पदको दुरुपयोग र आर्थिक अपचलनसँग मात्र जोडिएको छैन। सानो संख्यामा रहेको शक्ति, सत्ता र सम्पत्तिमाथि पकड राख्ने वर्गको निर्मम स्वार्थपूर्तिको मूल्य गरिब, लाचार, शक्तिहीन र बेसहारा ठूलो जनसंख्याले चुकाउनुपर्ने अवस्था भ्रष्टाचारको विद्यमान कानुनी र प्राविधिक विषय मात्र मान्न सकिन्न। यो संसारभर समाजका लागि ठूलै नैतिक चुनौती हो भन्ने पाण्डेको ठम्याइ छ। पुस्तकले यस्तै अवस्थालाई व्यक्ति र संस्था दुवैको स्तरमा इमानको अभाव अर्थात् '*इन्टेग्रिटी डेफिसिट*'का रूपमा परिभाषित गरेको छ। यसलाई कानुन, प्रहरी, अदालत, जेलजस्ता सीमित चस्माले हेरियो भने भ्रष्टाचारको प्रतिरोधी अभियानले कतै पुर्‍याउँदैन भन्ने पाण्डेको निष्कर्ष छ। यो त हरेकको व्यक्तिगत र संस्थागत इमान जमान, सराफत, निष्ठा, भरोसा, न्यायिकता, सुष्ठता (फेयरनेस)सँग जोडिएको विषय हो। अन्ततः यो सवाल मानवतासँगै जोडिन गएको छ।

विधायिकामा संख्यात्मक अंकगणितले विधि र सरकार निर्माण गर्न सकिन्छ। तर, त्यो आफैँमा पर्याप्त हुँदैन। विगतमा सांसद खरिद-बिक्रीजस्तै भारतको कर्नाटक विधानसभा निर्वाचनपछि सरकार निर्माणका क्रममा जे देखियो, त्यसले राजनीतिमा व्यक्ति र संस्था दुवैको 'इन्टेग्रिटी' क्षयीकरण मात्र गर्छ। नेपालको अदालत र अख्तियारका विगत गतिविधिले भ्रष्टाचारविरोधी संस्था घुसको अन्तिम अखडा बनेको अवस्था छ। यस्ता घटनाले जर्मन समाजशास्त्री जर्जेन ह्याबरमासले इंगित गरेजस्तो राज्य, सरकार र लोकतन्त्रको वैधतामाथि नै प्रश्न खडा गरिदिन्छ।

त्यस्तै, अमेरिकामा हरेक वर्ष करिब ३५ हजार व्यक्तिको मृत्यु बन्दुके हिंसामा हुन्छ। यो सडक दुर्घटनामा मर्नेको कुल संख्याको दोब्बरभन्दा पनि धेरै हो। सवारी चालकको अनुमतिका लागि चालकले 'ट्रायल पास' गर्न अनिवार्य छ। तर, बन्दुक राख्न कुनै पनि व्यक्तिको पृष्ठभूमिको परीक्षण हुँदैन। त्यसैकारण विद्यालय, कलेज र रात्रिक्लबमा अबोध र निर्दोष मान्छे मर्छन्। त्यसैकारण नेसनल राइफल्स एसोसिएसन (एनआरए)का अर्बपतिहरूले राष्ट्रपति

र कांग्रेसको निर्वाचन नै खरिद गर्छन् । एनआरएले समर्थन नगरे राष्ट्रपति पद जित्न कठिन हुन्छ । अमेरिकी सार्वजनिक नीति निर्माणमा 'इन्टेग्रिटी'को स्खलनले यो सबै भइरहेको छ । छिमेकी देश भारतमा एक/डेढ लाखको कर्जा तिर्न नसक्दा बर्सेनि लाखौँ किसानले आत्महत्या गर्छन् । तर, निरव मोदी र विजय माल्याजस्ता व्यापारी २५ हजार करोडभन्दा बढीको घोटाला गरेर भाग्न सफल हुन्छन् । नेपालमै ३२ सय साना-ठूला व्यापारीले अर्बौं भ्याट ठगेका काण्ड छन् । राजनीतिज्ञ करोडौँसम्म सरकारी खर्चमा विदेशमा उपचार गर्छन् । गाउँका निमुखा जीवनजलको अभावमा सामान्य झाडापखालाले मर्छन् ।

पुस्तक पढ्दै जाँदा मानव नृवंशशास्त्रमा मानिसको नामकरण (नोमकेन्क्लेचर)होमो स्यापिन्स गलत हो भन्ने लाग्छ । भ्रष्टाचार एक सर्वत्र (ओविक्युटस) र यो प्राचीनतम एन्टिक्युटी) प्रघटनाको भएकाले मान्छेको 'नोमकेन्क्लेचर' *होमो स्यापिन्स नभई 'होमो करप्टस'* हुनुपर्ने तर्कना हुन्छ । पुस्तकको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो, नवशास्त्रीय अर्थशास्त्रले मानिस एक विवेकशील जनावर हो भन्ने मान्यताको आलोचना गर्नु । भ्रष्टाचारको विरोध गर्नुभन्दा नगर्दा उपयोगिता वा मूल्य अधिकीकरण गर्न सक्छ भने त्यस अवस्थामा भ्रष्टाचारको विपक्षमा कोही उभिँदैन भन्ने तर्क रहेको पाइन्छ । डा गोविन्द केसीलाई अदालतको मानहानि गरेको भनी थुन्ने कार्य यही उपयोगिता अधिकीकरणमा बाधा पैदा गरेकाले हो ।

पाण्डेले अहिले संसारमा भएको आर्थिक असमानतालाई '*इन्टेग्रिटी डेफिसिट*'को उत्पादन मानेका छन् । उनले निइम मोइसेसलाई उद्धृत गर्दै थोमस पिकेटीको *क्यापिटल इन ट्वेन्टी फर्स्ट सेन्चुरी*को कमजोरी उल्लेख गरेका छन् । पिकेटीले *आर>जी* अर्थात् पुँजीको उत्पादकत्व दर आर्थिक वृद्धिदरभन्दा धेरै भयो भने आर्थिक असमानता पैदा हुन्छ भन्ने तर्कमा कमजोरी रहेको पाण्डेको तर्क छ । आर्थिक असमानताका लागि *आर>जी*का कारण नभई *सि>एच*को अवस्थाले गर्दा हो । अर्थात्, जबसम्म समाजमा 'क्रोनी क्यापिटालिस्ट'सँगको सम्बन्धबाट सार्वजनिक मूल्यमा निजी आर्जन गर्नेको भ्रष्ट राजनीतिकर्मी र नोकरशाहको संख्या इमानदार राजनीतिज्ञ र प्रशासकभन्दा धेरै हुन्छ, तबसम्म भ्रष्टाचारकै कारण आर्थिक असमानता बढ्दै जान्छ ।

पाण्डेको पुस्तकसँगै हावर्ड विश्वविद्यालयका मनोवैज्ञानिक स्टिभिन पिंकरको *इनलाइटनमेन्ट नाउ : दि केस फर रिजन, साइन्स, ह्युमानिज्म, एन्ड प्रोग्रेस* नामक पुस्तक बजारमा आएको छ । पाण्डेको पुस्तकसगै पिंकरको पुस्तक पनि पढिरहँदा उनले धेरै स्थानमा पिंकरको 'थेसिस'प्रति असहमति राखेको पाइन्छ । पिंकरले अहिले समाजमा आर्थिक असमानता बढे पनि ज्ञान, विज्ञान, विवेक र मानव उन्नतिमा बढोत्तरी भइरहेको तर्क दिएका छन् । तर, अहिले समाजमा व्यक्ति र संस्था दुवैको 'इन्टेग्रिटी'को स्तरमा ठूलै स्खलन आउनुको कारण विवेक, ज्ञान, विज्ञान र तर्कको दुरुपयोग हो भन्ने पाण्डेको तर्क छ ।

अहिले 'इन्टेग्रिटी डेफिसिट'पछाडिको खास कारण समाज विज्ञानको स्वरूप र उद्देश्यमा नै समस्या भएर हो भन्ने पुस्तकको एक प्रमुख 'थेसिस' हो । विश्वविद्यालयले समाज विज्ञान अध्यापन गराउँदादेखि नै समस्या छ । समाजविज्ञान, अर्थशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, विकास अध्ययन, सार्वजनिक नीति अध्ययन आदिका संस्थापक पूर्वजले यी विषयलाई आवश्यकताको विज्ञान अर्थात् 'निड्स साइन्स'का रूपमा गरेका थिए । तर, अहिले यी

> पुस्तकले व्यक्ति र संस्था दुवैको स्तरमा इमानको अभाव छ भनी परिभाषित गरेको छ ।

सबै लालसा अर्थात् 'ग्रिड'को साइन्समा परिणत भएको छ । विश्वविद्यालयले नै स्नातक र स्नातकोत्तरलाई 'ग्रिडी' बनाइरहेका छन् । पूर्वीय होस् वा पश्चिमा, समाजमा 'ग्रिड इज गुड' भन्ने धारणालाई मान्यता दिलाउन समाजविज्ञानको धेरै ठूलो भूमिका छ, भ्रष्टाचार मौलाउन शिक्षित व्यक्ति नै संलग्न हुनुले यस तर्कमा दम छ । साथै, यसमा नवउदारवाद र 'नियोकोन' विचारधारा जिम्मेवार छ भन्ने तर्क छ । अहिले विज्ञान, विवेक र तर्कको विकास भएको दाबी गरिए पनि चाहे विकसित वा विकासशील देशमा नवसामन्तवाद र नववंशवादतर्फ संसार फर्किरहेको छ । यस्तो अवस्थामा कसरी समाजको प्रगति भइरहेको मान्ने भनेर पिंकरलाई प्रश्न गरेजस्तो लाग्छ ।

लुइस केस्लो र मोर्टिमर एडलरहरूले 'क्याप्टालिस्ट मेनिफेस्टो' लेखेपछि जसरी पनि धन कमाउनुपर्छ भन्ने मान्यता स्थापित भयो, पश्चिमा विश्वमा । जसरी भए पनि धन कमाऊ ठूलो मान्छे बन भन्ने मान्यता स्थापित भयो । अमेरिकी राष्ट्रपति ट्रम्पले *हाउ टु गेट रिच* पुस्तकमा कर छल्नुलाई 'स्मार्टनेस' भनी परिभाषा गरेका छन् ।

बुद्ध, चाणक्य, कन्फ्युसियस, आडम स्मिथ, रिकार्डो, मार्क्सदेखि गान्धीसम्मको चिन्तन समाजको आवश्यकता व्यवस्थापन गर्दै उपयोगिता अधिकीकरणमा केन्द्रित थियो । अहिलेको समाजविज्ञान 'ग्रिड' अधिकीकरण गर्न सिकाउँछ । पाण्डेको निष्कर्षमा यसैकारण सामाजिकीकरणको एक प्रमुख एजेन्सी ज्ञान उत्पादन गर्ने संस्थाकै 'इन्टेग्रिटी'को अभाव बढ्दै छ । पुस्तक पढिसकेपछि एउटै कुरो खड्किन्छ । पुस्तकमा भ्रष्टाचारबारे समाजको संज्ञानात्मक (कग्निटिभ), व्यवहारजन्य (विहेविहरल) र विश्वदृष्टिकोण (वेल्टनसउङ) समेतमा 'इन्टेग्रिटी डेफिसिट' भएको निष्कर्ष छ । भ्रष्टाचारलाई हेर्ने, बुझ्नेमै समस्या छ । भ्रष्टाचारबारे स्नातक र स्नातकोत्तरले नै गलत बुझ्ने अवस्था सिर्जना भएपछि गलत व्यवहार र अभ्यास सिक्नु स्वाभाविक हुने नै भयो । त्यस्तै सामाजिकीकरणको अर्को एजेन्सी कार्यस्थलका समकक्षी पनि 'इन्टेग्रिटी डेफिसिट'ले ग्रस्त छ । यस्तो अवस्थामा पाण्डेले परिकल्पना गरेको इन्टेग्रिटी निर्माण गर्ने एजेन्सी के-के हुन् र तिनको संरचना कस्तो हुन्छ ? कस्ता-कस्ता सामाजिक, आर्थिक र राजनीतिक संस्था एजेन्टका रूपमा काम गर्छन् भन्ने विषयबारे भने पुस्तक मौन छ ।

यो पुस्तकको सकारात्मक पक्ष र जोड आशावादितामा छ । पाण्डेकै शब्दमा, बाइबल, त्रिपिटक, कुरान र पुराण नैतिकता अनुशरण गराउन असफल भएका छन् । चर्च क्रिस्चियन मूल्य-मान्यता पालना गराउन नसकेको मात्र होइन, बाल यौनदुराचारीले भरिएका छन् । मस्जिद कट्टरताले मानवीय चरित्र र अनुहार गुमाएको छ । बौद्ध गुम्बा र 'मोनास्ट्री'ले गुरुत्व गुमाउँदै लगेको अवस्था छ । सेन्सेक्समा आउने गिरावटले धेरै हिन्दु धर्मगुरुलाई हृदयाघात हुने मात्र होइन, रामरहिम र आशारामजस्ता बलात्कारी बाबाले हिन्दु मठ र आश्रम दुर्गन्धित भएको अवस्था छ । विश्वविद्यालय र समाजविज्ञान 'ग्रिड' सिकाउने माध्यम भएका छन् । कार्यस्थलमा 'प्रोफेसनल पियर' भ्रष्टाचारको स्रोत भएको अवस्थामा पनि पाण्डे समाजमा 'इन्टेग्रिटी' स्थापित र नैतिक अनुशरण हुन्छ भन्नेमा आशावादी छन् । भ्रष्टाचारका अध्येता, अभियानकर्ता, प्राज्ञिक वर्ग मात्र होइन, सामान्य जिज्ञासुले समेत स्थानीय, राष्ट्रिय, क्षेत्रीयदेखि वैश्विक प्रशासन र दाताको सहायतासँगै आएको भ्रष्टाचार, भ्रष्टाचारीविरोधी अभियान र त्यसको प्रतिरोध गर्ने रणनीतिक ज्ञानको उत्पादन र विकासबारे दृष्टिकोण निर्माण गर्न पुस्तकले ठूलो सहयोग गर्छ । ◆

तस्विरहरू : महेश प्रधान

बाहिरी ब्यानरमा कहिले ?

श्वेता खड्का अभिनीत *कोहिनुर* सुपर हिट भयो । तर, धेरैले यसलाई दिवंगत अभिनेता श्रीकृष्ण श्रेष्ठप्रतिको प्रेम र समवेदना भन्ठाने । श्वेता चुप रहिन् । झन्डै तीन वर्ष फिल्मी दुनियाँबाट टाढा रहिन् । अनि, बल्ल बनाइन्, *कान्छी* । यो फिल्म उनका लागि चुनौतीपूर्ण थियो, कारण *कोहिनुर* हिट हुँदा सुनिएको गाइँगुइँ चिर्नु जो थियो । त्यसैले प्रमोसनमा दिलो ज्यानले लागिन् । नभन्दै मिश्रित प्रतिक्रिया पाए पनि, फिल्मले लोभलाग्दो व्यापार गर्‍यो । सिंगल थिएटर मात्र होइन, मल्टिप्लेक्समा पनि फिल्मले दर्शकको साथ पायो । फिल्म हिट हुनासाथ हिरोइनको व्यस्तता बढ्छ । तर, श्वेताको हकमा त्यस्तो देखिएको छैन । त्यसैले सवाल उठ्न थालेको छ, श्वेताले फिल्म नपाएको कि नखेलेको ? खासगरी बाहिरी ब्यानरका फिल्ममा उनको चासो कम देखिन्छ । कारणचाहिँ श्वेतालाई नै थाहा होला । ♦

निशा उता, फिल्म यता

केही महिनायता हिरोइन निशा अधिकारी अमेरिकामा थिइन् । त्यहीं उनलाई पुत्रलाभ भयो, ४ जेठमा । त्यसको दुई दिनपछि उनी अभिनीत फिल्म *कुम्भकरण*को ट्रेलर रिलिज भयो । र, प्रदर्शन मिति तोकियो, २२ असार । फिल्मकी एक्ली हिरोइन हुन् निशा । उनकै अनुपस्थितिले प्रदर्शनमा प्रत्यक्ष प्रभाव परिहाल्छ । कतिसम्म भने, डबिङ नगरिएकाले ट्रेलरमा निशाको संवाद राखिएन । यस बीचमा नेपाल आएर डबिङ गर्ने सम्भावना पनि रहेन । फिल्मको सुटिङ सकिएको वर्ष दिन बितिसक्यो । तर, डबिङ भएन । गल्ती कसको ? निशा वा फिल्म युनिट ? उनीहरू नै जानून् । तर, नोक्सान दुवैलाई पर्ने देखिन्छ । त्यसो त *कुम्भकरण* मात्र होइन, निशा अभिनीत *पोखराकी काली* पनि प्रदर्शन हुन बाँकी छ । ♦



नाच्न नमान्ने हिरो

अभिनेता आर्यन सिग्देललाई फिल्मको खडेरी छ, यतिबेला । *रूद्रप्रियाले* निराश पारेपछि त किनारामै परे । आफैं फिल्म निर्माण गरेर खेल्नुको विकल्प रहेन । *कायरा* नामक फिल्म बनाएका छन् । तर, प्रदर्शनको टुंगो छैन । यस्तो फुर्सदका बेला उनलाई *नाई नभन्नु ल ५* मा एउटा अफर आएको थियो, गीतमा नाच्न । हिरोइन प्रियंका कार्की उनको साथमा हुने थिइन् । *नाई नभन्नु ल ३* मा अभिनय गरेकाले आर्यनले 'एस' भन्नेमा निश्चिन्त थियो, निर्माण पक्ष । तर, जवाफ आयो, 'नो' । कारण देखाए, अस्ट्रेलिया भ्रमण । तर, गुदी कुरा अर्कै रहेछ। उसै त क्रेज ओरालो लागेको छ, त्यसमाथि गीतमा सीमित हुन थाल्यो भने साख अझ घट्ला भन्ने भय । क्या फसाद छ, यी चकलेटी हिरोलाई । ♦

सम्झना

'मैले उत्कृष्ट पुस्तक लेखिसकेको छु'

'म बूढो मात्र होइन, निकै बूढो हुँदैछु । सम्भवतः मृत्युको नजिक पुग्नेछु । अहिले पनि हरेक दिन आफूलाई जिउँदै पाउँदा आश्चर्य लाग्छ ।'

लेखक फिलिप रोथले *न्युयोर्क टाइम्सलाई* यसो भनेको चार महिना मात्र बित्यो । नभन्दै अंग्रेजी साहित्यका यी महान् हस्तीले देहत्याग गरे, ८ जेठमा । मृत्युको कस्तो पूर्वाभास !

गृहनगर न्युयोर्कको म्यानहटनमा जीवनको ८५ वर्ष बिताए उनले । सन् १९५९ मा दुई नोभेला प्रकाशित भए, *गुडबाई र कोलम्बस* । यी पुस्तकले उनलाई फिक्सनका लागि नेसनल अवार्ड दिइयो । त्यसपछि उनले नेसनल बुक क्रिटिक्स सर्कल अवार्ड पाए । सन् १९९७ मा उपन्यास अमेरिकी प्यासट्रोलबाट प्रतिष्ठित पुलित्जर प्राइज नै जिते । उनी सर्वाधिक अवार्ड/पुरस्कार पाउने अमेरिकी लेखकमध्ये अग्रपंक्तिमा आउँछन् । तर, धेरै पटक चर्चा भए पनि उनले नोबेल पुरस्कार भने पाएनन् । उनी अमेरिकी कला एकाडेमीको साहित्य विभागमा लामो समय काम गर्ने अन्तिम जीवित सदस्य पनि थिए ।

रोथले यहुदी र अमेरिकी पहिचानबारे खुलेर लेखे । यौन मनोविज्ञानको क्षेत्रमा पनि सशक्त कलम चलाए । खासगरी पुरुष यौनेच्छा प्रकट हुन्थ्यो । उनी फिक्सन लेख्थे । तर, व्यक्तिगत जीवन र भोगाइको समिपमा हुन्थे, ती लेखनी । कतिपय त अटोबायोग्राफीजस्तै । उनले लेख्ने पात्र कतै न कतै उनीसँग जोडिएका जस्ता लाग्थे ।

सन् २०१० सम्म अर्थात् लगातार ५० वर्ष उनी लेखन कर्ममा साधना गरिरहे । करिब ३० कृति प्रकाशनपछि भने अवकाश लिए । त्यतिबेला उनले भनेका थिए, 'मैले उत्कृष्ट पुस्तक लेखिसकेको छु । अब लेखें भने कमजोर हुनेछ । हरेक प्रतिभाको आफ्नै सीमितता, क्षेत्र, शक्ति, प्रकृति र जीवन हुन्छ । कोही पनि सधैं फलदायी हुन सक्दैन ।' पछिल्लो समय उनी अध्ययनमा एकाग्र थिए ।

रोथको लेखन व्यवहार पनि गज्जबको थियो । उनी लेख्नुअगाडि सोच्थे र यताउता हिँडडुल गरेर सोच्थे । उनले लेखन र निजी जीवनलाई पृथक राखे । आफू बसेको घरमा लेख्दैनथे, लेख्नकै लागि घरभन्दा टाढा स्टुडियो बनाएका थिए । ताकि लेख्दा ध्यान भंग नहोस् । सायद यही कारण हुनुपर्छ, उनका पुस्तकमा अजीवको दूरदर्शिता पाइन्छ । उनको मृत्युपश्चात् *बीबीसीले* लेखेको छ, 'युद्धपछिको हाम्रो संसारको महान् उपन्यासकार ।' ♦



तस्बिर : न्युयोर्क टाइम्स

हँसाउने हरर

गोकर्ण गौतम

आधा शताब्दीयता दर्शकले फरक-फरक विधाका घरेलु फिल्मको स्वाद चाख्न पाएका छैनन् । कहिलेकाहीँ नवीन शैलीका फिल्म बनाउने प्रयास नहुने होइनन् । तर, ती पनि फिक्का प्रायः भइदिन्छन् । ढाकछोप गर्नु अलग कुरा, तीतो-सत्य यही हो ।

हामीकहाँ एकै ढाँचाका फिल्म बन्छन्- गीत, फाइट, रोमान्स र रोनाधोना मिसिएको । अर्पण थापा र ऋचा शर्माको *सुनकेशरी*ले यो नियतिलाई 'ब्रेक' लगाउने अपेक्षा थियो । कारण, हरर फिल्म नेपालमा बिरलै बनेका छन् । तर, जनरामा मात्र 'रिस्क' लिएर के गर्नु ? आधारभूत मान्यता नै आत्मसात् नगरेपछि ।

हरर फिल्मको मुख्य धर्म दर्शकमा डर पैदा गरिराख्नु हो । तर, *सुनकेशरी*को मुख्य समस्या नै पात्र र कथामार्फत डरलाई जीवित राख्न नसक्नु हो । लेखक/निर्देशक अर्पणले हररसँगै कमेडीलाई प्राथमिकता दिएका छन् । दुई डुंगामा खुट्टा राख्दा के हुन्छ ? जगजाहेर छँदैछ ।

प्रेम वियोगमा तड्पिरहेकी सुनकेशरी (ऋचा) लाई 'रिफ्रेस' का लागि साथीले घरबाट टाढा पठाइदिन्छिन् । जहाँ उनी निर्माणाधीन होटलको पहिलो ग्राहक हुन्छिन् । तनावबाट पर भाग्न खोज्छिन्, त्यही बेला उनलाई भूतले तर्साउन थाल्छ । यस्तै पीडा पर्छ, सोही होटलका कर्मचारी यादव (रवीन्द्र झा)लाई पनि । केही दिनपछि त्यो होटलमा एक जोडी हनिमुन मनाउन आइपुग्छन् । ती को हुन् ? उनीहरूसँग सुनकेशरीको सम्बन्ध कस्तो हुन्छ ? साँच्चै त्यो घरमा भूत नै छ ? यस्तै सवालवरपर छ, फिल्म ।

अर्पणले निर्देशन गरेको तेस्रो फिल्म हो, *सुनकेशरी* । अघिल्ला दुई फिल्म *मुखौटा* र *आधा लभ*मा आफैं खेलेका थिए । तीनै फिल्ममा फरक विषयवस्तु र शैलीलाई अवलम्बन गरिएको छ । यो आफैंमा सराहनीय पक्ष हो । तर, यसपटक निर्देशकीय र लेखन पाटोमा निखार देखिन्न । पात्रलाई स्थापित नगरी घटनामा पस्न हतारो गरिएको छ । यो भनेको जग बलियो नभई घर बनाउने हतारिनुजस्तो हो । पात्रप्रति प्रेम पैदा नभई उसको हाँसो र दुःखमा दर्शक कसरी समाहित हुने ? खड्कने पक्ष हो यो ।

> हरर फिल्मको मुख्य धर्म दर्शकमा डर पैदा गरिराख्नु हो । तर, *सुनकेशरी*ले पात्र र कथामार्फत डरलाई जीवित राख्न सक्दैन ।

जस्तो : अनुहार र व्यवहार हेर्दा ऋचा असाध्यै दुःखी लाग्छिन् । तर, त्यसको कारण प्रस्ट्याउन एक दृश्य खर्चिएको छैन । मात्र संवादबाट जानकारी गराइन्छ, विछोड भएको । त्यति निराश पात्र सुनसान होटलमा पीडा भुल्न र एक जोडी हनिमुन मनाउन आइपुग्नु पनि पत्यार लाग्दैन । कि त खास कुनै कारण हुनुपर्‍यो । कामदार यादवको चुल्बुले स्वभावले न उसलाई म्यानेजरले दुःख दिँदा संवेदना पैदा हुन्छ, न त भूतले तर्साएजस्तो गर्दा । कथा अगाडि बढाउनकै लागि होटलमा पात्रहरूको भेला गराइएको भान हुन्छ ।

त्यसो त, केन्द्रीय कथामा दर्शकलाई तर्साउँदै पर्दामा बाँधिराख्ने ल्याकत नभएको होइन । पहिलो दृश्य दमदार छ, खिचाइ, प्रकाश संयोजन, पृष्ठभूमि संगीत, पात्रको भावभंगिमा अनि दर्शकमा रहस्य पैदा हुन्छ । खत्रै केही त हुँदैछ जस्तो लाग्छ । तर, जब 'रियल टाइम स्टोरी'सुरु हुन्छ, तब ल्याङल्याङ-ल्याङल्याङ । कथा मरिगए अगाडि बढ्दैन । त्यही बेला रोमान्टिक गीत आउँछ । उफ ! हरर फिल्म हेरिरहेको भन्ने नै भुलिन्छ ।

मध्यान्तरपछि चाहिँ तर्साउला भन्ठायो । तर तात्विक भिन्नता आउँदैन । हरर भनेको झ्याल-ढोका ड्याम्म लाग्नु, सामान यताउता सर्नु/झर्नु, चर्को कर्कश आवाज आउनु मात्र त पक्कै होइन । यति हुँदाहुँदै पनि पहिलो र अन्तिम दृश्यको सामञ्जस्य मिलाउने प्रयास प्रशंसनीय छ । क्लाइमेक्सअघिको दृश्यले चाहिँ साँच्चै डर पैदा गर्छ । यसलाई मिहिनेतपूर्वक खिचिएको छ ।

करिब एउटा घर र त्यसवरपर सकिएको छ, फिल्म । कथा अनुसार अन्य लोकेसन आवश्यक छैन पनि । पृष्ठभूमि संगीतलाई उम्दा भने पनि हुन्छ । बच्चाले गाउने 'सुनकेशरी रानी...' कथाको भाव अनुरूप छ । कुनै-कुनै दृश्य पर्दामा रिमरिम देखिन्छ । बाँकी छायाङ्कन र लाइटिङलाई धाप मार्न सकिन्छ ।

फिल्मको प्राविधिक टोलीमा प्रायः विदेशी छन् । चरित्र बलियो नभए पनि ऋचाको अभिनय-स्तर खस्किएको छैन । विधागत रूपमा हेर्दा रवीन्द्र झाको चरित्र फिल्मलाई कमजोर बनाउने अहम् तत्त्व हो । उनी र म्यानेजरमार्फत जबर्जस्त हँसाउने नियत राखिएको छ । तर, अभिनयमा रवीन्द्रले चित्त दुखाउने ठाउँ छाडेका छैनन् । उनलाई फगत हँसाउनकै लागि राखिएको हो भनेचाहिँ निर्देशक सफल भएको मान्नुपर्छ । लौरेन लोफ्ब्रेग र दुई बाल-कलाकारले पनि तारिफयोग्य काम गरेका छन् । कलाकारमध्ये सन्नी ढकाल सबभन्दा कमजोर लाग्छन् । अस्वाभाविक अभिनयले बिझाउँछ ।

तीन वटा फिल्म हेरेपछि लाग्छ, अर्पण निर्देशनभन्दा अभिनयमै उत्तम छन् । उनी मूलधारका हलिउड फिल्मको धङधडीबाट माथि उठ्ने कहिले ? आफूलाई अरूभन्दा अलग र अग्लो बनाउने ऋचाको प्रयास यस्ता फिल्मले फिक्का र अपजसिलो बनाइदिन्छ । हरर बनाउने 'रिस्क' लिएकामा अर्पण-ऋचाप्रति लचिलो हुँदै *सुनकेशरी* हेरियो भने त निराश नभइएला । नत्र निराशाकै पल्ला भारी छ । कारण, न यसले यथेष्ट तर्साउँछ, न त मज्जाले हसाउँछ । ◆

अचानक

'सगरमाथा हाटबजार गएजस्तो'

हिमाल आरोहणमा कीर्तिमानी गाउँ सोलुखुम्बुको थामेमा जन्मिए/हुर्किए **कामीरिता शेर्पा**, ४८ । २ जेठ बिहान साढे ८ बजे २२औं पटक सगरमाथाको चुचुरोमा पुगेको कीर्तिमान् राख्न सफल भए, कामीरिता । एक वर्षअघिसम्म २१ पटक सगरमाथा पुग्ने कीर्तिमान् उनीसहित आप्पा शेर्पा र फुर्वा टासी शेर्पाका नाममा थियो । आप्पा र फुर्वाले आरोहणबाट सन्न्यास लिइसकेकाले उनको कीर्तिमान् लामै समय रहने अनुमान छ । कामीरितासँगको संवाद :

हिमाल आरोहण पेसामा लाग्छु भनेर कहिले सोच्नुभयो ?

गाउँका सबैजना ट्रेकिङतिर गएको बाल्यकालदेखि नै देखेको हुँ । पढ्न दुई घन्टा टाढाको खुम्जुङ जानुपर्थ्यो । घरको आर्थिक अवस्था त्यति बलियो थिएन । त्यसपछि मैले पढ्न छाडेर ट्रेकिङ गर्न थालें । सानातिना 'पिक' चढ्दै गएपछि यता लागियो ।

त्यसो भए तपाईंको हिमाल आरोहण रहर नभई बाध्यता हो ?

हो । पढाइ नभएपछि हिमाल चढ्नुबाहेक अरू के गर्नु र ?

अहिले तपाई संसारभर चर्चित हुनुभएको छ । यो आनन्दकै पेसा रहेछ नि, होइन ?

आनन्द त के हुनु ? पेसा नै यही भएपछि रमाइलो मान्नुपर्छ । सबैले चिन्दा खुसी लाग्छ ।

तपाई बाल्यकालमा त धर्मगुरु बन्न चाहनुहुँदो रहेछ । त्यो बाटो किन छाड्नुभयो ?

९/१० वर्षको हुँदा तिब्बती बौद्ध पाठपूजाविधि सिक्न गएको थिएँ, गाउँनजिकैको गुम्बामा । तीन वर्षजति सिकें । घरमा आर्थिक संकट बढ्दै गएपछि त्यसलाई निरन्तरता दिन सकिएन ।

हरेकचोटि चुचुरोमा पुग्दा फरक अनुभूति हुन्छ ?

मलाई केही फरक लाग्दैन । जतिचोटि हेरे पनि त्यही हिमाल हो । सगरमाथा चढ्नु हाटबजार गएजस्तै हो । बानी परिसकेपछि केही नयाँ लाग्दैन ।

हाम्रो कामै त्यही भएकाले व्यक्तिगत रूपमा खुसी/बेखुसी हुँदैनौं । बडो दुःखले पुगेका हुन्छौं । हिमाल चढ्न गएको टिम सफल भयो भने त्यतिबेलाचाहिँ हामी खुसी हुन्छौं, चढाउन सकियो भनेर । नाम कमाउन जानेहरूले मात्रै हो टुप्पोमा पुगेर खुसी मनाउने ।

तैपनि, केही न केही फरक त हुन्छ होला नि ?

प्राविधिक रूपमा फरक भएको छ । पहिला आरोहणमा जाँदा गर्‍हौं सामान बोक्नुपर्थ्यो । अहिले हलुका सामान आएका छन् । पहिले पर्वतारोहण सिक्न पाइँदैनथ्यो । अहिले थुप्रै सिकाउने ठाउँ छन् ।

पहिलोपटक चुचुरोमा पुग्दाको क्षण पनि सामान्य नै लागेको थियो ?

त्यतिबेला एकदमै थोरै मात्र शिखरमा पुग्न सफल हुन्थे । त्यसैले म पनि चढें भन्ने गर्वचाहिँ भयो ।

हिमाल आरोहणमा सिपालु भनेर संसारले चिन्दा खुसी लाग्दैन ?

खुसी लागिहाल्छ । तर, रेकर्ड राख्छु भन्ने मैले सोचेकै थिइनँ । फेरि मैले कोहीसँग प्रतिस्पर्धा गरेको पनि होइन । आफ्नो काम गर्दै जाँदा २२ पटक पुग्यो । विदेशी पाहुनालाई सफल आरोहण गराउनुपर्छ भन्ने मात्रै सोच्थें म ।

अब कतिचोटि सगरमाथा चढ्नुहुन्छ ?

अघि नै भनें- यतिपटक चढ्छु भन्ने योजनासाथ चढेको होइन । मेरो जीउले साथ दिएसम्म चढ्छु । रेकर्ड राख्नु मेरो लक्ष्य होइन ।

तर, सगरमाथा चढ्न कीर्तिमान्कै प्रतिस्पर्धा भएजस्तो लाग्दैन ?

हो । अहिले कसैको प्रायोजनमा चढ्ने र रेकर्ड राख्ने फेसन छ । भएभरको दुःख हामी शेर्पाले गर्ने अनि नामचाहिँ अर्केको चम्किने अवस्था आएको छ ।

भनेको आरोहणमा प्रतिस्पर्धाले विकृति ल्यायो ?

जम्मै काम हामी शेर्पाले गरिदिएका हुन्छौं । कतिले त आफ्नो अक्सिजनसमेत बोक्दैनन् । तानेर, धकेलेर टुप्पोमा पुर्‍याइदिने हो । बिनाशेर्पा चढेर कसैले कीर्तिमान् राखोस् त ! अनि हामी पत्याउँछौं । शेर्पाको बलमा चढ्ने । तर, हाम्रोचाहिँ भूमिकै नभएजस्तो भइरहेको छ । सरकारले पनि हामीलाई लामो समय आरोहण सहयोगीको मान्यता मात्रै दियो । आरोही मानेन । यसले हाम्रो चित्त दुखाएको छ ।

शेर्पालाई सरकारले कसरी सहयोग गर्न सक्छ ?

विदेशमा निश्चित भत्ताको व्यवस्था हुन्छ । भारतको दार्जिलिङमै आरोहीले भत्ता पाउँछन् । यस्तो सम्मान हामीकहाँ हुनुपर्छ । पैसा नपुगेर होइन, सम्मानका लागि । बरु थोरै देओस् न !

■ मनबहादुर बस्नेत



नोटबुक ॥ मनबहादुर बस्नेत

मेलम्चीको नाममा दोहन

रिपोर्टिङका क्रममा गत चैत पहिलो साता पुरानो बानेश्वरस्थित मेलम्ची खानेपानी विकास समितिको कार्यालय पुगियो । भेट्नुपर्ने व्यक्ति व्यस्त भएकाले म समितिकै पुस्तकालयमा गएँ, सन्दर्भ-सामग्री केही पाइएला कि भनेर । धूलोले छोपिएका अवस्थामा पुस्तिका भेटियो, *मेलम्ची खानेपानी आयोजना एक चिनारी* । पुस्तकालयमा तीन-चार जना मानिस गफिरहेका थिए, मानौँ- त्यो पुस्तकालय नभएर बैठकस्थल हो । पुस्तिका पल्टाउँदै थिएँ । त्यत्तिकैमा एक जनाले सोधे, "तपाई पत्रकार हो ?" मैले सही थाप्नैपर्‍यो ।

"तपाईले यहाँ (मेलम्ची खानेपानी आयोजना)बाट कति बुझ्नुहुन्छ ?"

अनायासै यस्तो प्रश्नले म झस्किएँ । "कुरो बुझिनँ नि सर," विनम्र बन्दै सोधेँ । "ल, यहाँ पनि कोही त्यत्तिकै आउँछ ? सबैभन्दा बढी लैजाने नै पत्रकार हुन्," अन्य तीन जनाले समेत होमा हो मिलाउँदै भने । त्यति मात्र होइन, उनले सिन्धुपाल्चोकको मेलम्चीमा पत्रकारले समाचार बजाएबापत पैसा लिने गरेको सुनाए । त्यसपछि मैले उनीहरूको परिचय मागेँ । मेलम्ची खानेपानी आयोजना पीडित समितिका मानिस रहेछन् । नामचाहिँ भनेनन् । पीडित समितिको सानो कार्यालयसमेत रहेछ, त्यहाँ ।

आफूलाई पैसा झार्न आएको आरोपका कारण नरमाइलो लागेपछि मैले उनीहरूबारे आयोजना प्रमुख रामचन्द्र देवकोटासँग बुझेँ । उनले छर्लंग पारे, आयोजना भन्नासाथै दोहन गर्नुपर्छ भन्ने सोच रहेछ । पीडितका नाममा समेत त्यस्तो सास्ती चर्के रहेछ । शुभलाभ प्राप्त नभई कामै ठप्प पारिदिने विभिन्न वहानामा । आयोजनामा पैसा, गाडी त माग्नेबित्तिकै पाइन्छ भन्ने सोच रहेछ, धेरैको । मेलम्चीका गाडी नचढेका नेता/प्रधानमन्त्री कमै रहेछन् । हाम्रो शासन पद्धति/प्रवृत्तिको चित्रण रहेछन्, आयोजनाहरू । देवकोटाको प्रस्टीकरण सुनेर निस्कँदै गर्दा अघि पैसा माग्न आएको आफूमाथिको आरोप फिक्का लाग्यो । किनभने, उनीहरू स्वयं त्यही प्रवृत्तिको एउटा तप्का रहेछन्- फूलको आँखामा फूलै संसार... ।

आईजीपीलाई कार्यकक्षमै सम्मान

प्रहरी मुख्यालयमा प्रेस पास र भेट्ने व्यक्ति बताएपछि छिर्न पाइन्थ्यो । तर, त्यस दिन अलि बेग्लै माहोल थियो । गेटमा गरिएको कडिकडाउले नै प्रहरी मुख्यालयमा नयाँ नेतृत्व भित्रिएको छनक पाइन्थ्यो । महानिरीक्षक बनेको झन्डै १५ दिन भइसकेकाले बधाई, शुभकामनाको चाप कम भन्ठानेर नै म र एक सहकर्मी त्यहाँ हानिएका थियौँ, समय लिएर ।

कार्यकक्षभित्र छिर्दा माहोल अर्कै देखियो । तर, हाम्रो अनुमानले हावा खायो । महानिरीक्षक कार्यकक्षमा छिर्नासाथै हूलका हूल मानिस ओइरिए । प्रायःको हातमा बुके र खादा थिए, जसलाई सामान्य र स्वाभाविक मान्न सकिएला । तर, त्यहाँ एकाएक एउटा अस्वाभाविक दृश्य पनि पटाक्षेप भयो । महानिरीक्षकलाई सम्मान गर्न एक हूल मानिस ठूलो फ्रेम बोकेर आए । आफूहरूले छोटो सम्मान कार्यक्रम राखेको बताउन थाले ।

भेटघाट तय गर्ने प्रहरी कर्मचारीलाई भने पर्नु सकस परिरहेको थियो, कार्यकक्षमा आईजीपी सापलाई सम्मान गर्न दिने कि नदिने ? सम्मानपत्र घोप्टाएर राखिएकाले कुन संस्था वा व्यक्तिले सम्मानित गर्न लागेको हो भेउ पाउन सकिएन । एकैछिनमा दहीको ठूलो कतारो बोकेर एक महिलासमेत त्यहाँ झुल्किइन् । शक्तिकेन्द्र रिझाउने यस्तो भीड बढिरहेकै थियो । तर, महानिरीक्षकलाई उनकै कार्यालयमा सम्मानपत्र अर्पण गर्ने कार्यक्रम सफल भयो कि भएन ? खुल्दुली भने अझै मनबाट निस्किएको छैन ।

ट्र्याकबाहिर फास्ट ट्र्याक

रक्षामन्त्री बन्नासाथ ईश्वर पोखरेलले काठमाडौं-निजगढ जोड्ने फास्ट ट्र्याकको अनुगमन संयन्त्र तयार गरिने सार्वजनिक गरे । हुन पनि दक्षिण एसियाली स्तरको सडक हुने भनिएको आयोजनाको गुणस्तर मापन गर्ने सरकारी संयन्त्र छैन । नेपाली सेनालाई निर्माण जिम्मा दिँदा स्थापना भएका अनुगमन समिति र निर्देशक समितिमध्ये अघिल्लो समिति देउवा सरकारले खारेज गर्‍यो भने पछिल्लोमा



रक्षा, अर्थ र भौतिक पूर्वाधार विकास समितिका प्रतिनिधि झिकियो । यसपछि आयोजना सेनाको एकलौटी रेखदेखमा छ । एकातिर सेनाले फास्ट ट्र्याक अरूलाई ठेक्कामा लगाउने हो भने अर्कोतिर उसले दिएको ठेक्काको काम निर्दिष्ट मापदण्ड अनुसार बन्छ कि बन्दैन भन्ने अनुगमनकारी स्वतन्त्र निकाय छैन ।

यसरी ट्र्याकबाहिर पुगेको फास्ट ट्र्याकको अनुगमन संयन्त्र बनाउने भनेर रक्षामन्त्रीले भनेको लामै समय घर्किसक्यो । तर, त्यसका लागि कार्यविधि संशोधन भएकै छैन । जंगी अड्डाको छायामा रक्षा मन्त्रालय फस्टाउन नसकेको इतिहास गणतन्त्रकालमा समेत छर्लंग छ । शक्तिशाली कम्युनिस्ट पार्टीका रक्षामन्त्री पनि कतै सेनाकै छाया त तापिरहेका छैनन् ? ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

BAJAJ MOTORCYCLES
बजाज
युगारम्भ
नयाँ नेपालको नयाँ शुभारम्भ
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
PRISMA - O©M/18
मनाउँदै खुसी नयाँ युगको नयाँ वर्ष २०७५ मा नयाँ
बजाजसँग पाउनुहोस् रू. ७,५००/- छुट साथै हरेक
दिन लक्की ड्र मार्फत १ जनालाई रू.७५,०००/-*
*शर्तहरु लागू हुनेछ।
DOMINAR 400 Rs. 4,69,900/-
pulsar 200NS Rs. 2,95,900/-
pulsar NS160 Rs. 2,63,900/-
pulsar 220F DTS-i Rs. 2,93,900/-
pulsar 180 DTS-i Rs. 2,54,900/-
pulsar 150 DTS-i Rs. 2,42,900/-
AVENGER CRUISE 220 Rs. 3,09,900/-
AVENGER STREET 220 Rs. 2,98,900/- 150 Rs. 2,60,900/-
V Rs. 2,15,900/-
Discover 150 Rs. 2,05,900/-
Discover 125 DISC Rs.1,90,900/- DRUM Rs. 1,81,900/-
PLATINA ES Rs. 1,56,900/-
SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np
www.facebook.com/hhbajaj
Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555
KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386
EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082
CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303
WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123
MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205
FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055